# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्वको मानचित्रमा एशिया माहादिपको मध्य भागमा अवस्थित नेपाल प्रकृतिको मनोरम दृश्यद्धारा सूसज्जित एक बहुभाषिक बहुजातीय गणतान्त्रिक अभिभाज्य सार्वभौमसत्ता सम्पन्न राज्य हो । आफ्नो गौरवमय ईतिहास बोकेको ओज्श्वी स्वाभिमानले अभिप्रेरित हाम्रो देश नोपालको उत्तरतर्फ बिशाल हिमश्रृंखलाहरू रहेका छन्। प्राकृतिक मनोरम र सुन्दरताले भरिपूर्ण भएपनि नेपालको अर्थतन्त्रको मूल मेरुदण्ड भनेको कृषि नै हो। यहाँका ६५ प्रतिशत मानिसहरू कृषि पेसामा आबद्ध छन्। यसले देशको कुल ग्राहस्थ उत्पादनको ३० प्रतिशत हिस्सा ओगटेको छ । कृषि पेसा नै अर्थतन्त्रको मूल मेरुदण्ड मानिएको भए पनि बिशिष्टिकृत एवं ब्यापारिक हिसावले कृषि कार्य भने नगन्य रूपले मात्र गरिएको छ (राष्ट्रिय योजना आयोग) ।

कपिलवस्तु जिल्लाको वाणगंगा नगरपालिका वडा नं. ५, ६ र ७ का जनताको मुख्य पेसा कृषि नै हो । समयको परिवर्तन सँगै मानिसले परम्परागत कृषि पेसालाई आधुनिक तरिकाले परिमार्जन गर्दै खेतिपाती, पशुपालन, माछापालन, कुखुरापालन, रेशम खेती गर्दै मौरीपालन तर्फ अग्रसरता देखाएको पाइन्छ । आफ्नो आर्थिक अवस्था वृद्धि गर्ने दृष्टिकोणले कपिलबस्तु जिल्लाका विभिन्न ठाउँहरूमा जस्तै भग्लापुर, मोतिपुर, जगदिशपुर, शिवपुर जस्ता ठाउँहरूमा मौरीपालन व्यवसाय गर्दै आएको पाइन्छ । विशेषत बाणगंगा न.पा. वडा नं ५, ६ र ७ को झण्डा, मटेरिया, सिमलखोर, कोपवा, भग्लापुर, मोतीपुर र जगदिशपुर गाउँहरूमा एकल रूपमा मौरीपालन व्यवसाय गर्दै आएको पाइन्छ ।

महाभारत पर्वत श्रेणिको काखमा रहेको समथर भूमि बाणगंगा न.पा का यी स्थानहरू आफैमा ओज पूर्ण रहेका छन्। यहाँको मधुरशितलता एवं जोडिएका पहाडी जिल्ला अर्घाखाँची, पाल्पा र गुल्मी बाट ब्राहमण, क्षेत्री र केही मात्रमा अन्य जात जातिहरू पनि बसाईसराई गरी यहाँ आई बसोबास गरेको पाइन्छ । यस क्षेत्रका मानिसहरूले कृषिलाई जीविकोपार्जनको मुख्य पेसाको रूपमा अपनाए पनि कृषिमा नयाँ क्रान्ति भने ल्याउन सकेका छैनन्। केही समय यता मानिसहरूले धान, गहु र मकैको अलावा मौरीपालन

व्यवसायलाई आफ्नो मुख्य पेसा बनाई आफ्नो जीविकोपार्जन गर्दै आएको पाइन्छ । मौरीपालनको ऐतिहासिक पृष्ठभूमिलाई नियाल्ने हो भने पृथ्वीमा मानिस भन्दा पहिले मौरीको उत्पत्ती भएको पाइन्छ । मौरीको महको बारेमा चर्चा गरेको र भगवानलाइ प्रसादको रूपमा चढाउने कुराप्राय सबै पौराणिक ग्रन्थहरूमा महको उल्लेख गरेको पाइन्छ ( अर्थवेद र ऋगवेद) ।

सृष्टिको परापूर्वकालदेखि यस पृथ्वीमा विभिन्न प्रजातिका प्राणिका साथै किटपतङ्गहरू रहेको पाइन्छ । किटपतङ्गहरू मध्ये पनि केही किटपतङ्गहरू मानवका निमित्त फाईदाजनक मानिन्छन्। जस मध्ये मौरी मित्र् किरा अन्तर्गत पर्दछ । बिश्वमा मौरीका २०,००० भन्दा बढी प्रजातिहरू रहेका छन यी मध्ये धेरै शान्त वा एक्लै बस्न मन पराउछन्। कोही मौरी जंगली हुन्छन् (जस्तै खाग) । मौरीपालन व्यवसाय गर्नु सामाजिक मौरीको प्रजातिलाई पाल्नु हो जसमा १,००,००० वटा मौरी हुन्छन्। यो पेसामा महका साथ मैन कुट जस्ता बस्तुहरू पनि उत्पादन गरिन्छ । मौरीलाई पनि ब्यापक दृष्टिकोण राखी २ समूहमा बाँडिएको छ । कुनै मौरी द्द एक्लै एक्लै फूलमा घुम्ने एक्लै बस्दछन् र एक्लै फूलको रस चुसी एक्लै महको संकलन गर्दछन्। मान्छेले आज भन्दा १५००० वर्ष अघिदेखि नै जंगली मौरीबाट मह संकलन गर्दै आएका थिए । तर आज भन्दा ४५०० वर्ष अघिदेखि यसलाई घरमा नै पाल्न सुरुवात गरेको पाइन्छ । साथै १८ औ शताब्दीमा युरोपमा भएको अनुसन्धानमा मौरीको बारेमा थप जानकारीहरू पत्ता लगाए जसमा रानी मौरीले अण्डा पार्ने र मह निकाल्दा रानी मौरीलाई असर नपुऱ्याउदा घार नष्ट नहुने कुरा हुवरले पत्ता लगाए । हुवरलाई फादर अफ मोदन बी साईन्स भनिन्छ (नेपाली वीकपिडिया, २०१९) ।

नेपालमा विशेषत मौरीपालनको ऐतिहासिक पृष्ठभूमिलाई हेर्ने हो भने काठमाण्डौको गोकर्णमा विशेष तरिका अपनाएर आधुनिक रूपमा बि.सं २०२५/२०२६ साल तिर व्यवसायको सुरुवात गरेको देखिन्छ । बि.सं २०३२/०३३ साल तिर ललितपुरको खुमलटारमा ब्यापारिक किट बिज्ञान शाखाको स्थापना भयो सोका साथसाथै मौरी सम्बन्धी प्रशिक्षण एवं विकासको थालनी भयो। जसबाट काभ्रेपलाञ्चोक, ललितपुर र नुवाकोट जिल्लाहरूमा २५० वटा आधुनिक घारहरू वितरण गरिएका थिए (ईसिमोड, २००४)।

छैठौ पञ्चबर्षिय योजना २०४२/०४६ मा तत्कालीन राजा स्व. बिरेन्द्र बिरबिक्रम शाहादेव बाट भएका निर्देशन बमोजिम ललितपुर जिल्लाको गोदावरीमा मौरीपालन व्यवसाय केन्द्रको छुट्टै स्थापना भयो। समयको परिवर्तन सँगै देशभर यो मौरीपालन व्यवसायको

बिस्तार भएको देखिन्छ। हाल सम्म नेपालका अधिकांश जिल्लाहरूमा व्यवसायिक रूपमा यो व्यवसायको विकास विभिन्न संघ सस्था जस्तो एक्याप, ईसिमोडबाट सञ्चालन गरिएको पाइन्छ । मौरीपालन व्यवसाय यस्तो कला वा शैली हो जसले खेतीवाली र वातावरण समेतको संरक्षण गरी व्यवस्थित तरिकाले मानवलाई आर्थिक लाभ लिन र दिन सिकाउछ ( इसिमोड, २००२) ।

पृथ्वीमा भएका जिबजन्तु र तिनीहरूको अनुपातमा किराहरूको संख्या ७५% छ । जस मध्ये कतिपय किराहरूले मानिस पशुपंक्षी एवं वाली नालीलाई समेत हानी नोक्शानी पुऱ्याउँछन् भने मौरी एक यस्तो किरा जसले मानिसलाई सामाजिक, चेतनशील, पारिश्रमिक, स्वावलम्बी एवं अनुशासित हुन सदा शिक्षा एवं प्रेरणा दिईरहन्छ। मौरीलाई जुनसुकै जात बर्ग पेसाका मानिसहरूले पनि सजिलै हेरबिचाार गरी पालन गर्न सक्दछन। अन्य व्यवसाय जस्तो यो व्यवसाय गर्न धेरै लगानी, श्रम र समय खर्च गर्नु पर्दैन तर आम्दानी भने आकर्षक नै हुन्छ । यस व्यवसायलाई तरकारी खेती, फलफूल खेती र अन्य वालीनाली सँगसँगै पनि गर्न सकिन्छ र धेरै लाभ लिन सकिन्छ। यो व्यवसायबाट २ किसिमका फाईदा लिन सकिन्छ। जस्तै प्रत्यक्ष र अप्रत्यक्ष। प्रत्यक्ष फाईदामा मह, मैन, कुट (पराग) आदी उपभोग्य एवं आयुर्बेदिक उपचाारको लागि पनि महत्वपूर्ण भएको हुन्छ भने अप्रत्यक्ष फाईदामा मौरीले वालीनालीमा परागसेचान गरी वाली उत्पादनमा वृद्धि ल्याउने, जैविक बिविधताको संरक्षण गर्दै वातावरण स्वच्छ र सन्तुलित राख्न मद्धत गर्दछ। मौरीबाट प्राप्त महलाई आयुर्वेदिक औषधि र पूजाआजामा प्रसादको रूपमा चाढाउन प्रयोग गरिन्छ। यसरी मौरी, वनस्पती र मानवबीच अत्यन्तै निकट सम्वन्ध रहेको छ (ईसिमोड, २००४) ।

विशेषत बाणगंगा न.पा.वडा.नं ५ का कृषकहरूले आफ्नो जीविका रणनीतिमा परम्परागत कृषि पेसालाई परिवर्तन गरी विभिन्न किसिमका जीविका उपाय अवलम्वन गरेको पाइन्छ। विशेषतह त्यहाँका किसानहरूले बि.सं २०६४ सालदेखि जिबीका रणनीतीमा परिवर्तन गरी मौरीपालन व्यवसायको सुरुवात गरेको पाइन्छ। त्यस भन्दा पहिला कुनै कुनै व्यक्तिका घरमा परम्परागत रूपमा १,२ घार पाल्दै आएको पाइन्छ। त्यहाँका घ कृषकहरूले सुरुवातमा प्याक्ट भन्ने गैरसरकारी संस्थाको सहयोगमा आधुनिक तरकारी खेती गर्दै आएकामा पछि बिस्तारै बिस्तारै मौरीपालन व्यवसायबाट बहु फाईदा हुनेदेखि यही पेसा अपनाएको देखिन्छ । तसर्थ त्यहाँका कृषकहरूले परम्परागत कृषि पेसाका अलावा

उनीहरूको जीविका रणनीतीमा आएको परिवर्तन र त्यसले समाजमा पारेको सामाजिक असरको अध्ययन गर्नु रहेको छ ।

नेपालमा बिद्यमान गरिबी निवारण गर्नका लागि र अत्यधिक बेरोवगार युवा शक्तिहरूलाई रोजगारीको ढोका खुलाउनका लागि यो व्यवसायलाई विकास गनु आजको आवश्यकता रहेको छ । यसको लागि सरकारी तवरबाट नीतिगत रूपमा दशौ पञ्चाबर्षिय योजनाले महको उत्पादन र यसको महत्वको बारेमा जनचेतना बढाई यस बाट जन मानसमा मौरीको उत्पादनहरू प्रति आर्कषण बढाएर त्यसको उत्पादन र उपभोगमा वृद्धि गर्ने रणनीति बढाएको छ । जसमा मौरी कृषकहरूलाई प्रविधि हस्तान्तरण गर्ने, कृषकहरू र प्राविधिकहरूलाई तालिम दिई अझ बढी दक्ष बनाउने, मौरीको चरन क्षेत्र बढाई अझ यसलाई ब्यापक र ब्यासायिकरण गर्नु रहेको छ । यसमा महिला सहभागिता वृद्धि गनुपर्ने टड्कारो आवश्यकता रहि आएको छ । तसर्थ अध्ययन क्षेत्रका कृषकहरूको जीविका निर्वाहामा उनीहरूले अवलम्वन गरेको मौरीपालन व्यवसायले पारेको सामाजिक परिवर्तनको अध्ययन गर्नु रहेको छ ।

## १.२ समस्याको कथन

समयको माग अनुसार देशमा आएको परिवर्तनले मानिसहरूको सोचमा समेत परिवर्तन भई निर्वाहामुखी खेती छाडेर व्यवसायिक खेती तर्फ उन्मुख भएको देखिन्छ । यस्तै गरेर यस क्षेत्र (बाणगंगा न.पा. वडा.नं ५ का झण्डा, मटेरिया, सिमलखोर र कोपवाका गाउँ) मा मौरीपालन व्यवसायले पनि बामे सर्ने मौका पाएको छ । कुनै पनि कुरा जति पूरानो हुँदै जान्छ त्यसरी नै त्यस सँग सम्बन्धीत कुराहरू खारिदै र बिकसित हुँदै जाने हुँदा त्यहाँ मौरीपालन व्यवसाय अपनाउदाको समयाअवधि निकै छिटो र निकै बिकसित देखिए पनि विभिन्न समस्या एवं समाधानहरूका उपायहरू अनुत्तरित रहेका छन ।

त्यस ठाउँमा विशेष गरी मौरीपालन गर्ने कृषकहरू विभिन्न जात जातिका भएका हुनाले उनीहरूले मौरीपालन व्यवसायबाट आर्जन गरेको रकम बचत नगरेका हुनाले सोधिएका प्रश्नहरूको उत्तर निकाल्न गाऱ्हो हुने प्रारम्भिक सर्भेक्षणबाट देखिन्छ । यहाँको जमिन अत्यन्तै खेती योग्य रहेको हुँदाहुँदै पनि मौरीपालन व्यवसायबाट तत्कालै नगदै रकम प्राप्त हुने भएकोले अधिकाँश कृषकहरूले अन्य खेतीपातीतर्फ कम ध्यान दिई बढी मात्रमा यसै व्यवसाय तर्फ उन्मुख भएको र धेरै जसो जमिन बाझो राख्ने समस्या देखिन्छ ।

अध्ययन क्षेत्रमा त्यहाँका कृषकहरूले कसैले गुजाराखेती मात्र गरी जीविकोपार्जन गरेका छन भने कसैले तरकारी खेती गरी जीविकोपार्जन गरेका छन् भने कसैले कृषि वैदेशिक रोजगार, कसैले कृषि र जागीर जस्ता व्यवसायका विभिन्न रूप अंगाली जीविकोपार्जन गर्ने रणनीति लिएका छन् यद्धपी विभिन्न पेसामा विभिन्न समस्याहरू देखा पर्दै आएको भएता पनि पछिल्लो समयमा मौरीपालन व्यवसायबाट उनीहरूले जीविकोपार्जनको मुख्य पेसा बनाई अगाडि बढेको देखिन्छ जसले त्यहाँका मौरीपालक कृषकहरूको पेसामा देखिएको विविधिकरण र मौरीपालन व्यवसायले उनीहरूको जीविका निर्वाहमा पारेको असरको बारेमा अध्ययन गर्नु रहेको छ ।

अध्ययनको क्रममा त्यहाँका मौरीपालक कृषकहरूले सानो २/४ दिनको तालिमको भरमा व्यवसाय सुरु गर्नु भएको र उचित ज्ञान अनुभवको कमीले गर्दा मौरीको बसोवासको वातावरण सिर्जना गर्न नसक्दा मौरी घारबाट भागेर अनेत्र नजिकैको पाहाडी जिल्ला अर्घाखाँचीको सिमलपानीतर्फ जाने गरेको बताएका छन। यसरी मौरीको जात अनुसार वातावरणलाई उपयुक्त हुने गरी उचित रेखदेख गरी व्यवसाय अपनाउने दक्ष जनशक्तिको खाँचो रहेको देखिन्छ । विगतका केही अनुसन्धान योजना तथा मौरी खेती सम्बन्धी केही पुस्तक, पत्रपत्रिकालाई आधार मानेर यस अध्ययनमा निम्न समस्याहरू खोज्ने प्रयास गरिएको छ ।

(क) किन त्यहाँका कृषकहरू परम्परागत गुजारा खेती छाडी व्यवसायिक रूपमा मौरीपालन व्यवसायतर्फ आकर्षित छन ?

(ख) गुजारा खेतीको अवस्था त्यहाँ कस्तो छ ?

(ग) कृषकहरूको मौरी खेतीप्रतिको निर्भरता कुन तहमा छ ?

(घ) मौरी पालेपछि कृषकहरूको जीविकोपार्जनमा के कस्तो परिवर्तन आएको छ ?

(ङ) व्यवसायिक रूपमा मौरीपालन गर्ने कृषकहरू र गुजारा खेती गर्ने कृषकबीचको सामाजिक आर्थिक अवस्था कस्तो छ ?

(च) मौरीपालन व्यवसायबाट प्राप्त आम्दानी कसको अधीनमा हुन्छ ?

(छ) मौरीपालन व्यवसायमा लैङ्गिक सहभागिताको स्थिति कस्तो देख्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

किसानहरूमा जीविका रणनीति निर्धारणमा प्रभाव पार्ने तत्वहरूको खोजी गर्ने यो शोधको मूल उद्देश्य रहेको छ भने यो उद्देश्य हासिल गर्नका लागि यी विशिष्ट उद्देश्य राखिएको छ :

क) मौरीपालन व्यवसायले त्यस क्षेत्रका विकसानमा पारेको सामाजिक प्रभावको खोजी गर्ने

ख) कृषकहरूको जीविका शैलीमा मौरीपालन व्यवसायको प्रभावको खोजी गर्नु ।

## १.४ अध्ययनको महत्व

देश कृषि प्रधान देश हुँदाहुँदै र देशको अधिकांश जमिन कृषि योग्य भएर पनि नेपाल र नेपाली जनता खाद्यान्नमा आयातमुखि रहेका छन् । नेपालको कृषि प्रणाली परम्परागत रूपमा हुनु, गुजारामुखि खेती गनु, जसका कारणले गर्दा नेपालको आर्थिक स्थिति दिन प्रतिदिन ओरालो लाग्दै आएको छ । खेतीमा पनि आधुनिककीकरण अपनाई बेमौसमे खेती, नगदे बालीहरूको विकास गर्न सके मात्र किसानहरूको जीवनस्तर माथि उकास्न सकिन्थ्यो पछिल्लो समय आएर बिस्तारै बिस्तारै जनतामा आएको चोतना, बिश्वब्यपीकरण, प्रविधिको विकास जस्ता कारणले गर्दा कृषि क्षेत्रमा समेत हरियाली छाएको देखिन्छ । कृषिमा आएको आधुनिकीकरणले गर्दा खेती प्रणालीमा समेत आधुनिकिकरण व्यवसायीकरण अपनाउन थालिएको छ । जसले गर्दा विभिन्न किसिमका नगदे बाली, बेमौसमे खेती, व्यवसायिक तरकारी खेती, मौरीपालन व्यवसायकोछ महत्व बढ्दै जान लागेको पाइन्छ ।

मौरीपालन व्यवसायको विशेष महत्व यस अर्थमा छ कि यसले समग्र मानिसहरू समाजमा एक आपसमा मिलेर एकताबद्ध भई बस्नका लागि उत्प्रेरित हुनुको साथै यसको अध्ययन गर्न चाहने विभिन्न संघ संस्था, अन्य कृषि व्यवसायी, समाजशास्त्री र मानवशास्त्रीलाई सहयोग पुऱ्याउनेछ । यस व्यवसायको अत्यधिक लगानीले वातावरणलाई स्वच्छ राखी अन्य कृषि वालीहरूलाई पनि बढी उब्जनी गर्नका लागि फाईदा पुऱ्याउने देखिन्छ । मौरीपालन व्यवसायबाट उत्पादित मह, कुट र मैन बेचेर आएको पैसाले दैनिक गुजारामा समेत आमूल परिवर्तन ल्याउने देखिन्छ । साथै महको प्रयोगले मानव जीवनलाई स्वस्थ रहन र विभिन्न देवी देवताको मन्दिरमा पूजा आजा गर्नमा समेत महत्वपूर्ण भूमिका

निर्वाह गरेको पाइन्छ । साथै मौरी यस्तो कीट हो जसले मानव जातिलाई समेत एक आपसमा मिलेर बस्न सन्देश दिन्छ । समग्रमा मौरीपालन व्यवसायले त्यहाँका मौरी कृषकहरूलाई जीविका निर्वाहमा के कस्तो असर पारेको छ भन्ने कुराको उजागर गर्न खोजिएको छ ।

## १.५ अध्ययनको सिमा

प्रत्येक अध्ययन अनुसन्धानका आ-आफ्नै सीमाहरू हुने भएकाले त्यही सीमाको आधारमा अध्ययनलाई सीमाबद्ध गर्नुपर्ने हुन्छ । त्यसैले अध्ययन अनुसन्धानको निश्चित सीमा मानेर यसको परिणाममूलक निष्कर्षहरू मान्य हुनेछन्। तसर्थ यस अध्ययनका सीमाहरू निम्न प्रकार रहेका छन्।

(क) विशेष गरी बाणगंगा न.पा. वडा नं ५, ६ र ७ स्थित मटेरिया, कोपवा, झण्डा, सिमलखोर, भग्लापुर, मोतीपुर र जगदिश्पुरका ठाउँहरूमा आधुनिक मौरी कृषकहरूसँग मात्र केन्द्रित रही यो अनुसन्धान गरिने हुनाले परम्परागत रूपमा सञ्चालित मौरीपालन गरेका कृषकहरूसँग मेल नखान सक्छ ।

(ख) व्यवसायिक रूपमा यस अध्ययन क्षेत्रमा मौरीपालन व्यवसाय छोटो समयमा सञ्चाालन गरिएको हुनाले तथ्यांक प्राप्त नभएको मौरी खेतीको पनि निष्कर्ष सबै खेती प्रणालीमा लागु नहुन सक्छ ।

(ग) यो अध्ययन सीमित समय, खर्च, स्रोत र साधनबाट गर्नुपर्ने भएतापनि अध्ययनलाई आवश्यक पर्ने सामाग्रीहरू समावेश गरी बढी भन्दा बढी बर्णनात्मक र विश्लेषणात्मक बनाई उद्देश्यमूलक बनाउन खोजिएको छ ।

(घ) यो अध्ययन त्रि.बि.बि. अन्तर्गत पृथ्बीनारायण बहुमुखी क्याम्पस समाजशास्त्र विभागको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको लागि मात्र नभई विशेषतः यस मौरीपालन व्यवसायले त्यहाँका मौरी कृषकहरूमाथि तिनीहरूको जीविका निर्वाहामा पारेको सामाजिक प्रभावको समाजशास्त्रीय ढङ्गले गर्न अध्ययन गर्न लागिएको हो। यसको अध्ययन क्षेत्र कपिलबस्तु जिल्लाको बाणगंगा न.पा. वडा.नं ५, ६ र ७ का मौरी कृषकहरू मात्र हुनेछन्।

(ङ) यस अध्ययनमा मौरीपालन व्यवसायले उनीहरूको जीविकोपार्जनमा पारेको विशेषत सामाजिक, आर्थिक र रणनैतीक प्रभावको मात्र अध्ययन गरिनेछ ।

**समेटिएका विषयहरू :**

अध्ययनको क्रममा यस अध्ययन क्षेत्रमा जीविकोपार्जनमा विभिन्न पेसा अवलम्वन गरे ता पनि न्युनतम १५ घारदेखि अधिकतम ९० घार मौरीपालन व्यवसाय गर्ने २० घर परिवारका मौरी कृषकहरूलाई मात्र अध्ययन अनुसन्धानमा समावेश गरी सोधकर्ता स्वयम अध्ययन क्षेत्रमा उपस्थित भई प्रस्नावली अनुसूची भराउने काम भएको छ ।

**नसमेटिएका विषयहरू:**

अध्ययन क्षेत्रका मौरी कृषकहरूले मौरीपालन व्यवसायका अतिरिक्त अन्य गुजारा खेती, कुखुरापालन, भैसीपालन, केही परिवारका सदस्य बैदेशिक रोजगार लगायतका पेसा अवलम्वन गरेकोमा सो पेसालाई यहाँ समावेस गरिएको छैन यद्यपी उनीहरूलाई प्रश्नावली अनुसूची भराइएको छ ।

## १.६ संगठनात्मक ढाँचा

यस अध्ययन अनुसन्धानलाई मुख्य गरी छ अध्यायमा बाँडिएको छ । अध्याय एकमा परिचय, अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको महत्व, अध्ययनका सिमाहरू र अध्ययनको संगठनात्मक ढाँचा जस्ता शीर्षकहरूलाई ब्याख्या गरिएको छ ।

यसरी नै अध्याय दुईमा पूर्व साहित्यको समीक्षा र सैद्धान्तिक ढाँचा अन्तर्गत आधुनिकीकरणको सिद्धान्त, संरचनात्मक प्रकार्याबादी सिद्धान्त, जीविका, जीविकाको रणनीति र जीविकाको विविधिकरण अवधारणा, जीविका रणनीतिको सैद्धान्तिक विश्लेषण, दीर्घकालीन कृषि योजनाको आवश्यकता, गुजारा खेती प्रणाली र व्यवसायिक खेती प्रणालीको व्याख्या गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान पद्धतीको बारेमा ब्याख्या गरिएको छ जसमा अध्ययन क्षेत्रको छनौट, अनुसन्धान ढाँचा, जनगणना विधि, तथ्यांकको स्रोत तथा प्रकृति, तथ्यांक संकलन विधि, तथ्यांकको प्रकृति, तथ्यांक विश्लेषण र प्रस्तुतीकरण जस्ता विषयहरू समावेश गरिएको छ ।

त्यस्तै अध्याय चारमा मौरीपालक कृषकहरूको जीविका जनसांख्यीक विवेचना अन्तर्गत, अध्ययन क्षेत्रको परिचय तथा जानकारी, अध्ययन क्षेत्रको ऐतिहासिकता, अध्ययन

क्षेत्रका मौरी कृषकहरूको जीविकाको विशेषता, मौरी कृषकहरूको उमेरको आधारमा वर्गीकरण, लिंगका आधारमा मौरी कृषकहरूको वर्गीकरण, जातीय आधारमा उत्तरदाताहरूको विवरण, धर्मका आधारमा उत्तरदाताहरूको विवरण, पेसाका आधारमा मौरी कृषकहरूको विवरण, मौरीपालन व्यवसाय गर्ने कृषकहरूको शैक्षिक विवरण, शैक्षिक योग्यताका आधारमा उत्तरदाताहरूको विवरण, आम्दानीको स्रोतका आधारमा उत्तरदाताहरूको विवरण, मौरीपालन व्यवसाय गर्ने कृषकहरूका छोरा छोरीको शिक्षामा लगानी, जमिनका आधारमा उत्तरदाताहरूको वर्गीकरण,अध्ययन क्षेत्रमा कार्यरत सहयोगी संघ संस्थाहरूको बारेमा विवेचना गरिएको छ ।

अध्याय पाँचमा व्यवसायिक मौरीपालकहरूको जीविका रणनीति र प्रभाव विवेचना गरिएको छ जस अन्तर्गत, मौरीपालन व्यवसायको व्यवसायीकरण मौरी सम्बन्धी परिचय, तालिम अवधि, मौरी ल्याएको ठाउँ, मौरीपालन व्यवसायीहरूसँग भएका मौरी घार संख्या, मौरी घारको मूल्य, घारमा मौरी थपघट भए नभएको अवस्था, मौरीका खानेकुरा, मौरीपालन व्यवसायीहरूद्धारा महको बेच बिखनको अवस्था, प्रति वर्षमा घार बिक्री गर्ने कृषकहरू, मौरीपालन बाहेक अन्य आम्दानीको स्रोत भए/नभएको स्थिति, प्रति वर्ष मौरी खेतीबाट प्राप्त आम्दानी, मौरी खेतीबाट प्राप्त आम्दानी/खर्च, मौरीबाट प्राप्त आय बचत, मौरीबाट प्राप्त आम्दानीको बचत गर्ने कृषकहरूको संख्या, मौरीपालन व्यवसायमा लैंगिक अध्ययनको अवधारणा, तालिममा पुरुष महिलाको सहभागिता,अन्तरक्रिया सेमिनारमा भाग लिने महिला तथा पुरुषहरू, मौरी व्यवसायबाट प्राप्त आम्दानीमा पहुँच, मौरी खेतीमा महिलाको सहभागिताको अध्ययन, मौरी व्यवसायबाट बनेको सम्बन्ध र आएका अप्ठ्यारा समस्याहरू, मौरीपालनको प्रमुख उद्देश्य, सामुदायिक भावना, आधुनिक तरकारी खेती र मौरीपालनको सम्बन्ध, मौरी कृषकहरू र फलफूल व्यवसायी कृषकहरू बीचको सम्बन्ध, मौरी कृषकहरू र अन्य व्यवसायी बीचको सम्बन्ध, मौरी कृषकहरूको पारिवारिक सम्बन्ध, मौरीपालन व्यवसायीको प्रभाव, मौरीपालन व्यवसायीको अन्य छिमेकीसँगको सम्बन्ध, मौरीपालन व्यवसायीको आत्म सन्तुष्टि, मौरीपालनको प्रेरणाको स्रोत, मह घार बेच्नका लागि आएका समस्या, मौरी खेतीमा लागेपछि कृषकहरूले हासिल गरेका मुख्य मुख्य उपलब्धिहरूकोबारेमा विवेचना गरिएको छ । अध्याय छ अध्ययनको सारांश र निष्कर्षलाई समेटी शोधलाई अन्तिम रूप दिइएको छ ।

# अध्याय दुई

# पूर्व साहित्यको समीक्षा र सैद्धान्तिक ढाँचा

## २.१ आधुनिकीकरण सिद्धान्त

वास्तवमा आधुनिकीकरणको सिद्धान्त सन् १९५०-१९६० को दशकमा देखापरेको सिद्धान्त हो। यसको मूल मान्यता भनेको समाज, पेसा र संस्कृति परिवर्तनशील छ । स्वयं मानिस पनि परिवर्तनशील छ । प्रत्येक समाज परिवर्तन र विकास हुँदै अगाडि बढेको छ । समाजको प्रारम्भिक चरण भन्दा वर्तमान चरण बढी परिवर्तनशील छ । समाज सँधै आधुनिकतातर्फ उन्मुख छ भन्ने तथ्यमा यो सिद्धान्त आधारित छ । आधुनिकता भनेकै समाज एक परम्परागत र रुढीबादी ढाँचाबाट आधुनिक वा कुशल र औधोगिक तहमा पुग्ने प्रकृया हो। यस प्रकृयामा समाज प्रारम्भिक , मध्यम र उच्च तह पार गर्दै समाज भित्रका आर्थिक, सामाजिक, धार्मिक, भौतिक र राजनैतिक लगायतका मानविय एवं पेसागत क्रियाकलापहरूमा पनि अगाडि बढाउँदै समाजलाई विकासतर्फ उन्मुख गराउछ (आचार्य, २०५८)।

विशेष गरी आधुनिकीकरणको सिद्धान्त दोस्रो विश्वयुद्ध पछि यसको विकास भएको पाइन्छ । (Rostow,1970)ले "The stateof Economic growth" मा आधुनिकीकरणलाई समाज विकासको तहमा जोड दिएको पाइन्छ । उनका अनुसार प्ररम्भिक समयमा समाज पारस्पारिक सम्बन्धमा हुन्छ भने आधुनिकीकरणका क्रियासँग समाज विकासको प्रक्रियामा अगाडि बढ्छ भन्ने तर्क राखेका छन् । उनले आधुनिकीकरण प्रक्रिया परम्परागत समाज, पूर्व अवस्थामा रहेको समाज, परिवर्तित समाज, परिपक्वता तर्फ केन्द्रित समाज र उच्च उपभो क्ताको अवस्थाको चरण हुँदै समाज आधुनिकीकरण तर्फ अगाडि बढ्छ भन्ने तर्क राखेका छन् (Kimber Charles, 1999)।

हेम्बर, मास(१९८७) का अनुसार आधुनिकता कहिल्यै पनि नटुङ्गिने प्रोजेक्ट हो ( Ritzer, 2010) । आधुनिकीकरणको सिद्धान्तले सामाजिक, सांस्कृतिक एवम् आर्थिक विकासको अवधारणालाई जोड दिन्छ । मानिस पनि एक सामाजिक प्राणी भएका कारण समाजको परिवर्तनसँगै आफूलाई पनि परिवर्तन गर्दै जान्छ । सामाजका अन्य व्यक्तिका

पेशामा आएको परिवर्तनसँगै आफूले पनि पुराने पेशा छोडी नयाँ पेशा अपनाउँदछ । फलस्वरूप पेशामा परिवर्तन आउँछ ।

गिडेन्स(१९९०) पुँजीबाद र औद्योगीकरणको विकासलाई आधुनिकीकरणको रूपमा व्याख्या गरेका छन् । उनका अनुसार वस्तुको उत्पादन, व्यक्तिगत सम्पत्तिको स्वामित्व, श्रमिकको ज्याला आदि पुँजीवादका विशे षता हुन् । मेशिनको प्रयोग, यातायात सञ्चारका साधन, घरेलु जीवनमा परिवर्तन आदि औद्योगीकरणका विशेषताहरू हुन् (Ritzer, 2010) ।

आधुनिकीकरणले उत्पादन प्रणालीमा पनि परम्परागत, गुजारामुखी, सरल र ग्रामीणमुखीबाट आधुनिक प्रविधियुक्त एवं व्यवसायमुखी बनाउँदै लैजान्छ । सामाजिक चाल चलन, रीतिरिवाज, धार्मिक कुराहरू पनि परिवर्तन हुँदै आधुनिकतातर्फ लम्कँदै जान्छ । ग्रामीण परिवेशहरू शहरीकरणतर्फ उन्मुख हुन्छ । आधुनिक कुराहरूले परम्परागत पेसा, रीतिरिवाज र सस्कारलाई विस्थापित गर्दछ । पूरातन परम्परागत ग्रामीण समाज ढ आधुनिक प्रविधियुक्त शहरी समाज तर्फ लम्कन्छ । यो आधुनिकीकरण प्रकृया समय विकासको गतिसँगै सधैं अगाडि बढिरहन्छ । नयाँ नयाँ प्रविधिको विकास र प्रत्येक मानव उपयोगमा विकल्पको प्रयोगबाट परम्परागतबाट आधुनिकतातर्फ आर्थिक, सामाजिक एवं साँस्कृतिक परिवर्तन ल्याउने आधार खडा गर्दछ । यो सिद्धान्त वेवर र दुर्खिमका सामाजिक परिवर्तन सम्वन्धी विश्लेषणमा आधारित छ । आधुनिकीकरण सम्बन्धमा "आधुनिकीकरण कुनै पनि कुराहरूलाई नवीकरण गर्दै विकास एवं सामाजिक विकाससँग सम्बन्धित हुन्छ" (गुरुङ्ग, १९९८) । यस आधुनिकीकरणका सिद्धान्तका प्रकासमा परम्परागत गुजारा खेती गर्ने किसान समुदायको परम्परागत गुजारा खेतीबाट पेसामा आएका परिवर्तनका बारेमा अध्ययन गरिएको छ ।

## २.२ व्यवसायमा क्षमता विकास अवधारणा

मानव विकास र क्षमता अभिवृद्धिको लागि दुई पक्षहरू मूल्याङ्कन पक्ष (Evaluation Aspect) र संस्थागत पक्ष (Agency Aspect) ले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । मूल्याङ्कन पक्ष मानव जीवनको सुधारसँग सम्बन्धित छ भने संस्थागत पक्ष मानव विकासको क्षेत्रसँग सम्बन्धित छ (Amartya Sen, 1999)।

क्षमता विकास उपागमले कागजी स्वतन्त्रता नभएर प्रभावकारी र वास्तविक स्वतन्त्रता, मानिसको मूल्य र गुण दिनेगरी छनौटको अधिकता सहितको स्वतन्त्रता र समूह

राज्यद्वारा सार्वजनिक कार्य र लगानीद्वारा प्राप्त स्वतन्त्रताको आवश्यकता माथि जोड दिन्छ (Amartya Sen, 1999)।

## २.३ जीविकाको रणनीति र जीविकाको विविधिकरण अवधारणा

"जीविकाको विविधिकरण दक्षिण एशिया र दक्षिण पूर्वि एशियामा ग्रामीण जनता र साना किसानहरू माझ गरीबी नियन्त्रणको एउटा महत्वपूर्ण स्रोत हो"(एफ.ए.ओ र वर्ल्ड बैंक,२००१) । जीविकाको शाव्दिक अर्थ "बाँच्नका लागि चाहिने साधन" भन्ने हुन्छ । त्यस्तै विविधिकरण शव्दले "आम्दानीको स्रोतलाई बहुमुखी वा बहुस्रोतई बनाउनु" भन्ने बुँझाउँदछ । जीविकाको अवधारणा वर्तमानमा गरिवी निवारण र ग्रामीण विकासको क्षेत्रमा व्यापक रूपमा प्रयोग हुने गरेको पाइन्छ । सायद यसको परिभाषा भित्र अन्य भिन्न भिन्न स्रोतबाट लिईएका भिन्न भिन्न अवधारणको जटिलताले वा ती अवधारणाको अनिश्चियताले होला पछि यसको अर्थ अन्य वा भ्रामक निस्कन गएको पाइन्छ (केन र म्याकनिकोल,१९८८) ।

"जीविकामा क्षमता, सम्पत्ति (भौतिक र सामाजिक स्रोत दुवै) र क्रियाकलाप जस्ता साधनहरू समावेश हुन्छन् जुन बाँच्नका लागि आवश्यक पर्छन" । च्याम्वर र कोन्वेद्वारा दिएको जीविकाको यस परिभाषलाई धेरैजसो प्राज्ञिक तथा विकासे अभ्यासकर्ताहरू द्वारा स्वीकारिएको पाइन्छ (डि.एफ.आई.डि,१९९९) । त्यस्तै एलिस, (१९९९) ले जीविकालाई जनताको जीवन यापनद्वारा निर्धारित क्रियाकलाप, सम्पत्ति र पहुँच, जुन व्यक्ति वा घरधुरीले प्राप्त गर्दछन् भनि परिभाषित गरेका छन्। यसरी हेर्दा यी दुवै परिभाषाले जीविकालाई व्यक्ति वा घरधुरीको जीवन यापनको तरिका बनाउने साधन भनि स्वीकार गरेको पाइन्छ । एलिस अझ स्पष्ट पार्दै भन्छन् "जीवनस्तरको सुधार गर्न र जीवनको अस्तित्वका लागि प्रत्येक घरधुरीले निर्माण गरेको क्रियाकलाप र सामाजिक क्षमताको समग्रताको प्रकृया नै जीविकाको विविधिकरण हो"(एलिस,१९९९) ।

धर्मवान र मनिङ्ग, (२००१) का अनुसार "जीविकाको रणनीति ईच्छित आवश्यकताहरू प्रप्तिसँग सम्वन्धित ज्ञण विभिन्न कार्य हुन् जसका लागि समाजका विभिन्न तहमा रहेका जीविकाका स्रोतहरूको उपयोग गर्नुपर्ने र जीविकाका लागि निरन्तर संयन्त्रहरूको निर्माण गर्नुपर्ने हुन्छ ।" स्कुन्स, (१९९८) ले जीविकाको विशेषगरी ३ वटा रणनीतिको उल्लेख गरेका छन् । ती हुन : पहिलो कृषिको सघनीकरण र व्यापारिकरण, दोस्रो जीविकाको विविधिकरण र तेस्रो बसाईसराई । स्कुन्सले अगाडि जीविकाका ४ वटा

स्रोतहरूको पहिचान गरेका छन्: प्राकृतिक पूँजी, आर्थिक पूँजी, मानव पूँजी र भौतिक पूँजी । यहाँ जीविकाको पहिलो रणनीति कृषिको सघनिकरण र व्यापारिकरणमा बहुवाली खेती गर्नु वा महंगो वालिको खेती गर्नु हो भन्ने हुन्छ । दोस्रो रणनीति जीविकाको विविधिकरणलाई हुसेन र नेलसन, (१९९८) ले व्यक्ति वा घरधुरीले वातावरणीय चुनौतीलाई सामाना गर्न र आम्दानीमा वृद्धि गर्न अपनाएको बाटोको रूपमा परिभाषित गरेका छन्। त्यस्तै तेस्रो, जीविकाको रणनीति बसाइसराई हो, जुन स्वेच्छिक वा अस्वेच्छिक दुवै हुन सक्छ । एलिस, (१९९८) का अनुसार बसाइसराई मौसमी (कृषि मौसमका आधारमा), चक्रिय (गैरकृषि श्रम क्षेत्रमा हुने श्रमको चक्रीय मागको आधारमा), स्थाई (प्रायः ग्रामीणबाट सहरी) र अन्तराष्ट्रिय हुन सक्छन् र एउटा घरधुरीले यी तीनवटा जीविकाको रणनीतिलाई छुट्टा छुट्टै वा मिश्रित रूपमा प्रयोग गर्न सक्दछ (पिया, महर्जन र जोशी,२०११) ।

प्रायजसो ग्रामीण क्षेत्रमा कृषि नै जीविकाको मुख्य स्रोतको रूपमा रहन्छ (केन र म्याकनिकोल, १९८८) । तर कृषि कार्यले मात्र जीविकाको लागि प्रयाप्त नहुन सक्दछ तसर्थ मानिसहरू गैरकृषि कार्यमा पनि सहभागि हुन्छन्। धेरै कम मानिसहरू आफ्ना पूर्ण आवश्यकताहरू एउटा क्रियाकलापबाट मात्र प्राप्त गर्दछन्। त्यसैले व्यक्ति तथा घरधुरी आफ्ना आवश्यकता पूरा गर्न बहु क्रियाकलापमा संलग्न रहन्छन् (ब्यारेट, रियरडनर वेब २००१) । तसर्थ यहाँ मानिसले जीविकोपार्जनका लागि अवलम्वन गरेका विभिन्न क्रियाकलाप र रोजाईको समष्टिगत रूप नै जीविकोपार्जको रणनीति हो भन्न सकिन्छ । जीवनयापन मूलत विभिन्न स्रोतहरू जस्तैः कृषि, वालीनाली, ज्ञान, सिप, पशुपालन, फलफूल, रोजगारी आदीको वरपर हुन्छ र यस्तो जीवनयापन प्राय स्रोतको पहुँच र नियन्त्रणद्वारा आकारित हुन्छ र आर्थिक, सामाजिक, साँस्कृतिक र राजनैतिक परिस्थितिद्वारा प्रभावित हुन्छन् (अर्याल,२०६८) ।

## २.४ जीविका रणनीतिको सैद्धान्तिक विश्लेषण

जीविकाको अवधारणा सर्वप्रथम मानिसहरूसँग सम्वन्धित रहन्छ । यसले मानिसहरूको वास्तविक ताकत/खुवी (जसलाई निर्माण गर्न सम्पत्ती वा पूँजीले मद्दत गर्दछ) र उनीहरूको कसरी त्यस खुवीलाई आफ्नो जीविकाको उर्पाजनको लागि सकारात्मक रूपमा बदल्न सक्छन् भन्ने कुराको खोजि गर्दछ र त्यसलाई आत्मसाथ गर्दछ । यस अध्ययनमा जीविकाको रणनीतिको विश्लेषण डिपार्टमेण्ट फर ईण्टरनेश्नल डेभलपमेण्ट (

डि.एफ.आई.डि) ले तयार पारेको जीविकाको रणनीतिको विश्लेषणको एस.आर.एल ( सस्टनेभल रुरल लिभ्लीहुड फ्रेम वर्क) ढाँचाका आधारमा गरिएको छ । जुन ढाँचा अन्तर्गत डि.एफ.आई.डि. ले जीविकाको रणनीतिको विश्लेषणका लागि घरधुरी भित्र हुने मानव पूँजी, प्राकृतिक पूँजी, सामाजिक पूँजी, भौतिक पूँजी र बित्तीय पूँजी गरी ५ प्रकारका पूँजीको किटान गरेको छ । यी ५ वटा पूँजीको उपलब्धता, स्वामित्व र पहुँचका आधारमा कुनै पनि व्यक्ति तथा घरधुरीको जीविकाको रणनीति आकारित हुन्छ । यी पूँजीलाई विशेषत तिनीहरूको जोखिमपूर्ण सन्दर्भ, जीविकाका लागि आवश्यक सम्पत्ती, रूपान्तरित सामाजिक संरचना र प्रकृयाका आधारमा विश्लेषण गरिन्छ । जसले ग्रामीण जीविकाको रणनीति अन्तर्गत व्यक्ति तथा घरधुरीको ईच्छित र अपेक्षित जीविकाको उपार्जनको लागिल विशेष भूमिका खेल्दछ (मनांकतला र दिक्षीत,२००५) ।

यस अवधारणामा मानिसको जीविकाको उपार्जनका लागि उनीहरूलाई निश्चित सम्पत्तीको आवश्यकता पर्दछ । यसका लागि ती सम्पत्ती मध्ये कुनै एक खालको पूँजी ( मानव पूँजी, सामाजिक पूँजी, बित्तीय पूँजी, भौतीक पूँजी र प्राकृतिक पूँजी जस्ता ५ पूँजी मध्ये) ले मात्र मानिसले खोजेको जीविकाको उपार्जन पूर्ण रूपमा प्राप्त गर्न सक्दैनन् तसर्थ कतिपय अवस्थामा उनीहरू स्वयम आफूसँग भएका सीमित सम्पत्तीबाट जीविकाको लागि नयाँ उपायको आविष्कार वा खोजि गर्न भने सक्दछन् भन्ने बिश्वासमा आधारित छ ( डि.एफ.आई.डि,१९९९) ।

## २.५ दीर्घकालीन कृषि योजना र यसको आवश्यकता

नेपालमा उत्पादनको प्रमुख स्रोत भनेको बनजंगल, कृषि भूमि, जल, जलवायु तथा जनता नै हुन । हाम्रो परिप्रेक्षेमा यस्ता स्रोतहरूको भरपुर उपयोग गरी अधिकतम आय आर्जन गरी समाज विकासको एउटा खुड्कीलो पार गर्नु नै हो। यसका लागि बैज्ञानिक प्रविधिको पहिचान गरी प्रविधिको प्रयोग गर्नका लागि जनताको क्षमतामा विकास गर्न र तिनको सदुपयोग गर्ने वातावरण बनाउनु जरुरी हुन्छ । यसबाट नै कृषिजन्य औधोगिकताको विकास र गैह्र कृषि क्षेत्रको विकासमा पनि दरिलो आधार प्राप्त हुनेछ । आम्दानी बढे पछि लत्ता, कपडा, शिक्षा स्वास्थ्य, विजुली, रेडियो, टि.भी, ईन्टरनेट जस्ता बिविध चाहानाहरूको पूर्तिको लागि सेवा र बस्तुको माग बढ्नेछ । यस्ता बस्तुको माग बढेपछि तिनको उत्पादन र वितरणका लागि उद्योग,ब्यापार र व्यवसायहरू स्वतह सम्भव हुँदै जान्छन् र खुल्दै

जान्छन्। आफ्नो स्रोतको उपयोग द्वारा कृषिजन्य उत्पादन नबढाईकन त्यस्ता गैह्र कृषिजन्य बस्तुको सेवाको मात्र उपयोग बढ्न गएमा अर्थात् आम्दानी भन्दा खर्च बढेमा राष्ट्रिय घाटा हुने निर्विवाद छ । यो कुरा राष्ट्रको तहमा मात्र होईन जिल्ला र गाउँघरसम्म हरेक तहमा लागु हुन्छ । यस्तो भएमा विकासमा स्थायित्व रहदैन । विकासमा स्थायित्वका लागि शान्तिपूर्ण वातावरणमा उपलब्ध स्रोतको उपयोग गरेर आम्दानी र रोजगारी बढाई गरिवी निवारण गरी जनताको जीवन स्तर राम्रो बनाउने कार्य नै राष्ट्रको प्रमुख दायित्व हो। यसै गरी पहाड र तराईको स्रोत र सम्भाव्यताको सन्तुलित उपयोगबाट विकासमा भैरहेको असन्तुलन पहाड र तराईको आर्थिक एकीकरण मज्बुत बनाई लैजाने अर्को दायित्व हाम्रो भौगोलिक सम्भाव्यता अनुसार विकासको दिशाबोध गर्ने दीर्घकालीन कृषि योजनाको तर्जुमा भएको छ (पर्यावरण, २०६०) ।

नेपाल एक कृषि प्रधान देश हो। नेपालको कुल जनसंख्याको ६५ प्रतिशत जनता कृषिमा नै आश्रित छन्। नेपालको कुल जि.डि.पि.को ठूलो हिस्सा कृषिले नै ओगटेको छ । अझैपनि नेपाल खाद्यान्नमा आत्म निर्भर बन्न सकेको छैन । कुल जनसंख्याको ६५ प्रतिशत जनता खेतीपातीमा नै लागेका छन्। यति हुँदाहुँदै पनि हाम्रो देशमा बिदेशबाट खाद्यान्य आयात गर्नुपर्ने अवस्था बिद्यमान छ । नेपालमा जनसंख्या दिनानुदिन वृद्धि हुँदै गैरहेको छ भने कृषिजन्य खाद्यान्यको वृद्धि दर सो अनुपातमा भएको छैन । जुन रूपमा जनसंख्याको वृद्धि भएको छ त्यो रूपमा उक्त जनसंख्यालाई थेग्ने खाद्यान्नको उत्पादनमा वृद्धि भएको छैन । परिणम स्वरूप प्रति व्यक्ति खाद्यान्न उत्पादन जबकी १९७४/७५ मा ३७६ के.जी भएकोमा बि.सं १९९१/९२ मा २७७ के.जी. मा झरेको छ तापनि आ.व. २०७४/७५ मा आएर केही बढेको छ जुन ३४०/३४३ के.जी रहेको छ (१५ औज्ञद्द योजना ०७६/७७ को आधारपत्र) । यद्यपि सरकारले योजनाबद्ध विकासको थालनी गरेको ४ दशक भन्दा बढी भैसक्दा पनि कृषिमा सुधार आउन सकेको छैन । प्रत्येक योजनामा गरीबी निवारणलाई उच्च प्राथमिकता दिइएता पनि गरिबीको रेखा घटनुको साटो झन् बढ्दो अवस्थामा छ ।

सन् १९७६/०७७ मा ४० प्रतिशत जनता गरिबीको रेखामुनी रहेका थिए भने सन् २०११ मा गरिबीको संख्या ३१.१२ प्रतिशत पुगेको आँकडा हाम्रो सामु रहेको छ ( एन.एच.डी.आर., २०१४) । त्यस्तै प्रकारले सन् १९७६/०७७ मा कृषिको आयात र निर्यात दर पनि ०.५ प्रतिशतमा थियो भने सन् १९९०/९३ मा आएर २.५ प्रतिशत मा पुगेको देखिन्छ । यसले के देखाउछ भने नेपालको खाद्यान्नमा परनिर्भरता दर बढ्दै गैरहेको छ

यद्धपी पहिलेको समयमा वार्षिक कृषिको उत्पादन र जनसंख्या वृद्धि अनुपात (३:२:५) थियो र त्यतिबेला यसको जनसंख्या अनुसार खाद्यान्नको अभाव थिएन भने वर्तमानको अवस्थामा जनसंख्या आर्थिक वृद्धिदर र खाद्यान्नमा न्यून वृद्धिदरको कारण खाद्यान्नमा आयात गर्नु परेको छ । यसले पनि परनिर्भरता बढी भएको हामी पाउदछौँ । नेपालको प्रमुख खाद्यान्न वालीको रूपमा धान, गहुँ, मकै, कोदो हुन । जसले नेपालको खाद्यान्नको आवश्यकतामा राष्ट्रिय आयको ७० प्रतिशत भन्दा बढी योग्दान गरेको छ । यद्धपी नेपालमा कृषिजन्य वस्तु घट्दै गएको आँकडा हाम्रो सामु छर्लङ्ग छ । सन् १९७० भन्दा पहिले नेपाल गहुँ र मकैको उत्पादनमा दक्षिण एशियाली देशहरूमा भन्दा अगाडि थियो तर अहिले सबै भन्दा तल झरेको छ (ए.पि.पि., १९९३) ।

यसरी नेपालको कृषि उत्पादन घट्नुको प्रमुख कारण उत्पादन वृद्धिको बारेमा सरकारी नीतिको अभाव र नेपालमा विकासको नाममा सहयोग गर्ने भनी बैदेशिक दातृ संस्थाहरूले नीति निर्माणमा गरेको हस्तक्षेप प्रमुख कारक तत्व मध्ये पर्दछ । देशको स्वप्रयोजनका लागि नीति बनाउनेतर्फ देखिँदैन । कृषि उत्पादनमा वृद्धि गरी निर्यात गर्ने तरिका महंगो र विलासी वस्तुको आयात गरी सुखी जीवन विताउने धारणाको विकास भएको देखिन्छ भने बजेट घाटा बढ्दै गैरहेको र विदेशी ऋणको भारले नेपालीहरू झन्-झन् गरीब हुँदै गएको अवस्था आएको छ । प्राकृतिक स्रोत र साधनको उचित व्यवस्थापनको नीति बन्न सकेको छैन । सरकारको आर्थिक नीतिका कारणले निजी क्षेत्रबाट ठूला लगानी गर्ने वातावरणको सिर्जना हुन सकेको देखिँदैन । सरकारले विकासका लागि निर्माण गरेका नीति नियमहरू अति कमजोर प्रशासनका कारण व्यवहारमा लागू हुन सकेका छैनन्। लामो समयसम्म स्थिर सरकार नभई कर्मचारी तन्त्रको मनोमानीका कारण अर्थतन्त्रमा ह्रास आएको देखिन्छ (ए.पि.पि., १९९४) ।

## २.६ गुजारा खेती प्रणाली र व्यवसायिक खेती प्रणाली

नेपाल कृषि प्रधान देश हो यहाँका करिव ६५ प्रतिशत जनताहरू कृषि आश्रित छन् । यहाँका अधिकांश कृषकहरूले गुजारा खेती प्रणाली अपनाएका छन। जसले आफ्नो परिवारको मात्र गुजारा चलाउन ठिक्क हुने गर्दछ । यस कारणले हाम्रो देशमा गरिबी न्यूनीकरण गर्न गाह्रो भैरहेको छ । एउटै जमिनमा धेरै प्रकारका बालीनाली लगाउने

प्रणालीलाई गुजारा खेती प्रणाली भनिन्छ । यसले उत्पादकत्व नबढाउनुका साथै जमिनको उर्वराशक्ति पनि ऱ्हास भएर जान्छ ।

कृषकहरूले आफ्ना भएका पाखा बारीमा उन्नत जातका बिउ बिजन र मलखाद प्रयोग नगरी खेती गर्दछन् जसले गर्दा उत्पादन कम हुने गर्दछ । कृषकहरूलाई वर्षदिन भरी खेती गरेर पनि खान पुग्दैन । "काम गर्दाश्रावणसम्म र खाँदा फागुनसम्म" भन्ने जस्तो स्थिति नेपालमा रहेको छ । अहिले आएर समयको बदलिँदो प्रभाव सँगसँगै प्रतिदिन व्यवसायमूलक खेतीतर्फ आकर्षित हुने बनाउनु पनि आजको आवश्यकता रहेको छ । हालका दिनहरूमा सो कार्य गर्ने कृषकहरूको संख्या पनि बढिरहेको छ । एक पटकमा एउटा जमिनमा एउटा मात्र वाली लगाउने, ठूलो क्षेत्रफलमा लगाउने गर्दा कृषकहरूको व्यापारिक क्षमतामा अभिवृद्धि हुन्छ । कृषि उपजको बेचविखन गर्नुका साथै व्यापारिक चहलपहल पनि बढ्न जाने हुन्छ । यस्तो किसिमको खेती प्रणालीमा उन्नत जातको बिउ बिजन, विभिन्न किसिमका प्राङ्गारिक र रासायनिक मलहरू, औषधिहरू, भिटामिनयुक्त मलहरू प्रयोग गरिएको हुन्छ । कुशल प्राविधिकको सल्लाह बमोजिम कृषि प्रणालीलाई अगाडि बढाइने भएकोले उत्पादनमा गुणात्मक किसिमले वृद्धि भएको हुन्छ । जसले गर्दा आय आर्जनमा वृद्धि हुन गई कृषकहरूको आर्थिक स्थितिमा सुधार हुन जान्छ । यसले कूल गार्हस्थ उत्पादनमा पनि सकारात्मक टेवा पुगेको हुन्छ । जसमा मौरीपालन, माछापालन, कुखुरापालन, बंगुरपालन, तरकारी खेती आदि पर्दछन्। यसरी परम्परागत खेती प्रणालीबाट विस्तारै व्यवसायिक खेती प्रणालीको युगमा नेपाली जनताहरू प्रवेश गरेको देख्न सकिन्छ ।

## २.७ मौरीपालन व्यवसायमा महिला सहभागिताको अध्ययन

समाज भनेको मानव मानव बीचको अन्तरक्रिया हो । मानव भन्नाले नारी र पुरुष दुवै हो । सबैको आ आफ्नै स्वतन्त्र बिचर हुन्छ । नारी पुरुष दुवैलाई स्वतन्त्रापूर्वक बाँच्ने सुख शान्ति प्राप्त गर्ने अधिकार हुन्छ । सन् १९६० को दशक देखि नारी स्वतन्त्रता प्रति दृष्टि त पुग्यो तर नारीको उद्धारको नाममा धेरैको पैसा कमाउने थलो बन्न पुग्यो। वास्तविक नारीको भने उद्धार हुन सकेन । अव सबैले बुझ्नुपर्ने समय आएको छ की नारी र पुरुष भनेको एक रथका दुई पाङ्ग्रा हुन । दुई शरीरका एक आत्मा भनेका पनि नारी र पुरुष हुन । उनीहरू दुवै सवल भए भने जीवनरूपी रथ राम्रोसँग अगाडि बढ्छ । एक अंग अपहेलित भयो भने हाम्रो जीवनको रथ अस्वस्थ्य रहन्छ । त्यसैले पुरुषले आफ्नो अहम

त्यगी दुवै एक हौ, जन्म, संस्कार, मृत्यु, अधिकार सबै बराबर छ भनेर सोची अघि बढेमा मात्र समृद्धशाली समाज बन्दछ । यसको लागि प्रत्येकले वा आफ्नो ठाँउबाट नै सशक्तीकरणको अभियान चाल्नु पर्छ । सशक्तीकरण भन्नाले जहाँ जुन चिजको कमी छ त्यही पहिचान गरी क्षमता अभिवृद्धि गराउनु पर्छ । जुन व्यक्तिलाई जुन शक्तिको कमी छ त्यही शक्तिलाई बढावा दिँदै जानु पर्दछ । महिलाप्रतिको हीन भावनालाई हटाउने वा मुक्त गरी आफ्नो शीप, क्षमता र योग्यताको प्रर्दशन गरी मानसिक दृणता,रुढिवाद र अन्धबिश्वासमा नअल्मलिने र सदा काममा सक्रिय हुने गर्नाले समाजमा सकारात्मक सोचको विकास हुन्छ र समाज अग्रगतिमा अगाडि बढ्छ । विशेष गरी अध्ययनको क्रममा मौरीपालन व्यवसायमा पनि पुरुषको बर्चश्व देखिएको छ । माथि उल्लेख गरिएका विभिन्न पक्षहरूमा महिलाहरू केही पछाडि परेको देखिन्छ । यस बाँणगंगा न.पा. वडा.नं ५ का प्रत्येक मौरीपालन गर्ने कृषकहरूमाथि अनुसन्धान गर्दा के कुरा पत्ता लाग्यो भने विभिन्न तालिमहरूमा सहभागी गराउने क्रममा महिला र पुरुषलाई समान अवसर दिनु पर्छ र प्रशिक्षण दिने सहजकर्ता पनि महिला पुरुष दुवै हुनुपर्छ तव मात्र तालिमद्वारा प्रदान गर्न खोजिएको तथ्य महिला पुरुष दुवैको पहुँचमा हुन जान्छ ।

लैङ्गिक अध्ययनले महिला र पुरुषको समानताको प्रतिनीधित्व गर्दछ । मौरीपालन व्यवसाय गर्ने कृषकहरूमा महिला र पुरुषको संख्या बराबर नै रहेको छ । तालिम अवधिमा पनि पुरुषले भन्दा महिलाले बढी चासोज्ञद्ध लिएको कुरा स्पष्ट हुन्छ । सेमिनार तथा भ्रमणमा भने महिलाहरू घरायसी कामको चपेटाले गर्दा पुरुषहरूले नै अवसराको फाईदा बढी उठाउँने गरेको देखिएको छ । समाजमा दोस्रो दर्जाको उपमा पाउने यस्ता किसिमका अवसरबाट बञ्चित भैरहेको कुरा पनि विभिन्न अध्ययनबाट पत्ता लागेको । विभिन्न क्षेत्रहरू जस्तै सामाजिक,आर्थिक शैक्षिक,राजनैतिक पक्षहरूमा पनि अन्य बिकसित मूलुकहरूको तुलनामा नेपाली महिलाहरूको स्थिति दयनिय रहेको देखिएको छ ।

समाजमा व्यप्त रहेका विभिन्न कूसंस्कार र अन्धबिश्वासहरूले मनोबैज्ञानिक रूपबाट नै महिलाहरूलाई दवाउने भएकोले महिलाको प्रगति हुन नसक्नुमा मन्द बिषको रूपमा लिएको छ । कानुनमा उल्लेख गरिका जति अधिकारहरू पनि महिलाहरूले व्यबहारिक रूपमा पाउने स्थितिको सिर्जना गर्न सकिएको छैन ।अध्ययनमा के देखिएको छ भने मौरीपालन व्यवसाय गर्ने सवालमा पनि महिलाहरूले स्वतन्त्ररूपबाट आफ्नो काम गर्न पाईराखेका छैनन्। घरपविारको बाध्यताले होस् वा अरु परिवार पाल्न वा धेरै आर्थिक लगानी

गनुपर्ने बाध्यताले होस महिलाहरूले मौरीपालनलाई व्यवसायिक रूप दिन असमर्थ छन । मौरीपालन व्यवसायमा मात्र महिलाहरू स्वतन्त्र रूपमा लाग्ने हो भने राम्रो उपलब्धि हासिल गरी समाजमा उनीहरू प्रतिष्ठित मानिसको रूपमा अगाडि बढ्न सफल भईन्छ भन्ने पनि महिला मौरी कृषकहरूको भनाई रहेको छ । महिला र पुरुष दुवै सँग सँगै आपसी समझदारी कायम गर्दै अगाडि बढेको खण्डमा मौरीपालन व्यवसायलाई अझ बढी व्यवसायिक रूपमा अगाढी बढाई समाज अनि देशको विकासमा टेवा पुऱ्याउन सकिन्छ भन्ने अनुसन्धानबाट पत्ता लागेको छ ।

## २.८ पूर्व साहित्यको समीक्षा

हेल्मन (१९१९) ले "Honey for Health"भन्ने पुस्तकमा मौरीपालन व्यवसायबाट प्राप्त महका महत्व, ऐतिहासिकता महले बालकदेखि बृद्धसम्मको स्वास्थ्य बलियो हुने र विभिन्न स्वादिष्ट र स्वास्थ्यवर्द्धक परिकारहरू बनाउन, सौन्दर्यको वृद्धि गर्ने, धार्मिक उपयोगमा महको प्रयोगलाई अनिवार्य हुने कुरालाई उल्लेख गरेका छन्। मह एक यस्तो प्रकारको खाद्यान्न हो जसले मानिसको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्दछ । मानिसले आफ्नो सौन्दर्यलाई बढाउनका लागि दैनिक सेवन, हात खुट्टामा पनि लगाई आफ्नो सौन्दर्यमा पनि निखार ल्याउन सक्छन्। मह के युवा,के बालक, के वृद्ध सबैलाई फाईदाजनक खानेकुरा हो। धेरै मानिसहरूले यसलाई बेचेर पनि आफ्नो आर्थिक अवस्थामा सुधार ल्याएको देखिन्छ ।

गुरुङ्ग (१९८३) ले "Bee Keeping is a Source of Income"भन्ने पुस्तकमा पोखराको वातावरणमा अझ बढी यो व्यवसाय उपलब्धिमूलक हुने र पर्यटकहरूलाई लोभ्याउने सक्ने जसले गर्दा दोहोरो फाईदा हुने कुरा औल्याएका छन्।

यु.के (१९९८) "Bee Keeping and Development" भन्ने पुस्तकमा मौरीपालन व्यवसाय विकासको दृष्टिकोणले परम्परागत रूपमा नभई आधुनिक रूपले पाल्न सकियो भने मानिसले त्यसबाट दीर्घकालीन फाईदा प्राप्त गर्न सक्दछन् । आधुनिक मौरीको घारमा दुई कक्ष बनाईएको हुन्छ । एक मह वा भण्डारण कक्ष र दुई सुपर वा छाउरा कक्ष । अहिले जताततै प्रयोगमा ल्याईएको आधुनिक घार न्युटन बी हो जसमा नौदेखि दश वटा चौकोस राखिएको हुन्छ न्युटन ए र बी टाईपको घारहरूमा शेराना मौरीपाल्ने गरिन्छ भने मेलीफेरा

मौरीपाल्ने घार न्यूटन बी भन्दा ठूलो हुन्छ । यसरी अत्याधुनिक तवरले पाल्ने गरेको मौरीपालन व्यवसायबाट वातावरणमा सुधार आउँदछ भन्ने कुरा उल्लेख गरिएको छ ।

रेडी (२००१) को "Agriculture and Rural Development"भन्ने पुस्तक अनुसार उनले कृषि पेसा गरिबी निवारणको मुख्य स्रोत हो। मौरीपालन व्यवसाय पनि कृषि पेसा अन्तर्गत नै पर्दछ । मौरीपालक कृषकहरूले आफूले गरेको फलफूल, तरकारी बारीको बीचमा मौरी घार व्यवसाय गरेर अत्यधिक फाईदा लिन सकिन्छ । यसबाट कम समय र थोरै लगानीमा धेरै फाईदा लिन सक्ने भएकोले हरेक गाउ गाउ टोल टोलमा यसको व्यवसाय गर्न सकेमा देशमा रहेको बेरोजगारीको समस्या धेरै हद सम्म न्यूनिकरण गर्न सकिन्छ भन्ने बिज्ञहरूको भनाई रहेको छ । जुन ठाउँमा मौरीपालन व्यवसायको ब्यापकता रहेको हुन्छ त्यो ठाउँमा वातावरण संरक्षणको लागि कुनै पहल गर्नु पर्दैन । नेपाल गाउँ नै गाउँले भरिएको देश भएकोले यहाँका करिव ६५ प्रतिशत जनता कृषिमा आश्रित भएकोले उनीहरू सबैलाई मौरीपालन व्यवसायको फाईदाका बारेमा चेतना जगाउन सकेमा देश विकासमा महत्वपूर्ण भूमिका निर्वाहा गर्न सकिन्छ भनिएको छ ।

ईसिमोड (२००४) को “एपिसेरानामा रानु उत्पादन” भन्ने पुस्तकमा प्रत्येक मौरी गोला भित्र एउटा नाईके मौरी हुन्छ उक्त मौरीलाई रानी भनिन्छ । एपिसेराना मौरी अनुशासित, परिश्रमिक र घरपालुवा मौरी हुन । प्राविधिकका अनुसार एउटै गोलामा धेरै रानी मौरी भए भने तिनीहरूको गोला छुट्याएर नयाँ घार निर्माण गर्नुपर्ने सल्लाहा दिन्छन् । त्यसैले यस पुस्तकमा मौरी घारमा कसरी रानी मौरी उत्पादन गरी नयाँ घार निर्माण गर्न सकिन्छ भन्ने बारेमा उल्लेख गरिएको छ ।

पौडेल (२०४०) को "Method of Assisment Rural Proverty Project and Impact"का अनुसार कृषि क्षेत्रलाई विकास गर्नका लागि निजी, गै.स.सं र सरकारी क्षेत्रबाट विभिन्न योजनाहरू निर्माण गर्नुपर्दछ । उक्त योजनाहरूलाई कृषकहरू समक्ष पुऱ्याएर कृषिमा आमूल क्रान्ति ल्याउनु पर्दछ । त्यसका लागि कृषि नीति फितलो नभई कडाईका साथ लागु गरी जमिन बाँझो रहन दिनु हुँदैन । प्रत्येक कृषकहरूले गुजारा कृषि प्रणाली नअपनाई आधुनिक तरिकाले कृषि उत्पादन बढाउनु पर्दछ । जसले गर्दा देशमा रहेको गरिबी पनि निवारण हुनेछ । साथै मानिसहरूमा रहेको रोगहरूमा पनि कमी आउनेछ भनि उल्लेख गरिएको छ ।

भट्टराई (२०५९) को "परमात्माको दर्शन" भन्ने पुस्तकमा एकाग्रता भयो भने जता ततै सफल भईन्छ । यसको उदाहरणका रूपमा बिश्वमा दिनानुदिन भईरहेका बैज्ञानिक चमत्कार देख्न सकिन्छ । मौरीहरूले फूलको सुन्दरता र आकार र प्रकारमा समेत केही असर नपारी फूलभित्रबाट रस झिकेर आफ्नो घारमा लगि जम्मा गरेको देखिन्छ । त्यसरी जम्मा गरेको रस मानिसहरूले झिकेर लगि दिंदा पनि मौरीहरूले कुनै प्रतिकार गर्दैनन्। यसरी हेर्दा मौरी सामाजिक प्राणीको रूपमा पनि देखिन्छ । अर्को कुरा मह भगवानलाई चढाउने सर्वश्रेष्ठ प्रसादको रूपमा पनि लिन सकिन्छ (ऋगवेद र अर्थववेद) । त्यसैले मह मानिसको स्वास्थ्य शरीरको लागि उत्कृष्ट खाद्य पदार्थको रूपमा लिन सकिन्छ ।

मार्टिन, चौतारी (२०६०) ले प्रकाशित गरेको "वातावरणीय न्याय" भन्ने पुस्तकमा वातावरणलाई जोगाउनका लागि माटोमा विषादीहरू छर्नु हुँदैन । माटोको उर्वराशक्तिमा कुनै ऱ्हास नपुग्ने गरी निमपाती, असुरो, हर्रो, बर्रो आदिको जैविक झोल बनाएर छर्ने गर्नु पर्दछ । यसले गर्दा मौरी, पुतली, रेशम किरा आदिको संरक्षण रज्ञट वृद्धि गर्न सकिन्छ र दीर्घकालीन फाईदा दिन सकिन्छ । अर्को अर्थमा मानिसको दीर्घकालीन फाईदा भनेको प्रकृतिको संन्तुलन गर्ने अर्को उपाय हो। वातावराण ऱ्हास हुन नदीनका लागि पूराना गाडीहरू चल्न नदीने, धूलो र अन्य दूषित पदार्थहरू हावामा मिसिन नदीने, कुनै पनि वस्तुलाई कूहाएर दूर्गन्धित हुने अवस्था सम्म नराख्ने आदि । वातावराणलाई न्याय दिलाउनका लागि प्रकृतिलाई हराभरा बनाउनका लागि रुख रोप्ने र अन्य किसिमका जनचेतना अभियान फैलाउनु पर्दछ । यसका साथै प्रकृतिलाई अझ राम्रो वनाउनका लागि मौरीपालन व्यवसाय एकदमै उपयोगी हुने कुरा उल्लेख गरिएको छ ।

न्यौपाने (२०६०) ले आफ्नो पुस्तक "नेपालमा मौरी खेती" मा नेपालमा मौरी खेतीको महत्व प्रकाश पार्ने कोशिस गरेका छन् । मौरी खेती हिमाली भेगतिर हुँदैन र गर्मीमा पनि हुँदैन । पहाडी भागमा मौरीको लागि उपयुक्त बासस्थान हो। यहाँको हावापानीमा मौरी खेती एकदमै उपयुक्त हुनेछ । नेपालका बेरोजगार जनशक्तिलाई मौरी खेतीतर्फ आकर्षित गर्न सकेमा वेरोजगारी समस्यालाई केही हदसम्म समाधान गर्न सकिन्छ । यही कुरालाई मनन् गरेर मौरी खेतीको महत्व दिनानुदिन बढिरहेको छ । रैथाने मौरी भन्दा आधुनिक मौरी व्यवसाय फस्टाउदो छ । राष्ट्रिय र अन्तराष्ट्रिय वजारमा मह र मौरीको उपयोगिताका बारेमा बताउन सकेमा यो क्षेत्रलाई धेरै अगाडि बढाउन सकिन्छ । अहिले

नेपाल बिश्व ब्यापार संगठनको सदस्य भैसकेको सन्दर्भमा अन्तराष्ट्रिय बजारमा प्रमुख ब्यापारिक वस्तुका रूपमा महलाई पनि राख्न सकिन्छ भनी उल्लेख गर्न सकिन्छ ।

बुढाथोकी (२०६२) को “बजारमुखी अर्गानिक र बेमौसमी तरकारी खेती प्रविधि” भन्ने पुस्तकमा कृषकहरूले स्वास्थ्यलाई ख्याल राखी तरकारी खेतीमा जैविक मलहरू प्रयोग गर्ने कुरा उल्लेख गरेका छन्। कृषकहरूलाई अर्गाानिक र बेमौसमी खेतीतर्फ आकर्षित गर्न विभिन्न तालिमहरू दिनुका साथै चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । आज बजारमा छिटो उत्पादित तरकारीहरू प्रशस्त मात्रामा पाइन्छ । यसले सबैको स्वास्थ्यमा प्रतिकूल असर पार्दछ । कृषकहरू आफूले उत्पादन गरेको तरकारी र फलफूललाई व्यवस्थापन गर्न सकेमा कृषकहरूको जीवनस्तर उकास्न सकिन्छ । यस पुस्तकमा बजारमुखी तरकारी खेती, प्राङ्गारिक खेतीबाट हुने फाईदा, जैविक बिषादीको प्रयोग, वेमौसमी तरकारी उत्पादन गर्ने तरिका, प्लाष्टिक घर बनाउने प्रविधि आदिको बारेमा उल्लेख गरिएको छ ।

# अध्याय तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनौट

यस अध्ययनको क्षेत्र कपिलवस्तु जिल्लाको वाणगंगा नगरपालिका वडा नं. ५, ६ र ७ का मौरी किसानहरू रहेका छन् । यस क्षेत्रमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्ने गर्छन् । ती जातिका समुदायहरूको मुख्य पेशा कृषि रहिआएको छ । यद्यपि पछिल्लो समयमा आएर उनीहरूले गुजारा खेती सँगसँगै मौरीपालन व्यवसाय पनि अपनाउँदै आएका छन् । अध्ययन क्षेत्र छनौट गर्नका कारण निम्नानुसार रहेका छन् :

- अध्ययन क्षेत्र कपिलवस्तु जिल्लाको वाणगंगा नगरपालिका वडा नं. ५, ६ र ७ अध्ययन कर्ताको आफ्नो क्षेत्र भएकोले त्यस क्षेत्रको ज्ञान भएको कारणले छनौटमा परेको हो ।
- पछिल्लो समयमा त्यहाँका किसानहरूले आफ्नो गुजारा कृषि पेशाका अलवा मौरीपालन व्यवसाय अवलम्बन गर्दै आएकोमा त्यसको कारण खोजी गर्नु सान्दर्भिक हुने भएकोले उक्त क्षेत्र छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान कार्यमा अनुसन्धान पद्धति महत्वपूर्ण हुन्छ । अनुसन्धानमा उपयुक्त विधि अपनाई आफ्नो अध्ययनको उद्देश्य उन्मुख हुन अति आवश्यकत छ । अनुसन्धानको विश्वसनीयता र प्रभावकारिता कति छ भन्नका लागि त्यो अनुसन्धान कति व्यवस्थित विधिबाट गरिन्छ र त्यो विधि लक्षित उद्देश्य हाँसिल गर्न कति सार्थक रहन्छ भन्ने कुरामा भर पर्छ । यस अनुसन्धानको मुख्य जोड मौरीपालन व्यवसायले उनीहरूको जीविकामा पारेको सामाजिक परिवर्तनको अध्ययन गर्नु रहेको छ । यस अध्ययन अन्तर्गत अनुसन्धान ढाँचा निम्नानुसार रहेको छ :

- यो अनुसन्धान मुख्यतया व्याख्यात्मक र वर्णनात्मक ढाँचामा आधारित छ ।

## ३.३ जनगणना विधि

कपिलवस्तु जिल्लाको बाणगंगा न.पा. वडा.नं. ५, ६ र ७ अन्तर्गत पर्ने मटेरिया, कोपवा, झण्डा र सिमलखोर भग्लापुर, मोतीपुर र जगदिशपुर गाउँका ८० घर मौरीपालन व्यवसाय गर्ने कृषकहरूलाई नै जनगणना विधि द्धारा उनीहरूलाई उत्तरदाताहरूको रूपमा छनौट गरिएको छ । छनौट भएका मौरीपालन गर्ने कृषकहरूलाई अध्ययनको एकाई मानी छनौटमा परेका सम्पूर्ण कृषकहरूलाई उत्तरदाता मानि उनीहरूसँग अन्तरवार्ता अनुसूची, वैयक्तिक अध्ययन, अवलोकन आदि तथ्यांक संकलनका विधिको माध्यमबाट प्राथमिक तथ्यांक संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्क स्रोत र प्रकृति

शोध कार्यको उद्देश्यको आधारमा तथ्यांक संकलन गर्दा दुई तरिकाबाट तथ्यांक संकलन गरिएको छ । प्राथमिक स्रोतका आधारमा तथ्यांक संकलन गर्दा शोधकर्ता अध्ययन क्षेत्रमा प्रत्यक्ष रूपमा सहभागी भई अर्न्तवार्ता, अवलोकन र वैयक्तिक अध्ययनका माध्यमबाट तथ्यांक संकलन गरिएको थियो । द्धित्तीय स्रोत अन्तर्गत विभिन्न पत्र-पत्रिका, पुस्तक सञ्चारका माध्यमहरू, सूचना, विभिन्न किसिमका वेवसाईटहरू साथै विषय वस्तुसँग सम्वन्धित भएका शोधपत्र आदिको अध्ययन अनुसन्धानको क्रममा अध्ययन गरिएको छ । तथ्यांकको प्रकृति दुई प्रकारका हुन्छन् । गुणात्मक अनुसन्धानमा अध्ययनको प्राथमिक उद्देश्य, परिस्थिति, घटना, समस्या वा कार्यको व्याख्या गर्ने गरिन्छ । संख्यात्मकता प्रयोग बिना नै परिस्थिति, घटना र समस्यामा केन्द्रित रहेर विश्लेषण गरिन्छ । यस अनुसन्धानमा पनि विभिन्न विषयहरूलाई गुणात्मक अनुसन्धान गरिएको छ । घटना परिस्थिति, समस्या वा कुनैपनि विषयलाई आधार वानाएर संख्यात्मक रूपमा अनुसन्धान गर्न यस अनुसन्धान विधिको प्रयोग गरिन्छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

कुनै पनि अध्ययन अनुसन्धान कार्य सम्पन्न गर्दा विभिन्न किसिमका तथ्यांक संकलन विधिहरू अवलम्वन गरिएको हुन्छ । यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतलाई आधार मानिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तवार्ता अनुसूची, अवलोकन, वैयक्तिक अध्ययन गरी सूचना संकलन गरिएको छ । द्धित्तीय स्रोत अन्तर्गत पत्र-पत्रिका, पुस्तक,

सञ्चारका माध्यमहरू, सूचना, विभिन्न किसिमका वेवसाईटहरूबाट शोधपत्रहरूको अध्ययन गरिएको छ ।

#### ३.५.१ अन्तवार्ता अनुसूची

सम्वन्धित विषयवस्तुमा केन्द्रित रहेर कपिलवस्तु जिल्लाको बाँणगंगा न.पा. वडा.नं ५, ६ र ७ अन्तर्गत पर्ने मटेरिया, कोपवा, झण्डा र सिमलखोर भग्लापुर, मोतीपुर र जगदिशपुरमा वसोवास गर्ने मौरीपालक कृषकहरूको उनीहरूले गरेको मौरीपालन व्यवसायले उनीहरूको जीविकोपार्जनमा पारेको सामाजिक प्रभावका बारेमा अध्ययन केन्द्रित रहेको थियो।

#### ३.५.२ अवलोकन

अनुसन्धानको एउटा महत्वपूर्ण विधि भनेको अवलोकन विधि हो । यस विधि अनुसार अध्ययन गर्दा शोध कर्ता स्वयम अध्ययन क्षेत्रमा गई उत्तरदाताहरूको घरमा, कार्य क्षेत्रमा नै प्रत्यक्ष रूपमा अवलोकन गरिएको थियो। यस विधि मार्फत उत्तरदाताहरूको रहन सहन, मौरीपालन व्यवसायले उनीहरूको जीविकोपार्जनमा पारेको असर एवं यस व्यवसायबाट उनीहरूको आर्थिक, सामाजिक अवस्थामा पारेको प्रभावको अवलोकन गरिएको थियो ।

#### ३.५.३ वैयक्तिक अध्ययन

अनुसन्धानलाई अझै बिश्वसनियता र स्पष्ट पार्नको निम्ति यस अध्ययनमा वैयक्तिक अध्ययनलाई समावेश ज्ञढ गएिको छ । मौरीपालन व्यवसायले उनीहरूको जीविकोपार्जनमा पारेको सामाजिक असरको बारेमा अध्ययन गरिएको छ । ८० घरधुरीका मौरीपालन गर्ने मौरी कृषकहरूबाट ४ जनाको वैयक्तिक अध्ययन गरिएको छ । जसमा ३ जना पुरुष कृषकहरू र १ जना महिला कृषकहरू छनौट गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत अध्ययन अनुसन्धानमा तथ्यांकको विश्लेषण गुणात्मक तथा संख्यात्मक रहेको छ । मौरीपालन व्यवसायमा संलग्न कृषकहरूको बिचारलाई आधार मानेर यो अध्ययन गरिएको छ । सबै संकललित सुचनाहरू, तथ्यांकहरू जम्मा गरी प्रमुख तालिकामा मिसावट गरिएको छ । सबै तथ्यांकहरूलाई सामान्य गणितीय र तथ्यांकीय जस्तै औषत प्रतिशतमा

विश्लेषण गरिएको छ । जम्मा गरिएका सूचनाहरू अध्ययनको उद्देश्य अनुरूप स्थान कोडिङ्ग, तालिकीकरण र वर्गीकरण गरी तथ्यांकलाई तथ्यांकीय र गणितीय रूपमा विश्लेषण गरिएको छ । यसमा मौरी कृषकहरूबाट प्राप्त सूचनाहरूलाई तुलनात्मक, विश्लेषणात्मक, तथ्यांकीकरण र मानचित्रबाट देखाइएको छ ।

# अध्याय चार

# मौरीपालक कृषकहरूको जीविका जनसाङ्ख्यिक विवेचना

## ४.१ अध्ययन क्षेत्रको सामाजिक अवस्थिति

यस नगरपालिका भित्र बसोबास गर्ने जातजातिमा थारु, ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, दलित, यादव र मुसलमान लगायतका जातजाति रहेका छन्। नगरपालिकामा बसोबास गर्ने मानिसहरूको मुख्य पेसा कृषि, व्यापार, उद्योग, नोकरी आदि रहेको छ । भौगोलिक रूपले समथर भूमि भएकोले यहाँ मुख्य गरी धान, मकै, गहुँ, तोरी, माछापालन, कुखुरा, मौरीपालन, पशुपालन लगायतका कृषि तथा पशुजन्य उत्पादनहरू बढी हुने गरेको छ । यहाँका जनताको मुख्य पेसा कृषि नै हो । समयको परिवर्तन सँगै मानिसले परम्परागत कृषि पेसालाई आधुनिक तरिकाले परिमार्जन गर्दै खेतिपाती, पशुपालन, माछापालन, कुखुरापालन, रेशम खेती गर्दै मौरीपालन तर्फ अग्रसरता देखाएको पाइन्छ। आफ्नो आर्थिक अवस्था वृद्धि गर्ने दृष्टिकोणले कपिलबस्तु जिल्लाका विभिन्न ठाउँहरूमा जस्तै भग्लापुर, मोतिपुर, जगदिशपुर, शिवपुर जस्ता ठाउँहरूमा मौरीपालन व्यवसाय गर्दै आएको पाइन्छ। विशेषतः बाणगंगा न.पा. वडा.नं ५ को झण्डा, मटेरिया, सिमलखोर र कोपवा, भग्लापुरा, मोतीपुर र जगदिशपुर गाउँमा एकल रूपमा मौरीपालन व्यवसाय गर्दै आएको पाइन्छ।

## ४.२ अध्ययन क्षेत्रका मौरी कृषकहरूको जीविकाको विशेषता

| टोल/गाउँ वडा नं ५ | घर धुरी संख्या/गुजारा कृषि पेसा | घर धुरी कृषि/बैदेशिक रोजगार पेसा | घर धुरी कृषि/तरकारी/माछापालन | घर धुरी कृषि/सरकारी जागिर |
|---|---|---|---|---|
| मटेरिया | १० | २ | ४ | - |
| झण्डा | ४ | ३ | २ | १ |
| कोपवा | ३ | २ | ३ | - |
| सिमलखोर | ६ | - | २ | - |
| भग्लापुर | ७ | ३ | ३ | १ |
| मोतीपुर | ८ | १ | ३ | १ |
| जगदिशपुर | ६ | १ | ३ | १ |
| जम्मा | ४४ | १२ | २० | ४ |
| जम्मा घरधुरी | ८० | | | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

## ४.३ मौरी कृषकहरूको उमेरको आधारमा वर्गीकरण

अध्ययन गरिएको मौरी कृषकहरूलाई उनीहरूको उमेरको आधारमा विभिन्न समूहमा वर्गीकरण गरिएको छ। जस मध्ये उमेरलाई ४ समूहमा वर्गीकरण गरिएको छ।

**तालिका ४.१ : उमेरको आधारमा वर्गीकरण**

| उमेरका आधारमा मौरी कृषकहरूको विवरण | जम्मा कृषकहरूको संख्या | प्रतिशत |
|---|---|---|
| ३०-४० वर्ष | ४० | २५ |
| ४१-५० वर्ष | ८० | ५० |
| ५१-६० वर्ष | ३० | १८.७५ |
| ६१ वर्ष भन्दा माथि | १० | ६.२५ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*


माथि उल्लेखित उमेरको आधारमा प्राप्त सर्वेक्षण अनुसार ३० देखि ४० वर्ष माथिका समूहमा ४० जना अर्थात् २५ प्रतिशत रहेको छ। त्यस्तै गरी ४१ देखि ५० वर्ष उमेरका समूहमा ८० जना अर्थात् ५० प्रतिशत रहेको छ भने ५१ देखि ६० वर्ष माथिका समूहमा ३० जना रहेको छ अर्थात् १८.७५ प्रतिशत छ। सबै भन्दा कम ६१ वर्ष भन्दा माथिका १० जना अर्थात् ६.२५ प्रतिशत रहेको देखिन्छ। यसबाट के प्रष्ट हुन्छ भने ४१ देखि ५० वर्षको उमेरका कृषकहरू बढी यो पेसामा सक्रिय रहेको पाइयो।

## ४.४ लिङ्गको आधारमा मौरी कृषकहरूको वर्गीकरण

यस अध्ययनमा बाणगंगा न.पा. वडा.नं ५, ६ र ७ अन्तर्गतका (मटेरिया, कोपवा, झण्डा, सिमलखोर, भग्लापुर, मोतीपुर र जगदिशपुर) मौरीपालन व्यवसाय गर्ने कृषकहरूसँग मात्र सम्बन्धित रहेको छ। अध्ययनका लागि ८० घरधुरीहरू रहेका छन्। मौरीपालक कृषकहरूको संख्यालाई लिंङ्गका आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छ।

चित्र४.१

लिङ्गको आधारमा वर्गीकरण




*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*


माथिको चित्र अनुसार अध्ययन गरिएको ८० घर परिवारमा महिला संख्या ७९ अर्थात् ४९.३७ प्रतिशत र ८१ जना पुरुष अर्थात् ५०.६३ प्रतिशत रहेको छ । जसमा महिला भन्दा पुरुषहरू नै केही बढी भएता पनि समग्रमा महिलाको सहभागितालाई सकारात्मक रूपमा नै लिइएको छ ।

## ४.५ जातीय आधारमा उत्तरदाताहरूको विवरण

जातीय विभाजनले गर्दा नेपालका पिछिडिएका जनजातिहरूको उत्थानका लागि अध्ययन अनुसन्धान गर्दा अनुसन्धानकर्ताले उनीहरूसँग अन्तरक्रिया गर्दा उत्तरदाताहरूको भावना र संवेदनशिलतामा ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ । यसर्थ नेपालको सन्दर्भमा उच्च जात र निम्न जातहरूमा बिभाजित छन । जँहा पनि उच्च जातले निम्न जातलाई विभिन्न दृष्टिकोणबाट दवाउने प्रचलन पनि रहेको छ । तर समयको परिवर्तनसँगै विभिन्न संघसंस्थाबाट प्राप्त जनचेतनाको कार्यक्रमले गर्दा जातीय बिभेद घटने क्रममा रहेको देखिएको छ । जातजातिको हिसाबले यो व्यवसायमा संलग्न कृषकहरूको तालिकाद्वारा प्रष्ट पारिएको छ ।

चित्र ४.२

जातीय आधारमा उत्तरदाताहरूको विवरण




*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रमा जातीय हिसावले हेर्दा थारु, ब्राहमण, क्षेत्रीको मात्र सहभागिता रहेको र जसमा ब्राह्मण ९० जना अर्थात ५६.२५ प्रतिशत, थारु ५६ जना अर्थात ३५ प्रतिशत, क्षेत्री १४ जना ८.७५ प्रतिशत रहेका छन । यस हिसावले हेर्दा मौरीपालन व्यवसाय गर्ने कृषकहरूमा ब्राह्मणको नै बाहुल्यता रहेको अनुसन्धानको क्रममा देखिएको छ ।

## ४.६ धर्मका आधारमा उत्तरदाताहरूको विवरण

समाजलाई एकता र नियमको डोरी भित्र जकडेर राख्न सक्ने एकमात्र हतियार भनेको धर्म नै हो। मानिसले काम गर्ने शिलशिलामा यदि पाप र धर्म भन्ने चिज हुने थिएन भने समाज आजको यस्तो अवथामा आउने थिएन । हुनत विभिन्न धर्महरूमा आ आफ्नो समाजलाई व्यवस्थित गर्ने विभिन्न नियमहरू रहेका हुन्छन्। नेपालमा विशेषगरी दुईवटा धर्मलाई विशेष महत्वकासाथ मान्ने गरिन्छ । पहिलो हिन्दु धर्म र दोस्रो बौद्ध धर्म । समयको माग सँगै अहिले आएर धर्म निरपेक्ष राष्ट्र घोषित भईसकेको छ ।

स्थलगत अनुसार अध्ययन क्षेत्रमा मौरीपालन व्यवसायमा ब्राहमण ९० जना, थारु ५६ जना र क्षेत्री १४ जना मात्र रहेकोले उनीहरू सबै हिन्दु धर्म मान्ने भएकोले धर्मका

आधारमा यस क्षेत्रमा मौरीपालन गर्ने व्यवसायमा संलग्न १०० प्रतिशत हिन्दु धर्म मान्ने कृषकहरू रहेको पाइयो। यस क्षेत्रमा बसोवासको हिसावले विभिन्न जातजाती जस्तै ब्राहमण, क्षेत्री, थारु, गुरुङ्ग, मुसलमान केही मात्रमा यादव, चमारको भएता पनि मौरीपालन गर्ने कृषकहरूमा ब्राहमण, क्षेत्री र थारु मात्र रहेको र उनीहरू सबै हिन्दु धर्म मान्ने भएकोले उनीहरूको भाषा पनि खस भाषा नेपाली नै रहेकोले अध्ययन कर्तालाई अर्न्तवार्ताका समयमा भाषाको सहजता भएको र अन्य भाषाविद्सँग परामर्श लिनुपर्ने आवश्यकता नरहेको पाइयो । अध्ययन क्षेत्रमा चाड पर्वका रूपमा दशै तिहार, छठ पर्ब, माघी पर्व, मुसलमानहरूले बकर ईद, तजीया, मोहरम जस्ता पर्वहरू मनाउने गरेको पाइयो। अध्ययन क्षेत्रमा मन्दिर, मस्जिद, गोरियामाई जस्ता मन्दिर रहेको पाइयो। यस अध्ययन क्षेत्रका घर हरू अधिकांश आर.सि.सि.पक्की नै रहेको र केही केही घरहरू टिनको छानो र ईँटाको गाह्रो भएको कच्ची घर पाइयो। यस क्षेत्रका मौरी कृषकहरू अत्यन्तै सहयोगी स्वभावका भएका र तिनीहरूले एक अर्काको बीचमा पूर्ण सहयोग गर्ने गरेको अनुसन्धानको क्रममा पाइयो।

यस क्षेत्र प्राकृतिक रूपले सुन्दर छ र आर्थिक रूपले सुस्त सुस्त अगाडि बढीरहेको छ । यस क्षेत्र सरसफाईको हिसावले पनि अगाडि नै रहेको छ । यहाँका मौरीपालक कृषहरूले हरेक हप्ता आफ्नो टोल छिमेकमा बाटो, पार्टी पौवालाई सफाई गर्ने गर्दछन्। जसले गर्दा मौरीहरूको लागि पनि सरसफाई अत्यन्तै आवश्यक हुन्छ । हरेक मौरी कृषकहरूले आ आफ्ना मौरी घारहरू गाई, गोठका नजिक राख्दैनन् किनभने मौरीलाई अलिकती पनि फोहोरो मन पर्दैन त्यसैले उनीहरूले मौरीका घारहरू आँगन, पिढी, बारी र बगैचामा राखेका हुन्छन्। धेरैजसो मौरी कृषकहरूका घरहरू गाउँमा नै हुने भएकोले उनीहरूले पशुपालन, कुखुरा परेवा पनि पालेको देखिन्छ, यिनीहरूको घरको वनावटलाई हेर्दा यिनीहरूको आर्थिक अवस्था मध्यम वर्गको भन्न सकिन्छ ।

प्रत्येक जात जाति र समुदायका मानिसहरूले आफ्नो जात अनुसारको पहिरन लगाएको पाइन्छ तर आज शिक्षा, सञ्चार र यातायात क्षेत्रको सुविधाले केही प्रभाव पारेको पाइन्छ । अध्ययन क्षेत्रमा अधिकांश जात ब्राहमण, क्षेत्री रहेको अन्य थारु रहेकोले ब्राहमण, क्षेत्रीले आफ्नै जात अनुसार भेष भूषा लगाउने र थारुहरूले आ-आफ्नै पहिरन लगाउने गरेको पाइन्छ । हरेक जातजातिको आ आफ्नै रहन सहन भएको हामी देख्दछौं । मानव समाजलाई चिनाउने आधार नै उसको धर्म सस्कृती हो । संस्कृतीको निर्माण, सम्बर्धन र पालनले गर्दा नै मानव सभ्यता विकसित हुँदै दिन प्रतिदिन खारिदै आएको गएको छ । यस

क्षेत्रका मौरी कृषकहरूले पनि आदर, सत्कार, आज्ञापालन, सहयोग गर्ने जस्ता कार्यहरू मा अग्रसरता देखाई सामुहिकतामा गर्ने बानि बसालेको पाइन्छ । विभिन्न जातजातिहरूले आफ्नो परम्परागत चाडपर्वमा नाँचगान गर्दै रमाईलो गर्दै आएका हुन्छन् साच्चै भन्ने हो भने मौरी कृषकहरू मध्ये धेरैले, हिन्दु धर्म मान्ने हुनाले हिन्दु धर्म सस्कारका चाडपर्व,तीज, दशै, तिहार, साउने र माघे सक्रान्ति, चैते दशै, फागु पूर्णिमा, नाग पञ्चमी जस्ता चाडपर्वहरू धुमधामसँग मनाउने गरेको कुरा अनुसन्धानबाट देखियो।

नेपाल गरिब मूलुक हो। यहाँका मानिसहरू सबै जसो कृषि कर्म गरेर जीवन निर्वाहा गर्दछन् विशेष गरेर ग्रामीण ईलाकाका मानिसहरू अधिकतम समय कृषि उत्पादनमा आफ्नो अमूल्य जीवन अर्पण गरेका हुन्छन्। ग्रामीण ईलाकामा माटो सुहाउदो आधुनिक कृषि पद्धती पुग्न सकेको छैन । जहा परम्परागत रूपमा धान, मकै, गहुँ बाली लगाउदै आएको पाइन्छ । जसबाट परिवारको गुजारा मात्र भएको हुन्छ । जसको फलस्वरूप मानिसको स्वास्थ्यमा प्रतिकुल असर परिरहेको हुन्छ । यस अध्ययन क्षेत्र पनि एक ग्रामीण ईलाका नै हो। यस द्द्ध क्षेत्रका सबै मानिसहरूको पेसा भनेको परम्परागत कृषि नै हो। समय र माटो सुहाउदो, फलफूल, तरकारी, नगदेवाली, खाद्यान्न बालीमा नयाँ र नौलो अवधारणा आएको छैन । यसर्थ पनि पर्याप्त खाद्यान्नको अभावमा कृषकहरूको वृद्धि विकासमा ब्यापकता ल्याउन सकेको छैन । त्यसैले खानामा प्रशस्त पोषक तत्व बढाउनका लागि सबै कृषहरूले तरकारी खेती, फलफूल खेती, मौरी खेती गर्नु आवश्यक छ । जसले मानिसहरूको स्वास्थ्यमा वृद्धि भई मानव विकासको तहमा ठूलो टेवा मिल्ने थियो।

अक्सर गरेर मौरी पलन गर्ने कृषकहरू सबैले घरमा पशुपालन तथा खेतीपातीहरूका साथै मौरीपालन पनि गरेको हुनाले उनीहरूको स्वास्थ्यमा फाईदा पुगेको देखिएको छ । जसले खेतीपाती गरेको ठाउँमा मौरीपालन गर्नु भएको छ र उसको खेतीपातीमा राम्रोसँग परागसेचन भई उत्पादनमा वृद्धि हुनुका साथै यसका सबै पक्षबाट फाईदा भएको कुरा अनुसन्धानबाट देखिएको छ ।

मौरीपालक कृषकहरूले पनि आफ्नो वृद्धि विकासको लागि नेतृत्वलाई बढी जोड दिईएको पाइन्छ । अध्ययन क्षेत्रमा मौरीपालक व्यवसायीहरूको घरधुरी टाढा टाढा रहे पनि रेख देख गर्नका लागि अगुवा कृषक हुम बहादुर न्यौपानेको नेतृत्वमा एक समूह गठन गरेको पाइन्छ । एक कुशल अगुवा कृषक रहेको उहाँले मौरीका अलावा आधुनिक तरकारी खेती पनि गर्नु भएको पाइन्छ । मौरी कृषकहरूलाई मौरी सम्वन्धी तालीम जिल्ला मौरी संघ

कपिलबस्तुले दिएको थियो। अध्ययन क्षेत्रमा थारु जातिको बाहुल्यता भएता पनि थारु जातिले नगन्य रूपमा मौरीपालन गरेको ब्राह्मण क्षेत्रीहरूको देखासिकीमा केही केही थारु जातिले पनि मौरीपालन व्यवसाय गर्न थालेको अध्ययनबाट पाइयो । यसले गर्दा थारु समुदायहरूमा पनि बढी आत्मीयता बढेको देखिन्छ । अध्ययन क्षेत्रमा विभिन्न जात जातिको बसोवास भएकोले तिनीहरूको आफ्नै आफ्नै जातीय परम्परा अनुसार आफ्नै ढाँचाको संस्कार रहेको अनुसन्धानमा पाइयो। यस किसिमको जातीय परम्परामा धर्मले ठूलो प्रभाव पारेको हुन्छ । धर्म भनेको अमूर्त र एउटा जनमानसमा पारेको बिश्वास मात्रै हो। वास्तवमा धर्म र संस्कार भनेको समाज चलाउने र समाजमा शान्ति र सुरक्षा कायम राख्ने एउटा हतियार र विश्वास हो । पाप पुण्य भनेको धर्ममा आधारित सजाय र पुरस्कार हो । पाप र पुण्यको आधारमा कुकर्महरूलाई हतोत्साहित गर्न र सुकर्महरूलाई प्रोत्साहन गर्ने कर्म जुन समाजमा सजिलै स्वीकार गरिन्छ वास्तवमा त्यो नै संस्कार हो।

मौरीपालन गर्ने मौरी कृषकहरू पनि विभिन्न जात जातिका रहेका छन्। जसमा उनीहरूले गर्ने संस्कारहरूमा बच्चाको जन्म संस्कार, छैठी, न्वारान, भात खुवाई, व्रतवन्ध, बिहे साथै मृत्यु संस्कारहरू हुन । बच्चा जन्मिदा सबै जातिमा छैठी गर्ने चलन रहेको छ । आफ्नो रिती रिवाज अनुसार न्वारान गरिन्छ । न्वारानको दिनमा बच्चको नामाकरण गरिन्छ । यदी बच्चा ज्योतिषिसँग हेराउदा मूल परेको, औंशीमा जन्मेको छ भने स्वस्ती शान्ति गर्ने चलन रहेको छ । बच्चा जन्मिएको ६ महिनापछि बच्चाको भात खुवाई वा पास्नी गर्ने चलन रहेको छ । भात खुवाईको दिनमा बच्चालाई चोखो कपडा लगाई चोखो भात खुवाई टीका लगाईदिने प्रचलन रहेको छ । मन्दिरमा लगी दर्शन पनि गराउने चलन रहेको छ । ३/४ वर्षको उमेरमा बच्चाको पहिलो पटक कपाल खौरने वा मुण्डन गर्ने चलन पनि रहेको छ । उक्त दिन आफ्नो ईज्यत आमद् अनुसार भोज भतेरद्छ पनि खुवाईन्छ । यो चलन प्राय सबै जातिमा रहेको पाइन्छ । ब्राहमण क्षेत्री जातिहरूमा केटाको विशेष गरी ७/११/१५ वर्षमा व्रतवन्ध गर्ने प्रचलन रहेको छ । ब्रतबन्ध नगरेको मानिसले गरेको केही कार्यको पनि फल पाईदैन भन्ने हिन्दु शास्त्रमा उल्लेख गरेको छ । व्रतवन्ध गरे पछि जनै लगाउने, बिहान बेलुका मन्त्र जप गर्नुपर्ने चलन रहि आएको छ । व्रतवन्ध गरेपछि त्यो छोराले गरेका सबै देवकार्य र पितृकार्य पूर्ण हुन्छन्।

त्यस्तै गरी विवाह संस्कार पनि एक मानिन्छ । वास्तवमा विवाह भनेको उमेर पुगेका केटाकेटीहरूलाई समाजले पती र पत्नीको रूपमा बरुण तथा ग्रहण गर्ने सामाजिक मान्यता

हो। विवाह पछि उनीहरूको यौन सम्वन्ध राख्ने र बच्चा जन्माउने अधिकारको समेत सृजना हुन्छ । विवाह अगाडि कुनै पनि केटा केटी बीचको यौन सम्वन्धलाई समाजले मान्यता दिएको हुँदैन । त्यसैले यौन सम्बन्धका साथै पुरुषले स्त्रीमाथि र स्त्रीले पुरुषमाथि वैधानिक रूपमा अधिकार पाउन गरिने संस्कार नै विवाह हो। विवाहको सुरुवात हुनुभन्दा पहिला जुन एक समूहका स्त्रीमाथि अर्को समूहका पुरुषहरूले सम्बन्ध राख्दथे जसबाट जन्मिएका बच्चालाई उसका बावु चिनाउन अप्ठ्यारो पर्दथ्यो। यस सम्बन्धमा मानवशास्त्री मोर्गानले एंगेल्सको परिवार निजी सम्पती र राज्यको उत्पत्ती सम्बन्धी पुस्तकमा उल्लेख गर्नु भएको छ । त्यस बखत स्त्रिले बढी मात्रमा याताना भोग्नु पर्दथ्यो । यातना र बच्चा अलपत्र पर्ने कारणले गर्दा विवाहको विकास भयो भन्ने समाजशास्त्रीहरूको भनाई छ । पछि आएर विवाहको विकासले विभिन्न रूप लियो। विभिन्न समूह र जनजातिहरूमा विवाहसम्बन्धी आ-आफ्नै परम्पराको विकास हुँदै गयो । यसैको परिणाम स्वरूप आज पनि विभिन्न जातजातिहरूको बैवाहिक रिती रिवाज आ-आफ्नै किसिमको छ । तर हाम्रो नेपाली समाजमा विवाह सम्बन्धमा मूलुकी देवानी संहिता २०७५ ले हाडनाता भित्र विवाह गर्न निषेध गरेको र उमेरको समेत हद तोकेको र केही आ-आफ्नो सामाजिक परम्परा अनुसार नाता भित्र पनि विवाह गर्न पाईने छुट समेत दिएको पाइन्छ । अहिले पनि केही गुरुङ्ग जातिमा मामा चेला फुपु चेली बीचमा हाडनातामा विवाह लिने दिने गरेको र कानूनले पनि छुट दिएको पाइन्छ ।

मानिस संघर्षशील प्राणी भएकोले जन्मदेखि मृत्युसम्म नै विभिन्न संघर्ष गर्दै आएको हुन्छ । शास्त्रले भनेको छ "मृत्यु भनेको साच्चैको मृत्यु हैन यो शरीरलाई छोडेर आत्मा अरु ठाउँमा सरेको मात्रै हो" । आखिर जे भएपनि मानिस जन्मेपछि मृत्यु अकाट्य नियम हो । राजादेखि रैती सम्म सबै जीव जीवात्मा, प्राणी बनस्पतीले मर्नु पर्दछ । मानिस बाँचुन्जेल सबैको प्यारो हुन्छ । जब मानिसको शरीरबाट प्राणले छोड्छ तव त्यो मूर्दालाई लास भनिन्छ । लासलाई आ-आफ्नो जात धर्म अनुसार नदी किनारमा लगी जलाउने वा गाड्ने काम गरिन्छ । यस क्षेत्रका मौरी कृषकहरूमा पनि केही थारु समुदायले लासलाई नदी किनारमा लगेर गाड्ने गर्दछन् भने केही थारु जातले जलाउने पनि गर्दछन्। ब्राहमण क्षेत्री जातले भने लासलाई नदी किनारमा लगेर जलाउने र १३ दिन सम्म क्रिया गर्ने बस्ने र क्रियाबाट निस्के पछि १ वर्ष सम्म बर्खि बार्ने गर्दछन्। जसमा बर्खी भनेको कसैको घरमा नबस्ने, कसैले छोएको नखाने, असन चिज नखाने (जस्तै लसुन, प्याज) । १ वर्ष पुगे पछि तिथिका दिन सबै


मलामीहरू पुन बोलाई दान पुण्य गर्ने मिठो मिठो खुवाउने ईत्यदी गर्दछन्। आ-आफ्नो संस्कार अनुसार हरेक वर्ष मरेको दिनमा धार्मिक परमपरा अनुसार तिथि पारेर श्राद्ध गर्ने परम्परा पनि यस क्षेत्रमा रहेको छ । यसरी अध्ययन क्षेत्रका मौरी कृषकहरूमा पनि यस किसिमको धार्मिक संस्कार रहेको अनुसन्धानको क्रममा पाइयो।

## ४.७ पेसाका आधारमा मौरी कृषकहरूको विवरण

अध्ययन गरिएको यस बाणगंगा न.पा. वडा नं. ५, ६ र ७ का ८० घरधुरीका मौरी कृषकहरूको मौरीपालन व्यवसायको अलावा अरु विभिन्न पेसामा आवद्ध भएको अनुसन्धानबाट पाइयो। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**चित्र ४.३**

**पेसागत आधारमा मौरी कृषकहरूको वर्गीकरण**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार अध्ययन गरिएको मौरीपालन गर्ने कृषकहरूको पेसालाई हेर्दा ८८ जना मौरी कृषकहरूको शुद्ध कृषि पेसा अपनाई आफ्नो जीविका चलाएको पाइन्छ । जसको प्रतिशत ५५ आँकडा रहेको छ । कृषि पेसा सँगसगै वैदेशिक रोजगार अपनाउने मौरी कृषकहरूको संख्या २४ अर्थात् १५ प्रतिशत आँकडा रहेको छ । त्यस्तै गरी कृषि पेसा सँगसँगै आधुनिक तरकारी खेती अपनाउने मौरी कृषकहरूको संख्या ४० रहेको अर्थात् २५

प्रतिशत रहेको छ भने कृषिका अलावा सरकारी जागीर गर्ने मौरी कृषकको संख्या ८ अर्थात् ५ प्रतिशत रहेको देखिन्छ । मौरीपालन व्यवसाय गर्ने कृषकहरूमा सबै भन्दा बढी शुद्ध परम्परागत रूपमा कृषि पेसा अपनाउने कृषकहरूको संख्या अत्यधिक रहेको छ ।

## ४.८ मौरीपालन व्यवसाय गर्ने कृषकहरूको शैक्षिक विवरण

मानिसको लागि शिक्षा अनिवार्य आवश्यकता हो तापनि अध्ययन क्षेत्रमा वसोबास गर्ने मौरी कृषकहरूको शैक्षिक अवस्था त्यति सवल रहेको पाईदैन । अध्ययन गरिएको मौरीपालन गर्ने कृषकहरूको परिवारको संख्यालाई शैक्षिक स्थितिको आधारमा वर्गीकरण गरिएको छ ।

**तालिका ४.२ : मौरीपालन व्यवसाय गर्ने कृषकहरूको शैक्षिक विवरण**

| शिक्षाको स्तर | कृषक संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | १६ | १० |
| साक्षर | ४० | २५ |
| एस.एल.सी | ८८ | ५५ |
| प्रमाणपत्र तह | १६ | १० |
| जम्मा | १६० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार पढ्न लेख्न नजान्ने अर्थात् अक्षर नचिन्नेलाई निरक्षर, अलि अलि पढ्न र लेख्न जान्नेलाई साक्षर र हाई स्कुल पास गरेकोलाई एस.एल.सि. र उच्च शिक्षा पास गरेको लाई प्रमाणपत्र तहमा राखिएको छ । तालिका अनुसार समग्रमा निरक्षर अर्थात् पढ्न लेख्न नजान्नेको संख्या न्यून रहेको छ । अध्ययन क्षेत्रमा ९० प्रतिशत मौरीपालन व्यवसाय गर्ने कृषकहरू पढ्न लेख्न जान्ने नै पाइयो।

## ४.९ मौरीपालन बाहेक अन्य आम्दानीको स्रोतका आधारमा उत्तरदाताहरूको विवरण

### ४.९.१ व्यापार

अध्ययन क्षेत्रका मौरीपालन व्यवसाय गर्ने कृषकहरूको अधिकांश कृषकहरूको शुद्ध पेसा परम्परागत कृषि पेसा नै रहेको र केही कृषकहरूले तरकारी खेती, केहीले पशुपालन व्यवसाय गर्दै मौरीपालन व्यवसायलाई मात्रै आय आर्जनको पेसा नमानी अन्य पेसा गर्दै आय आर्जन गरेको देखिन्छ ।

### ४.९.२ श्रमिक/ज्याला

जातीयताका दृष्टिकोणले यो पेसा अगाल्नेमा अधिकांश ब्राहमण, थारु र क्षेत्री नै रहेको र यिनीहरूले आफ्नो कृषि पेसाका अलावा थप मौरीपालन व्यवसाय अगालेका र यसका लागि छुट्टै श्रमिक ज्याला नलगाउने गरेका आफ्नै पारिवारिक श्रम खर्च गरेर थप मौरीपालन व्यवसाय गरेको पाइयो।

### ४.९.३ वैदेशिक रोजगार

यस अध्ययन क्षेत्रका मौरीपालन गर्ने केही कृषकहरूका छोराछोरीहरू बैदेशिक रोजगार(गल्फ कन्ट्री) मा संलग्न रहेका र जसबाट थप आय आर्जन भई घर व्यवहार चलाउन सहज भएको अध्ययनबाट देखियो।

## ४.१० मौरीपालन व्यवसाय गर्ने कृषकहरूका छोराछोरीको शिक्षामा लगानी

मौरीपालन व्यवसाय गर्ने कृषकहरू अधिकांश पढ्न लेख्न जान्ने नै हुनुहुन्छ । यद्धपी उहाँहरूले आफ्ना सन्ततीहरूलाई शिक्षा दिनका लागि धेरै मिहनत गर्नुभएको पाइयो। आफूहरूले विविध कारणले पढन लेख्न नपाएका कारणले आफ्ना छोराछोरीलाई उनीहरूको ईच्छा र चाहना अनुसार उच्च शिक्षा सम्म पढाउनका लागि निरन्तर लागिरहने बताउनु भयो ।

**तालिका ४.३ : मौरीपालन व्यवसाय गर्ने कृषकहरूका छोराछोरीको शिक्षामा लगानी**

| विद्यालय/क्याम्पस | संख्या | प्रतिशत |
|---|---|---|
| निजी | २४ | ३० |
| सरकारी | ५६ | ७० |
| अन्य | ० | ० |
| जम्मा | ८० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार मौरीपालन व्यवसाय गर्ने कृषकहरूका छोराछोरीहरूलाई निजी विद्यालय/कलेजमा २४ घरधुरी संख्या, ३० प्रतिशत रहेकाछन् भने सरकारी विद्यालय/कलेजमा ५६ घरधुरी संख्या, ७० प्रतिशत आँकडा रहेको छ । यसर्थ यो तालिकालाई हेर्दा मौरीपालन व्यवसाय गर्ने कृषकहरूले निजी विद्यालय/कलेज भन्दा सरकारी विद्यालय/कलेजमा आफ्नो छोराछोरी पढाएर अगाडि बढाउन खोज्नु भएको कुरा अध्ययनबाट खुल्न आएको छ ।

## ४.११ जमिनका आधारमा वर्गीकरण

बाँणगंगा न.पा. वडा.नं. ५ का मौरीपालन व्यवसायमा संलग्न कृषकहरूले मिश्रित पेसा अपनाउदै आएको देखिएको छ । जहा खेतीपाती, पशुपालन व्यवसाय, तरकारी खेती र मौरीपालन पनि गरिन्छ । खेतीपातीलाई जग्गाको ठूलो भाग छुट्टयाउनुपर्ने देखिन्छ भने अध्ययन क्षेत्रमा पेसागत रूपमा मौरीपालन गर्नका लागि मौरीका घारहरू खेतबारीको बीचमा, पिडीको बीचमा राखेको पाइयो । केही मौरी कृषकहरूले मौरीको घारहरूलाई आँगनमा, खेतको डीलमा, घरको छतमा राखेर पनि मौरीपालन व्यवसाय गरेको अनुसन्धानबाट देखियो। यसले गर्दा जमिनको आधारमा छुट्टै आँकडा निकालिएको छैन ।

## ४.१२ अध्ययन क्षेत्रमा कार्यरत सहयोगी संघसंस्थाहरू

महाभारत पर्वत श्रेणिको काखमा रहेको समथर भूमि बाणगंगा न.पा वडा.नं ५ का यी स्थानहरू आफैमा ओज पूर्ण रहेका छन्। यहाँको मधुर शितलता एवं जोडिएका पहाडी जिल्ला अर्घाखाँची, पाल्पा र गुल्मीबाट ब्राहमण, क्षेत्री र केही मात्रमा अन्य जातजातिहरू पनि बसाईसराई गरी यहाँ आई बसोबास गरेको पाइन्छ । यस क्षेत्रका मानिसहरूले कृषिलाई

जीविकोपार्जनको मुख्य पेसाको रूपमा अपनाए पनि कृषिमा नयाँ क्रान्ति भने ल्याउन सकेका छैनन्। यस क्षेत्रका अधिकांश युवाहरू वैदेशिक रोजगारमा पनि संलग्न छन । यस क्षेत्रमा सार्वजनिक र निजी गरी २ वटा उच्च मा.वि., ३ वटा मा.वि., ३ वटा नि.मा.वि. र २ वटा आधारभुत गरी १० वटा विद्यालय रहेको यस क्षेत्रमा धेरै जनता अझै अशिक्षित नै छन् । भएका विद्यालयमा पनि भौतिक पुर्वाधार र शैक्षिक सामाग्री एवं अतिरिक्त क्रियाकलापको अवस्था अत्यन्तै कम्जोर रहेको अनुसन्धानबाट देखियो।

स्थानीय विकास निर्माणको कार्यप्रति समुदायको चासो र सहभागिता राम्रो देखिन्छ । राजनैतिक पार्टीका कार्यकर्ता र समाजसेवी एवं न.पा.पदाधिकारीहरूमा गाँउको आवश्यकतालाई प्राथमिकता दिई सम्भावना प्रतिको सचेतना राम्रो पाइएको छ । टोल स्तरमा गठन भएका आमा समूह र युवा क्लवको सक्रियताले सामाजिक परिचालनका कार्यक्रमलाई सहयोग मिलिरहेको देख्न सकिन्छ । यस वडालाई विकास गर्नका लागि यस क्षेत्रबाट बुटवल र काठमाण्डौ तर्फ बसाई सराई गरी गएका व्यक्तित्वहरूलाई सँगठित गरिएको र हरेक दशै तिहारमा घरमा आएको बेला उनीहरूलाई भेला गराई विकासका आवश्यक रणनीति तय गर्ने पनि गरेको पाइन्छ । यस क्षेत्रमा खानेपानीका लागि फिनिडा, महिला सशक्तीकरणका लागि महिला विकास शाखाले विभिन्न तालिम दिने गरेको छ । मौरीपालन व्यवसायका लागि जिल्ला कृषि विकास शाखा, गैरसरकारी संस्था प्याक्ट, घरेलु तथा साना उद्योग संघ, एलएफपी (गैसस), नेपाल सरकारको गरिवी निवारण संघ जस्ता संघ संस्थाहरू क्रियाशिल रहेको देखिन्छ ।

यस अध्यायलाई समग्रमा अनुसन्धानकर्ताले नियाल्दा यस वडाको आफ्नै पहिचान, अस्तित्व र ऐतिहासिकता बोकेको अनुपम नमूनाको रूपमा लिन सकिन्छ । यहाँको प्राकृतिक वातावरण मौरीपालन वयवसायको लागि अत्यन्त लाभदायक रहेको छ । यहाँका कृषकहरू एक अर्कामा सहयोगि, आफ्नो ठाउँको लागि दत्तचित्त भएर लाग्ने देखिएको छ । सामाजिक वनावटको क्रमलाई हेर्ने हो भने मौरीपालन व्यवसायमा अत्यन्तै मेलमिलाप, आफ्नो जातीयताप्रति मर्यादा र भेषभूषा प्रति विशेष जोड दिएको पाइन्छ । यहाँको सामाजिक वनावट, घरहरूको बाक्लो वस्ती एवं ठूला-ठूला भित्री बाटोले गर्दा यस वडा अत्यन्तै सुन्दरताले भरिपूर्ण भएको पाइन्छ । यस क्षेत्रमा हालसालै सबै मानिसहरूले अध्ययनलाई साम्ररी बुझेको हुनाले सरकारी एवं निजी विद्यालय, उच्च शिक्षाको लागि क्याम्पस समेतको स्थापना गरेका छन । पहिला पहिला यहाँका समुदायमा सरसफाईमा त्यति ध्यान दिदैनथे

तर हाल आएर यो व्यवसाय अपनाउन थालेदेखि जागरुक भई सरसफाईमा विशेष ध्यान दिन थालेका र एक घर एक चर्पि भन्ने नाराका साथ हरेक घरमा सौचालय स्थापाना गरेको पाइन्छ । हरेक हप्तामा एक दिन शनिबार बाटाघाटा सरसफाई गर्ने नियम बसालेको पनि पाइन्छ । अध्ययन क्षेत्रका व्यवसायी सबै विवाहित रहेकोले आफ्नो घरको घरायसी व्यवहारदेखि आफूलाई समाजमा आर्थिक र सामाजिक रूपले पनि अगाडि बढाउन लागिपरेको कुरा पनि यस अध्ययनले देखाउँछ ।

# अध्याय पाँच

# मौरीपालन व्यवासायले त्यस क्षेत्रका किसानमा पारेका सामाजिक प्रभाव

## ५.१ मौरीपालन व्यवसायको व्यवसायीकरण

यस बाँणगंगा न.पा.वडा.नं ५, ६ र ७ का मौरीपालन गर्ने व्यवसायीहरूले आफ्नो गुजारा खेतीका साथसाथै आधुनिक मौरीपालन व्यवसाय पनि गरेको पाइन्छ । अध्ययन क्षेत्रमा मौरीपालन व्यवसाय गर्ने व्यवसायीहरू अन्य विभिन्न पेसा अवलम्वन गर्नुका साथ साथै यस पेसालाई पनि एक प्रमुख पेसाका रूपमा अँगालेको पाइन्छ ।

नेपालमा मौरीपालन व्यवसायको पहिलो व्यवसायीकरण काठमाण्डौको गोकर्णबाट २०२५/२६ सालतिरबाट सुरुवात गरेको र २०३२/२०३३ सालमा ललितपुरको खुमलटारमा व्यापारिक किट बिज्ञानको स्थापना पश्चात पहिलो काभ्रेपलाञ्चोक, ललितपुर र नुवाकोटमा आधुनिक घार वितरण पश्चात थालनी भएको पाइन्छ (सिर्जना थापा, त्रि.वि.वि. पृथ्वीनाराण क्याम्पस, मौरी खेतीबाट कृषकमा परेको सामाजिक र आर्थिक प्रभाव, कास्की जिल्लाको अर्मला गाविसको अध्ययन अप्रकाशित स्रोत, २०७६) ।

अध्ययन क्षेत्रमा वि.सं २०६४ सालबाट PACT (Project for Agriculture Commercialization and Trade) भन्ने गैरसरकारी संस्थाको सहयोगमा व्यवसायिक रूपमा मौरीपालन व्यवसायको सुरुवात भएको पाइन्छ (स्थलगत सर्वेक्षण, २०७६)।

## ५.२ मौरी सम्बन्धी तालिम

यस अध्ययन क्षेत्रका मौरीपालन गर्ने मौरी व्यवसायीहरूले विभिन्न संघ संस्थाबाट तालिम लिई मौरीपालन व्यवसाय गरेको पाइयो। जुन तलको तालिकाबाट पुष्टि हुन्छ ।

**तालिका ५.१ : तालिम दिने संस्थाको नामावली**

| तालिम दिने संस्थाको नाम | तालिम लिने व्यवसायीको संख्या | प्रतिशत |
|---|---|---|
| केन्द्रीय मौरी महासंघ काठमाण्डौ | २० | २५ |
| जिल्ला कृषि विकास कार्यालय कपिलवस्तु | २८ | ३५ |
| जिल्ला मौरी संघ कपिलवस्तु | ८ | १० |
| कृषि ज्ञान केन्द्र कपिलवस्तु | १२ | १५ |
| बाणगंगा न.पा. कार्यालय ४ नं कपिलवस्तु | १२ | १५ |
| जम्मा | ८० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*


माथिको सर्वेक्षणबाट २० जनाले केन्द्रीय मौरी संघ काठमाण्डौबाट मौरी सम्बन्धी तालिम लिएको देखिन्छ । त्यस्तै २८ जनाले जिल्ला कृषि विकास कार्यालय बपिलवस्तुबाट तालिम लिएको देखिन्छ भने जिल्ला मौरी संघ कपिलवस्तुबाट ८ जनाले तालिम लिए भने, कृषि ज्ञान केन्द्र कपिलवस्तु र बाँणगंगा न.पा.बाट १२/१२ जनाले तालिम लिएको देखिन्छ जसले गर्दा यस क्षेत्रका मौरीपालन गर्ने व्यवसायीलाई यो व्यवसाय गर्न मद्दत पुगेको देखिन्छ ।

## ५.३ तालिम अवधि

कुनै पनि व्यक्ति भित्र रहेको अर्न्तनिहित ज्ञानलाई शिपमा परिवर्तन गरी व्यक्तिको धारणामा परिवर्तन ल्याउने कार्यलाई तालिम भनिन्छ । यहाँका मौरीपालन गर्ने व्यवसायीहरूले यो व्यवसायमा निखार ल्याउन विभिन्न संघ संस्थाबाट विभिन्न चरणमा तालिम लिएको पाइन्छ । जसलाई निम्न आँकडामा देखाईएको छ ।

चित्र ५.१

तालिम अवधि




*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको चित्र अनुसार मौरीपालन गर्ने व्यवसायीहरूले लिएको तालिम अनुसार सबै भन्दा बढी तालिम लिनेमा १ देखि ५ दिन सम्म ७ जना अर्थात् ३५% देखियो। १ देखि १५ दिन सम्म ५ जना जसमा २५% ले तालिम लिएको देखियो, त्यस्तै १ देखि ३ दिन सम्म २ जना जसमा १०% ले तालिम लिएको देखियो। त्यस्तै १ देखि २ दिनसम्म तालिम लिने ३ जना, १५% र १ दिन मात्र तालिम लिनेको संख्या ३ जना, १५% मात्र रहेको देखियो।

## ५.४ मौरी ल्याएको ठाउँ

यस बाणगंगा न.पा. वडा.नं ५ का मौरीपालन व्यवसाय गर्ने कृषकहरूको उत्साहा उमंग सन्तोषजनक छ । उनीहरूले मैरीका घारहरू घरमा व्यवस्थित गरेर पाल्नका लागि मौरी कृषकहरू प्रत्येकले तालिम लिएर प्रत्येक घरमा आफूले सक्ने किसिमले घारहरू ल्याई मौरीपालन व्यवसाय गरेको पाइन्छ । मौरीपालन व्यवसाय गर्ने व्यवसायीले प्राविधिकको सल्लाहा अनुसार मौरीका घारहरू विभिन्न ठाउँबाट ल्याएको कुरा तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ५.२ : मौरी ल्याएको ठाउँ**

| घारहरू ल्याईएको ठाउँको विवरण | जम्मा घार ल्याउने कृषकहरू घर धुरी | प्रतिशत |
|---|---|---|
| अर्जुन बी कन्सर्न उद्योग बाँणगंगा कपिलबस्तु | ४० | ५० |
| सागर बी कन्सर्न उद्योग चितवन | २० | २५ |
| गोर्खा बी कन्सर्न उद्योग रामनगर चितवन | १२ | १५ |
| स्थानीय मौरीपालन व्यवसायीबाट | ८ | १० |
| जम्मा | ८० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७६*


माथिको तालिका अनुसार ४० जनाले अर्जुन बी कन्सर्न उद्योग बाँणगंगा कपिलबस्तुबाट मौरी घार ल्याएका थिए भने जसको ५० प्रतिशत रहेको छ। २० जनाले सागर बी कन्सर्न उद्योग चितवनबाट मौरी घार ल्याएको देखियो जसको २५ प्रतिशत रहेको छ। १२ जनाले गोर्खा बी कन्सर्न उद्योग रामनगर चितवनबाट मौरी घार ल्याए भने ८ जनाले स्थानीय मौरीपालन व्यवसायीबाट मौरी घार ल्याएको जसको १० प्रतिशत रहेको छ ।

## ५.५ मौरीपालन व्यवसायीहरूसँग भएका मौरी घार संख्या

मौरी र महबाट हुने फाईदालाई बुझेर प्रत्येक मौरीपालन व्यवसायीहरूले आफ्नो घारमा मौरीका घारहरू विभिन्न ठाउँबाट विभिन्न संघ सस्थाबाट आधुनिक मौरीं घारहरू ल्याएको पाइयो। मौरीपालन व्यवसायीहरूले १५ घारदेखि ९० घार सम्म रहेको अनुसन्धानबाट देखियो । अध्ययन क्षेत्रमा मौरीपालन व्यवसायीहरूले ल्याएका मौरी घारहरूको संख्यालाई तलको तालिकाबाट प्रस्तुत गरिएको छ।

चित्र ५.२

**मौरीका घार संख्या**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

यस आँकडाबाट के थाहा हुन आएको छ भने सबै भन्दा बढी ६१ देखि ९० मौरी घाहरू राखेर मौरीपालन व्यवसाय गर्ने कृषकहरूको संख्या १२ जना जसको १५ प्रतिशत रहेकोछ । ४१ देखि ६० मौरी घारहरू राखेर मौरीपालन व्यवसाय गर्ने कृषकहरूको संख्या १२ जना जसको प्रतिशत १५ रहेकोछ । २१ देखि ४० मौरी घारहरू राखेर मौरीपालन व्यवसाय गर्ने कृषकहरूको संख्या ३२ जना जसको प्रतिशत ४० रहेकोछ । १५ देखि २० मौरी घारहरू राखेर मौरीपालन व्यवसाय गर्ने कृषकहरूको संख्या २४ जना जसको प्रतिशत ३० रहेको देखिन्छ जसबाट पनि के देखाउछ भने यी कृषकहरूले व्यवसायिक रूपमा नै मौरीपालन व्यवसाय गरेको प्रष्ट हुन्छ ।

## ५.६ घारको मूल्य

यस बाँणगंगा न.पा.वडा.नं. ५, ६ र ७ का मौरीपालन व्यवसायीहरूले आफूले तालिम दिएका संघ संस्थाबाट आफूलाई अनुकुल हुने गरी मौरी घारहरू किनेर ल्याएको अनुसन्धानबाट देखिएको छ । ती मौरी घारहरूलाई ति किसानहरूले के कति मूल्यमा ल्याए भन्ने कुरा तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ५.३ : घारको मूल्य**

| विवरण रु. मा | जम्मा घर धुरी | प्रतिशत |
|---|---|---|
| ३००१ देखि ४५०० | २४ | ३० |
| १५०१ देखि ३००० | ३२ | ४० |
| १००१ देखि १५०० | १२ | १५ |
| १००० सम्म | १२ | १५ |
| जम्मा | ८० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*


माथिको तालिकाबाट १२ घर धुरी संख्याले रु. १००० सम्म प्रति घार मूल्य रकम तिरी मौरी घार किनेर ल्याएका रहेछन् जसको १५ प्रतिशत रहेको देखियो । त्यस्तै १२ जनाले रु.१००१ देखि १५०० सम्म प्रति घारको मूल्य तिरि मौरी घार किनेर ल्याएको देखिन्छ जसको १५ प्रतिशत रहेको छ । त्यस्तै ३२ जनाले रु. १५०१ देखि ३००० सम्म प्रति घारको मूल्य तिरि मौरी घार किनेर ल्याएको देखिन्छ जसको प्रतिशत ४० प्रतिशत रहेको छ । त्यस्तै २४ जनाले रु. ३००१ देखि ४५०० सम्म प्रति घार मूल्य तिरि मौरी घार किनेर ल्याएको देखियो जसको ३० प्रतिशत रहेको छ । यसरी माथिको तालिकाबाट के देखियो भने चित्र नं ५.२ र तालिका नं ५.३ लाई मध्यनजर गर्दा धेरै घारहरू ल्याई व्यवसाय गर्ने १२/१२ घरधुरी १५/१५ प्रतिशतका कृषकहरूले औषतमा (रु.१००० देखि १५०० सम्म) सस्तो मूल्यमा घारहरू खरिद गरेको तथ्यांङ्क पाइयो।

## ५.७ मौरी घारमा थपघट भए नभएको अवस्था

यस बाँणगंगा न.पा. वडा.नं ५, ६ र ७ का मौरीपालन गर्ने व्यवसायीहरूले आफूले ल्यएका मौरी घारहरूमा केही घारहरू थपघट गरेका छन्। उक्त थपघटको अवस्था चित्रबाट प्रष्ट पारिएको छ ।

**चित्र ५.३**

**घारमा मौरी थपघट भए नभएको अवस्था**




*स्रोत :स्थलगत सर्वेक्षण, २०७६*

घारमा मौरी थपघट भएको छ : ९० प्रतिशत

घारमा मौरी थपघट भएको छैन : १० प्रतिशत

## ५.८ मौरीका खाने कुरा

सजिव बस्तु सबैलाई खाने कुरा आवश्यक पर्छ भन्ने कुरा हामी सबैलाई ज्ञात भएकै हो। खाना बिना कोही पनि बाँच्न सक्दैन । त्यस्तै मौरीको लागि पनि खाने कुरा आवश्यक हुने भएकोले उसको खाने कुरा भनेको प्रकृतिमा फुलेका फूल र बालिनालीका फूलहरूको रस नै हो। मौरीलाई फूलको रस र बैमौसममा चिनीको चास्नी बनाएर घारको वरिपरि राखिदिनु पर्दछ । यस अध्ययन क्षेत्रमा पनि मौरीपालन गर्ने १०० प्रतिशत व्यवसायीहरूले बेमौसममा आफ्नो घारमा पालेका मौरी घारहरूमा चिनीको चास्नी दिएको कुरा व्यक्त गर्नुभएको छ । जसले गर्दा के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रमा रहेका सम्पूर्ण व्यवसायीहरू व्यवसायिक रूपमा नै मौरीपालन व्यवसाय गरेको प्रष्ट हुन्छ ।

**तालिका ५.४ : मौरीलाई चास्नी दिने उपयुक्त ऋतु**

| ऋतु विवरण | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| हेमन्त | ८ | १० |
| वर्षा-हेमन्त | ३२ | ४० |
| वर्षा | ४० | ५० |
| जम्मा | ८० | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार यस वडा.का मौरीपालन गर्ने व्यवसायीहरूले मौरीलाई चास्नी बढी मात्रमा वर्षघछ ऋतुमा अर्थात् ४० घर धुरी ५० प्रतिशत ले दिनुहुँदो रहेछ । साथै वर्षा र हेमन्त ऋतुमा ३२ घर धुरी अर्थात् ४० प्रतिशत चास्नी दिएको अनुसन्धानबाट देखियो भने सबै भन्दा कम ८ घर धुरीका १० प्रतिशत व्यवसायीहरूले हेमन्त ऋतुमा मौरीलाई चास्नी दिई बे मौसममा मौरी बचाउने गरेको त्यहाँका मौरी व्यवसायीहरूको भनाई रह्यो। बे सिजन (बनस्पतीहरू नफुल्ने) समयमा चास्नी बिना मौरी बच्न नसक्ने भएकोले व्यवसायिक रूपमा मौरीपालन गर्ने हो भने चास्नी मौरीको लागि अनिवार्य रहेको पनि उल्लेख गरेको पाइयो। कहिले काहि तराईमा अत्यधिक जाडो (हुस्सु) बढेको समयमा पनि मौरीलाई चास्नी दिनुपर्ने केही व्यवसायीहरूको रह्यो।

## ५.९ मौरीपालन व्यवसायीहरूद्वारा महको बेचबिखनको अवस्था

कुनैपनि व्यवसाय गर्ने व्यवसायीले आफूले उत्पादन गरेको बस्तुको आफूले खपत गर्न नसकी बेचबिखन गरी आम्दानी गर्ने कार्यलाई व्यवसाय भनिन्छ । यस बाँणगंगा न.पा.का मौरीपालन गर्ने मौरी व्यवसायीहरूले पनि व्यवसायका रूपमा मौरीपालन व्यवसायलाई अपनाएको पाइयो। उनीहरूले सो व्यवसायबाट उत्पादित महलाई बेचबिखन गरी केही आम्दानी गर्ने गरेको देखियो। एक पटकमा एक घरधुरीले कति मह उत्पादन गरी बेच बिखन गर्दछन् भनि निम्न तालिकाबाट देखाईएको छ ।

**तालिका ५.५ : मौरीपालन गर्ने व्यवसायीहरूले बेच्ने मह किलोमा**

| किलो (वार्षिक) विवरण | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| ८०० | १२ | १५ |
| ६०० | १२ | १५ |
| ५०० | ३२ | ४० |
| ३०० | २४ | ३० |
| जम्मा | ८० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण,२०७६*


मौरीपालन व्यवसायीहरूले यसरी उत्पादित गरेको महको केही भाग मात्र आफ्नो घरमा खपत गर्दछन् भने अरु मह बजारमा बेच्न सफल भएका छन्। उनीहरू मध्ये सबैभन्दा बढी वार्षिक ८०० किलो सम्म मह उत्पादन गर्ने मह कृषकहरूको घरधुरी १२ रहेको जसको १५ प्रतिशत रहेको छ । त्यस्तै वार्षिक ६०० किलो सम्म मह उत्पादन गर्ने कृषकहरूको घरधुरी १२ जसको १५ प्रतिशत रहेको । वार्षिक ५०० किलो सम्म मह उत्पादन गर्ने कृषकहरूको घरधुरी ३२ जसको प्रतिशत ४० रहेको। सबै भन्दा धेरै ४० प्रतिशत घर धुरीले वार्षिक ५०० किलो मह उत्पादन गरेको र ३०० किलो सम्म मह उत्पादन गर्ने घरधुरीको संख्या २४ जसको ३० प्रतिशत रहेको स्थलगत सर्वेक्षणबाट देखियो । यसरी समग्रमा धेरै मौरी घार राखेर व्यवसाय गर्ने कृषकहरूले सबै भन्दा बढी अनुपातमा मह उत्पादन गरी बिक्री गरेको स्थलगत सर्वेक्षणबाट देखियो।

## ५.१० प्रति वर्षमा मौरी घार बिक्री गर्ने मौरी कृषकहरू

मह जस्तै गरी मौरीपालन गर्ने व्यवसायीहरूले मौरी घार उत्पादन गरी बिक्री वितरण गरी आय आर्जन घट गरेको स्थलगत सर्वेक्षणबाट देखिएको छ । धेरै जसो मौरीपालन व्यवसाय गर्ने व्यवसायीहरूले महको साथ साथै मौरी घारहरू पनि उत्पादन गरी बेच्ने गरेको र त्यसबाट पनि मनग्य आम्दानी हुने बताएका छन्। प्रति वर्ष मौरी कृषकहरूले कति घार बेच्दा रहेछन् भनेर तलको तालिकाबाट प्रष्ट हुन्छ ।

चित्र ५.४

प्रति वर्ष मौरीघार बेच्ने मौरी कृषकहरू




*स्रोतः स्थलगत सर्वेक्षण, २०७६*

माथिको आँकडा अनुसार मौरीपालन व्यसायिहरूले बढी फाईदा लिनका लागि मौरी घार बेच्ने गरेको देखिन्छ । जस अनुसार सबै भन्दा कम १० घर धुरीका व्यवसायीले वार्षिक २० घार सम्म मौरी घार बेच्ने गरेको देखियो जसको १५ प्रतिशत संख्या रहेको छ । त्यस्तै ४० घरधुरीका व्यवसायीले वार्षिक १५ घार सम्म मौरी घार बेच्ने गरेको पाइयो जसको ५० प्रतिशत संख्या रहेको छ जसमा सबै भन्दा बढी व्यवसायीले वार्षिक १५ घार बेच्ने गरेको देखियो। त्यस्तै २० घरधुरीका व्यवसायीले वार्षिक १० घार सम्म मौरीघार बेच्ने गरेको जसको २५ प्रतिशत संख्या रहेको र सबै भन्दा कम १० घरधुरीका व्यवसायीले वार्षिक ८ घार सम्म मौरीघार बेच्ने गरेको जसको ४० प्रतिशत संख्या रहेको देखियो ।

## ५.११ मौरीपालन बाहेक अन्य आम्दानीको स्रोत भए/नभएको स्थिति

यस वडाका मौरीपालन गर्ने व्यवसायीहरूको अन्य पेसा पनि अपनाएको कुरा हाम्रा अघिल्ला तालिकाहरूले देखाएका छन्। तसर्थ अन्य पेसा व्यवसाय सँगसँगै यो मौरीपालन व्यवसाय आकर्षित भएको कुरा सर्वबिदितै छ । मौरीपालन गर्ने कृषकहरूले राम्रो सँग एकल रूपमा पनि मेहनतसाथ गर्ने हो भने धेरै भन्दा धेरै फाईदा लिएर आफ्नो जीवन निर्वाहा गर्न सकिन्छ । तर अध्ययन क्षेत्रमा यो पेसा सँग सँगै कोहीले बैदेशिक रोजगार वा कसैले

जागीर र कसैले मज्दुरी गरेर आम्दानी गर्ने गरेको तलको तथ्यांकबाट प्रष्ट पार्ने कोसिस गरिएको छ ।

**तालिका ५.६ : अन्य ठाउँबाट आम्दानीको स्रोत**

| विवरण | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| हुन्छ | २४ | ३० |
| हुँदैन | ५६ | ७० |
| जम्मा | ८० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण,२०७६*


माथिको तालिका अनुसार बाहिरी आम्दानी हुनेको संख्या २४ घरधुरी रहेको जसको ३० प्रतिशत रहेको छ भने ५६ घरधुरीको बाहिरी आम्दानी केही नहुने भएको जसको प्रतिशत ७० रहेको कुरा स्थलगत सर्वेक्षणका क्रममा देखिएको छ ।

## ५.१२ प्रति वर्ष मौरीपालन व्यवसायबाट प्राप्त आम्दानी

मौरीपालन व्यवसायबाट मौरी व्यवसायीहरूले मह, घार, मैन र कुट बेचेर धेरै आम्दानी गरेका छन्। जुन आम्दानीलाई तालिकामा देखाइएको छ ।

**चित्र ५.५**

**मौरीपालन व्यवसायबाट प्राप्त आम्दानी (वार्षिक) रु. लाखमा**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार मौरीपालन व्यवसायीहरूले मौरीको घार, मह, कुट र मैन बेचेर प्रति वर्ष मनग्य आम्दानी गरेको कुरा बताएका छन्। जहा सबै भन्दा बढी १ लाख देखि ५ लाख सम्म कमाउने १२ घरधुरीका मौरी कृषकहरू रहेका छन् जसको १५ प्रतिशत रहेको छ । त्यस्तै १ लाख देखि ४ लाख सम्म कमाउने कृषकहरूको संख्या पनि १२ घरधुरी नै रहेको छ जसको प्रतिशत पनि १५ नै रहेको छ । त्यस्तै १ लाख देखि घड ३ लाख सम्म कमाउने कृषकहरूको संख्या सबै भन्दा बढी ३२ घरधुरी रहेको जसको प्रति ४० रहेको छ भने सबै भन्दा कम १ लाख देखि २ लाख सम्म कमाउने कृषकहरूको संख्या २४ घरधुरी रहेको जसको प्रतिशत ३० रहेको छ । यसरी समग्रमा के देखिन्छ भने औषतमा धेरै मौरी घार राखेर व्यवसाय गर्ने कृषकहरूले धेरै आम्दानी गरेको कुरा अध्ययनबाट देखिएको र सबै मौरीपालन गर्ने कृषकहरूले मौरीपालनबाट व्यवसायिक रूपमा नै खेती गरेको देखिया।

## ५.१३ मौरीपालन व्यवसायबाट प्राप्त आम्दानीको खर्च

यस मौरीपालन व्यवसायबाट कृषकहरूले व्यवसायबाट प्राप्त आम्दानीबाट विभिन्न शिर्षकहरूमा खर्च गरेको कुरा बताएका छन्। केही व्यवसायीहरूले व्यवसायको क्रममा के भन्नु भएको थिया भने समयको विकास सँगै आधुनिकताले गर्दा बच्चा बचीहरूको लागि धेरै खर्च फजुल खर्च हुने जस्तै कपडा, लत्ता, टिभि र मोवाईलमा हुने बताउनु भएको थियो। जसको कुनै रेकर्ड नभएको पनि बताउनु भएको थियो। त्यस बाहेक अन्य पैसा बचाएर निम्न लिखित खर्च हुने बताउनु भएको छ । जुन तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.७: मौरीपालन व्यवसायबाट प्राप्त आम्दानी खर्च**

| विवरण | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| घरखर्च | ३२ | ४० |
| टि.भि, मोवाईल, लत्ता, कपडा | १२ | १५ |
| शिक्षा, स्वास्थ्य | १२ | १५ |
| घरजग्गा जोड्ने | १२ | १५ |
| अन्य सामाजिक कार्य | १२ | १५ |
| जम्मा | ८० | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण,२०७६*


माथिको तालिकाबाट मौरीपालन व्यवसाय गर्ने कृषकहरूले व्यवसायबाट प्राप्त आम्दानीमा घर खर्च तर्फ ३२ घरधुरीका किसानले ४० प्रतिशत खर्च गरेको देखाएका छन् । त्यस्तै टि.भि,मोबाइल,लत्ता,कपडामा ३ घरधुरीका १५ प्रतिशत कृषकहरूले खर्च गरेको पाइयो। त्यस्तै शिक्षा,स्वास्थ्यमा १२ घरधुरीका किसानहरूले १५ प्रतिशत खर्च गरेको पाइयो भने घरजग्गा जोडेने र अन्य सामाजिक कार्यमा पनि १२/१२ घरधुरीका १५/१५ प्रतिशत कृषकहरूले खर्च गरेको अनुसन्धानका क्रममा पाइएको छ ।

## ५.१४ मौरीपालन व्यवसायबाट प्राप्त आम्दानीलाई बचत गर्ने नगर्ने स्वभाव

यस बाँणगंगा न.पा. वडा.नं ५, ६ र ७ का मौरी व्यवसायीहरूले व्यवसायिक रूपमा मौरीपालन गरेको कुरा सर्वबिदितै छ । उनीहरूले गरेको व्यवसायिक खेतीबाट प्राप्त आम्दानीबाट के कति बचत गरेका छन र उक्त बचत रकमलाई काहाँ राखेका छन् भनेर अनुसन्धान गर्दा उनीहरूले निम्न तालिका अनुसार व्यक्त गरेका छन्।

**चित्र ५.६**

**मौरीपालन व्यवसायबाट प्राप्त आम्दानी बचत गर्ने/नगर्ने**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार मौरीपालन व्यवसायबाट प्राप्त आम्दानीमा बचत गर्ने भन्ने घरधुरीको संख्या ४८ अर्थात् ६० प्रतिशत रहेको पाइयो भने आम्दानीमा बचत नगर्ने घरधुरीको संख्या ३२ रहेको जसको ४० प्रतिशत रहेको पाइयो। यसरी मौरीपालन गर्ने

व्यवसायीहरूले मौरीपालन बाट प्राप्त आम्दानीबाट उनीहरूले केही रकम घरायसी खर्च हुने, केही रकम तरकारी खेतीमा लगानी हुने, केही रकम घर सजाउन खर्च हुने, केही रकम बालबच्चाको शिक्षा दिक्षमा खर्च हुने बताएको कुरा अनुसन्धानबाट देखिएको छ ।

## ५.१५ मौरीपालन व्यवसायबाट प्राप्त आम्दानी बचत गर्ने संख्या

मौरीपालन व्यवसायीहरूले मौरीपालन व्यवसायबाट प्राप्त आम्दानीबाट बचत गर्ने गरेको कुरा माथिको तालिकाबाट नै प्रष्ट पारेको छ तसर्थ त्यो बचत कहाँ लगेर जम्मा गर्नु भएको रहेछ भनेर अनुसन्धान गर्दा उनीहरूले निम्न तालिका अनुसार ब्यक्त गरेका छन्।

**तालिका ५.८ : मौरीपालन व्यवसायबाट प्राप्त आन्दानी बचत गर्ने संख्या खर्च**

| विवरण | घरधुरी | प्रतिशत |
|---|---|---|
| घरायसी काममा उपयोग | ३२ | ४० |
| सहकारी संस्था | २४ | ३० |
| स्थानीय समूह | १६ | २० |
| विकास बैंक | ८ | १० |
| जम्मा | ८० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार मौरीपालन व्यवसायबाट प्राप्त उत्पादनलाई बेचेर कृषकहरूले साथीलाई सापट दिएर सहयोग गरेको साथै केही मौरी कृषकहरूले बैंकमा बचत गरेको कुरा प्रष्ट पार्नु भएको छ । धेरैजसोमौरीपालन व्यवसायीहरूले प्राप्त रकम घर खर्चमा नै लगाएको कुरा अध्ययनको क्रममा देखाएको छ । मौरीपालन व्यवसायीहरूमा पनि आमा समूहहरू मिलेर बाटोघाटो निर्माण, नजिक रहेको विद्यालयमा छिटफुट रूपमा सहयोग पनि गरेको बताउनु भएको छ ।

यो व्यवसाय गर्ने कृषकहरूको आर्थिक स्थिति समग्रमा हेर्दा कसैको पनि नाजुक नरहेको देखिन्छ । उनीहरूले यो व्यवसायलाई बढाउदै बढी भन्दा बढी व्यवसायीकरण गर्दै लैजान चाहेको अध्ययनबाट देखिएको छ । यस व्यवसायबाट थोरै लगानीमा धेरै फाईदा लिन सकिने भएकोले पनि धेरै कृषकहरूको यसमा आर्कषण बढ्दै गएको देखिन्छ । अध्ययनको क्रममा मौरीपालन व्यवसाय गर्ने कृषकहरूले अरु कुन कुन पेसा अपनाई अगाडि

बढी रहेका छन् ? उनीहरू अझ बढी व्यवसायिक रूपमा लाग्न नसक्नुका कारण के के हुन् ? भनेर पत्ता लगाउने केसिस गरिएको छ । मौरीपालन व्यवसाय गर्ने कृषकहरू गुजारा कृषि प्रणाली, पशुपालन, तरकारी खेतीका साथै मौरीपालन व्यवसाय गरेको देखिन्छ । पेसागत रूपमा मौरीपालन व्यवसाय तर्फ आकर्षित भए पनि अरु कृषि प्रणालीलाई छोडन नसकेको कुरा स्वीकार्दछन । मौरीपालन व्यवसायीहरूमा केही सरकारी जागिर र केही कृषकहरूका छोरा छोरी बैदेशिक रोजगार, श्रमिक, ज्याला मजदुरीका रूपमा काम गरेको अध्ययनबाट देखिएको छ । यहाँका मौरीपालन व्यवसायीहरूले आफ्ना छोरा छोरीहरूको शिक्षामा पनि बढेको देखियो। अहिले उनीहरू थोरै दिनको तालिम लिएर पनि आफ्नो व्यवसायलाई व्यवसायिक रूपमा अगाडि बढाउन सफल भएको बताएका छन्। अझै भविष्यमा उनीहरूले आधुनिक रूपमा तालिम सेमिनार जस्ता कार्यक्रममा सहभागी भई यस क्षेत्रमा बढी भन्दा बढी ज्ञान आर्जन गरी व्यवसाय वृद्धि गर्न चाहान्छन्। अहिले मौरीपालन गर्ने व्यवसायीहरूले मौरी र घार बेच्नको लागि धेरै कठिन नभएको पनि बताएका छन्। उनीहरूले उत्पादन गरेको मह,मैन र कुट स्थानीय बजार एवं सदरमुकाम सम्मका ग्राहकहरू आफै घरमा आई लैजाने गरेको पनि बताएका छन्। उनीहरूले यसको माग अनुसार उत्पादन गर्न नसकेको पनि बताएका छन । यसबाट आएको आम्दानीको बढी भाग घर व्यवहारमा खर्च भएको, केही बच्चा बच्चीको शिक्षा दिक्षामा खर्च भएको र बाँकी रहेको रकम मात्र बचत गर्ने गरेको अनुसन्धानबाट देखिएको छ ।

पछिल्लो समयमा आएर यस व्यवसाय गर्ने कृषकहरूले धेरै फाईदा देखेर घारहरूमा वृद्धि पनि गरेको बताएका छन्। यस क्षेत्रमा युरोपियन मेलिफेरा नामको मौरीको जातबाट अत्यधिक महको संकलन हुने र यो मौरी धेरै मिहिनेती रहेको पनि बताएका छन्। व्यवसायीहरू बेलाबेलामा आपसमा छलफल गर्ने, मिटिङ्ग गर्ने र यसबाट प्राप्त केही रकम विद्यालयमा चन्दा, बाटोघाटोमा लगानी पनि गर्ने गरेको अध्ययनबाट देखियो। बेसिजनमा मौरीलाई बचाउनका लागि उनीहरूले चिनीको चास्नी बनाएर दिने गरेको पनि अध्ययनबाट देखियो।

## ५.१६ तालिममा पुरुष/महिला सहभागिता

व्यक्तिभित्र निहित ज्ञानलाई शिपमा परिणत गरी त्यसबाट व्यक्तिको धारणामा परिवर्तन ल्याउनु नै तालिम हो । जुनसुकै तालिममा आउने सहभागिहरू मन भित्र उत्साह

जिज्ञासा लिएर आएमा तालिम निकै औचित्यपूर्ण भई सफलतापूर्वक अगाडि बढ्दछ । समयको माग अनुसार तालिम लिनका लागि समान सहभागिताको आवश्यकता पर्दछ । समान सहभागिता भयो भने मात्र तालिम प्रभावकारी भई सफलता प्राप्त हुन्छ । बाँणगंगा न.पा. वडा.नं ५, ६ र ७ मा तालिम लिने मौरीपालन गर्ने कृषकहरू धेरै उमङ्ग उत्साहा र जिज्ञासा लिई तालिम अवधिभर राम्रोसँग तालिम लिएको कुरा आँकडाले प्रष्ट पारेको छ । तालिममा महिला र पुरुष सहभागितालाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ५.९ : मौरीपालन व्यवसाय सम्बन्धी तालिममा महिला र पुरुष सहभागिता**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ७९ | ४९.३७ |
| पुरुष | ८१ | ५०.६३ |
| जम्मा | १६० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण,२०७६*


माथिको तालिका अनुसार तालिम लिने सहभागिहरूमा महिला ७९ जना ४९.३७ प्रतिशतले र पुरुष ८१ जना ५०.६३ प्रतिशत रहेको छ । यसरी महिला र पुरुषको तालिम लिने सहभागीमा पुरुष नै बढी रहेको पाइयो। यद्यपी तालिममा महिलाको सहभागिता पनि उल्लेख्य नै भएको छ । जसबाट समाजमा महिला पनि सक्रिय भई अगाडि बढेको अनुसन्धानबाट देखियो।

## ५.१७ अन्तरक्रिया सेमिनारमा महिला/पुरुष सहभागिता

हाम्रो समाजमा महिला पुरुष भनेको एक रथका दुई पाङ्ग्रा हुन भन्ने उखान व्याप्त छ । एक बिना अर्को अधुरो हुन्छ भनिन्छ तर पनि व्यवहारमा कतै पाइँदैन । यस न.पा. वडा.नं ५, ६ र ७ का मौरीपालन व्यवसायीहरूमा पनि धेरैजसो पुरुष व्यवसायी नै बढी सक्रिय अवस्थामा रहेका छन्। विशेष गरी विभिन्न सभा, समारोह, छलफल, अन्तरक्रियामा पुरुषहरू नै अग्रस्थानमा रहेको पाइयो।

चित्र ५.७

अन्तरक्रियामा सहभागिहरू अर्न्तक्रिया सेमिनारमा भाग लिने घरधुरी




*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको चित्रमा मौरीपालन व्यवसायीहरूको अन्तरक्रिया, छलफल र सेमिनारमा पनि भाग लिने ३०/३० घरधुरी संख्यामा महिला र पुरुषको संख्या बराबर देखिएको छ । दुवै मिलेर भाग लिनेको संख्या १५ रहेको छ भने सेमिनार गोष्ठी आदिमा भाग लिने अवसर नपाउनेको संख्या ५ रहेको छ । भ्रमण भनेको नयाँ नयाँ कुराहरू सिक्ने हेर्ने, अनुभव गर्ने सिक्ने र सिकाउने अभियान हो। यस वडामा मौरीपालन व्यवसायीहरू मिलेर अन्य ठाउँको मौरीपालन व्यवसाय हेर्न भ्रमणमा जानु भएको छ ? भनेर सोध्दा अधिकांश उत्तरदाताहरूले अनेत्र कहि पनि नगएको कुरा बताउनु भयो। तर एक जना मौरीपालन व्यवसाय गर्ने हुम बहादुर न्यौपानेले आफ्नै खर्चमा चितवन र दाङ्गमा भएका मौरीपालनको अवलोकनलाई भ्रमण गर्नु भएको अनुसन्धानबाट पाइयो। यसबाट यहाँका मौरी कृषकहरूलाई तालिमका साथै अवलोकन भ्रमण पनि आवश्यक रहेको अनुसन्धानबाट देखियो।

## ५.१८ मौरीपालन व्यवसायबाट प्राप्त आम्दानीमा पहुँच

जुनसुकै व्यक्तिको सफलताको पछाडी कुनै न कुनै व्यक्तिको हात रहेको हुन्छ । समाजमा हेर्दा महिलाको सफलताको पछाडि पुरुषको हात रहेको हुन्छ भने पुरुषको सफलताको पछाडि महिलाको हात रहेको हुन्छ । त्यस्तै कुनै व्यवसायलाई सफल बनाउन

महिला पुरुष दुवैको समान हात रहेको हुन्छ भने वार्षिक फाईदा लिने सवालमा भने पुरुषको वोलवाला बढी रहेको अनुसन्धानबाट देखिएको छ जुन तलका तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका ५.१० : मौरीपालन व्यवसायबाट प्राप्त आम्दानीमा पहुँच**

| महिला पुरुष विवरण | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|
| पुरुष संख्या | ६० | ७५ |
| महिला संख्या | १२ | १५ |
| दुवै | ८ | १० |
| जम्मा | ८० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार मह, घार,मैन र कुट बेचेर प्राप्त आम्दानी पुरुष मौरीपालन व्यवसायीको पहुँचमा रहने संख्या ६० घर धुरी रहेको छ भने ७५ प्रतिशत रहेको पाइयो। महिला व्यवसायीको मात्र पहुँच संख्या १२ घरधुरी मात्र रहेको छ । जसको १५ प्रतिशत मात्र रहेको पाइयो। त्यस्तै दुबै महिला र पुरुषको समान पहुँच रहेको संख्या ८ घरधुरी मात्र रहेको जसको प्रतिशत १० मात्र रहेको अनुसन्धानबाट देखियो। यसरी हाम्रो पितृ प्रधान समाजमा महिलाहरूको काम गर्ने सवालमा महिला र पुरुष बराबर भएको तर आम्दानीको रकममा पहुच हेर्दा पुरुषको नै बर्चश्व रहेको कुरा अनुसन्धानबाट पाइयो।

## ५.१९ मौरीपालन व्यवसायबाट बनेको सम्बन्ध र त्यसको प्रभाव

### ५.१९.१ मौरीपालन व्यवसायको प्रमुख उद्देश्य

मानिसको जीवनमा जुनसुकै क्रियाकलाप पनि बिना उद्देश्य हुँदैन तसर्थ गरेका क्रियाकलापहरू एउटा उद्देश्य लिएर नै गरिएको हुन्छ । यस वडाका मौरी कृषकहरूले मौरीपालन व्यवसायलाई आर्थिक उपार्जन गरी आफ्नो जीविकोपार्जनको प्रमुख विषय बनाएको पाइन्छ । मौरीपालन गर्ने कृषकहरूले दीर्घकालीन सोचका साथ आफूलाई धेरै फाईदा लिनका लागि यो पेसा अपनाएको बताएका छन्। अध्ययन क्षेत्रका मौरी व्यवसायीहरूले मौरी घार, मह, मैन, कुट बेचेर आम्दानी गरेको कुरा निम्न तालिकामा देखाइएको छ ।

**तालिका ५.११ : मौरीपालन व्यवसाय गर्नुको उद्देश्य**

| विवरण | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|
| मौरी घार बेच्ने | २४ | ३० |
| मह, घार, मैन र कुट बेच्ने | ५६ | ७० |
| जम्मा | ८० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण,२०७६*

माथिको तालिकाबाट के उल्लेख गर्न खोजिएको छ भने अध्ययन क्षेत्रका मौरीपालन गर्ने कृषहरू मध्ये २४ घरधुरीका संख्याले मौरीको घार बेचेर आम्दानी गर्ने उद्देश्य राखेका छन भने ५६ घरधुरीका मौरी कृषकहरूले मह, मैन, कुट र घार समेत बेचेर आम्दानी गर्ने उद्देश्यले यो मौरीपालन व्यवसाय गरेको कुरा अनुसन्धानको क्रममा पाइयो।

### ५.१९.२ सामुदायिक भावना

मानिस सामाजिक प्राणि हो। उ समाजबाट अलग भएर बस्न सक्दैन । त्यस्तै मौरी पनि एक सामाजिक प्राणि भएको कारणले गर्दा उसमा सामुदायिक भावना प्रवल हुन्छ । विशेष गरी यस बाँणगंगा न.पा. वडा.नं ५, ६ र ७ का कृषकहरू जो जसले मौरीपालन व्यवसाय अपनाएका छन्। उनीहरूले आफ्नो व्यवहारलाई पनि मौरीको जस्तो बनाएको देख्न सकिन्छ । मौरीपालन व्यवसायीहरू बेलाबेलामा एकै ठाउँमा जम्मा भई नाच गान र रमाईलो पनि गर्ने गर्दछन्। मौरी कृषकहरू विभिन्न जातका छन् तापनि तिनीहरू बीचको सम्बन्ध अत्यन्तै निकट र घनिष्ट छ ।

यस अध्ययनको क्रममा अनुसन्धानकर्ताले धेरै मौरीघार पालेर व्यवसाय गर्ने यस वडाका कृषक श्री हुम न्यौपानेको घरमा पुगे जहाँ ८० घरधुरीका मौरी व्यवसायीहरूको जमघट थियो । उनीहरूसँग बसेर धेरै छलफल गरियो। उहाको आफ्नो मौरी व्यवसाय त छदै थियो सोका अलाव उहा अर्को तरकारी खेतीको अगुवा कृषक पनि हुनुहुँदो रहेछ । सोही दिन उहाले त्यस वडाका तरकारी खेती कृषकहरूलाई भेला गराई प्रशिक्षण दिनुहुने कार्यक्रम पनि रहेछ । उहा त्यस क्षेत्रको (वडाको) बाटो संरक्षण समितिको अध्यक्ष पनि हुनुहुँदो रहेको कुरा अध्यनबाट देखियो। उहाले हरेक सनिबार सबै मौरीपालन कृषहरूलाई भेला गराई बाटो सफा एवं जानकारी मूलक सन्देशको आदान प्रदान गर्नुहुँदो रहेको कुरा पनि अध्ययनको

क्रममा बताए । मौरीपालन कृषकहरूबीच भएको त्यो सामान्जस्यता मेलमिलाप र सहिष्णुतालाई अखण्ड सामुहिक सेवा भावनाको रूपमा लिन सकिन्छ । मौरीपालन व्यवसाय गर्ने कृषकहरू स्वर्थि छैनन किनकी उनीहरूबीचको व्यापारिक प्रतिस्पर्धा भित्रभित्रै भएपनि बाहिरी रूपमा सामुहिक क्रियाकलापलाई जोड दिएको पाइन्छ । उनीहरूमा एक अर्कालाई दुख बिमार पर्दा सहयोग गर्ने बानी, खेतीपातीको बेला एक अर्कामा आलोपालो गर्ने बानी, रहेको पनि बताए । जसले गर्दा उनीहरूमा बिशुद्ध सामुदाकि भावनाबाट ओत प्रोत रहेको पाइयो। उनीहरूले मौरीपालन व्यवसायबाट आएको केही आम्दानीबाट प्रत्येक शनिबार प्रति घरधुरी १०० रूपैया जम्मा गरी त्यो रकम सामाजिक कार्य, सामाजिक संस्था, बाटोघाटो, विद्यालय जस्ता निकायमा सहयोग गर्ने गरेको पनि अध्ययनको क्रममा बताएका छन्।

### ५.१९.३ आधुनिक तरकारी खेती र मौरीपालनको सम्बन्ध

कुनै पनि देशको आर्थिक विकासलाई त्यस देशको विविध क्षेत्रको विकास अर्थात् शिक्षा, स्वास्थ्य, उद्योग, ब्यापार लगायत अन्य क्षेत्रको विकासको निचोडको रूपमा लिने गरिन्छ । यसर्थ देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाहा गर्ने त्यस्ता प्राकृतिक साधनहरू वा अन्य क्षेत्रहरूलाई औल्याउनु पर्दा आज हामी जलस्रोत, चिया, कफी, तरकारी तथा फलफूल, जडीबुटी फुलका बिउ, मौसमी तथा बेमौसमी तरकारी र पर्यटन जस्ता क्षेत्रलाई विशेष महत्वका साथ औल्याउने गर्दछौ। जसको अधिकतम योग्दान पुग्ने कुरामा कुनै शंका छैन । यसरी नेपालको आर्थिक विकासमा महत्वपूर्ण योग्दान पुऱ्याउने क्षेत्रहरू मध्ये महत्वपूर्ण रूपमा बेमौसमी र अर्ग्यानिक तरकारी र फलफूललाई लिन सकिन्छ । आकासिदो शहरीकरण तथा बढ्दो निर्यात र दैनिक आहारामा समेत आएको परिवर्तनले गर्दा आज ताजा तरकारीको आपुर्ति हुनु आवश्यक छ । यसको लागि हाम्रो देशका पहाड तराईका विविध हावापानीको सदुपयोग गरी बेमौसमी तरकारी उत्पादन गर्न सकिने कुरा सावित भैसकेको छ । यहाँ उल्लेखनिय कुरा के छ भने समुन्द्र सतहबाट ६० मिटरमा रहेको पहाड फाँट देखि ८८४८ मिटरमा अवस्थित सगरमाथा सम्मको ३००० उष्ण समसितोष्ण र शीताधिक जलवायु सहितको भौगोलिक विविधतालाई उचित तरिकाले उपयोग गर्ने हो भने नेपालमा उत्पादन गर्न नसकिने कुनै फलफूल वा तरकारी वाली नै छैन भन्नु अतिरञ्जना हुनै छैन । विश्व भरि नै प्राङ्गारिक तरकारी तथा फलफूलको माग बढी रहेको परिप्रेक्ष्यमा हामीले नेपाली तरकारी तथा फलफूललाई विश्व बजारमा प्रतिस्पर्धा गराउन सक्छौ। यसका लागि नेपालमा सरकारी गैरसरकारी र निजी क्षेत्रबाट अर्गानिक उत्पादनमा विशेष जोड

दिईएता पनि उपयुक्त प्रविधिको अभावले यस्ता कार्यक्रमहरू फस्ट्याउन सकेका छैनन। परम्परागत रूपमा कृषकहरूले प्रयोग गर्दै आएका प्राङ्गारिक मललाई सुधार गरेर विकासी मलको प्रयोग नगरी मलखादमा झोल जैविक बिषाणु ई.एम, जैविक मल, हरियो मल आदि प्रयोग गरी तरकारी र फलफूलको उत्पादन वृद्धि गर्न सकिन्छ । रासायनिक मल र विषादिहरू प्रयोग गरी लगाईएको तरकारी वाली र फलफूल खेतीमा मौरी चरनको उपयुक्त वातावरण नहुन सक्छ तसर्थ हामी कृषकहरूले आधुनिक तरिकाले जुन ठाउँमा पनि विशुद्ध प्राङ्गारिक मल प्रयोग गरेर खेतीपाती,तरकारी,फलफूल खेती गर्दछौ त्यही ठाउँमा लगेर मौरीका घारहरू व्यवस्थापन गर्न सके अत्यधिक फाईदा लिन सक्दछौं । त्यसैले भनिन्छ मौरी खेती र तरकारी,फलफूल खेती बीच नङ्ग र मासुको सम्वन्ध हुन्छ । जसले गर्दा वातावरण पनि स्वच्छ र सफा हुन्छ (बुढाथोकी, २०६३) ।

### ५.१९.४ मौरी कृषकहरू र फलफूल व्यवसायी कृषकहरू बीचको सम्बन्ध

स्वास्थ्यको दृष्टिकोणले मौरी व्यवसाय एउटा उत्कृष्ट व्यवसाय हो। यस व्यवसायलाई अझ बढी उत्कृष्ट बनाउनका लागि मौरी कृषकहरूले फलफूल तथा तरकारी व्यवसाय गर्ने कृषहरूसँग मित्रवत सम्बन्ध स्थापित गरेको देखिएको छ । अध्ययन गर्ने क्रममा केही मौरी खेती गर्ने कृषकहरूको धेरै जग्गा जमिन भएको कारण उनीहरूले छिमेकी तरकारी फलफूल खेती गर्ने व्यवसायीसँग मिलेर आफूले दुवैको हित हुने गरी मौरीपालन गरेको उदाहरण समेत देख्न पाइएको छ । जसले गर्दा तरकारी फलफूल व्यवसायको उत्पादनमा पनि वृद्धि भएको र यसबाट मौरीपालन व्यवसायमा पनि वृद्धि भएको कुरा स्पष्ट भएको छ । जसले यी दुवै व्यवसायीको बिचको सम्बन्ध प्रगाढ रहेको पुष्टि भएको छ ।

### ५.१९.५ मौरी कृषकहरूको पारिवारिक सम्बन्ध

परिवार भनेको मानिसको पहिलो पाठशाला हो। हरेक समाज र जातिमा परिवारको आफ्नो अस्तित्व रहेको हुन्छ । परिवारबाट नै मानिसले पहिलो शिक्षा प्राप्त गर्दछ । त्यसपछि विद्यालयको शुरुवातसँगै शिक्षाको अवस्थामा पनि क्रमशः वृद्धि हुँदै जान्छ । हरेक जातजातिको आफ्नो आफ्नो पारिवारिक सम्बन्ध संस्कारहरू हुन्छन्। त्यसै गरी बाँणगंगा न.पा.वडा.नं ५, ६ र ७ का मौरीपालन गर्ने कृषकहरूमा पनि विभिन्न जात जातिहरू रहेका छन्। उनीहरूको परिवारमा पनि पति पत्नी, छोरा, बुहारी छोरी ज्वाइँ, नाति, नातिनी, पनाति


पनातिनी समेत रहेको देखिन्छ । त्यही परिवारबाट जन्म सँगसँगै उसको लालन, पालन पोषण, सम्पत्तीको अधिकार पनि सृजना भएको हुन्छ । मौरीपालन गर्ने कृषकहरूको परिवारमा पनि घरमूली जो उमेरमा जेठो हुन्छ घरमुली त्यो नै हुन्छ जसबाट परिवार रुपि जहाज उडाउने कार्य हुन्छ । घरमूलीको मृत्युपछि उसको अधिकार स्वतह छोरामा सर्ने संस्कार पनि रहेको छ । मौरीपालन गर्ने कृषकहरूको परिवार संयुक्त छिटफुट रूपमा एकल पनि रहि आएको छ । संयुक्त परिवारमा र एकल दुवै परिवारमा विभिन्न फाइदा बेफाईदा हुने कुरा पनि अध्ययनको क्रममा मौरीपालन व्यवसायीहरूले अपनाएका छन्।

### ५.१९.६ मौरीपालन व्यवसायको प्रभाव

समाजमा रहेका विभिन्न चाल चलन मूल्य मान्यता, व्यापार सबै मानिसको जीवनमा धैरैथोरै मात्रामा प्रभाव परिरहेको हुन्छ । यस अनुसन्धानको मुख्य उद्देश्य भनेको मौरीपालन व्यवसायले मौरी कृषकहरूको जीविकोपार्जनमा पारेको सामाजिक र आर्थिक प्रभावकको अध्ययन गर्नु रहेको छ जसलाई निम्न तालिकामा देखाइएको छ ।

**चित्र ५.८**

**मौरी खेतीको प्रभाव**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिकाबाट के उल्लेख गरिएको छ भने मौरीपालन गर्ने व्यवसायीहरूमा महको उत्पादन, औषधि तरकारी किन्नको लागि १६.७ प्रतिशत प्रयोग गरिएको छ । मह नभई नहुने पितृ कार्य र पूजामा हो। मह भनेको देवता र पितृको मनपर्ने बस्तु भएकोले यस पेशाबाट आएका पैसाले आफ्ना एवं छरछिमेकीको दुख सुखमा साथ दिएको हुनाले

सामाजिक सम्वन्ध राम्रो हुने कुरा अनुसन्धानको क्रममा पत्ता लागेको छ । पहिला पहिला घर खर्च चलाउनका लागि मौरीपालन गर्ने व्यवसायीहरूलाई ऋण काड्नुपर्ने हुन्थ्यो तर हाल यो व्यवसायबाट त्यो घर खर्च चलेको कुरा पनि अनुसन्धानबाट पाइएको छ । कुल उत्तरदाताको २३.३१ प्रतिशत उत्तरदाताले यसलाई औषधिको रूपमा प्रयोग गर्ने गरेको कुरा पनि आएको छ । पितृ कार्य, पूजा आजामा ४६.६६ प्रतिशत उपयोग गरेको देखिएको छ । एकआपसमा सम्बन्ध राम्रो बनाउनका लागि छिमेकी र ईष्टमित्रलाई दिनको लागि एवं घरायसी प्रयोगका लागि १३.३३ प्रतिशत उपयोग गर्ने गरिएको देखियो। माथिको आँकडाबाट के प्रष्ट पार्न खोजिएको छ भने महले मानिसको चौतर्फी रूपमा शारीरिक र मानसिक रूपमा विकास गर्न सघाउँछ भन्ने उल्लेख गरिएको छ ।

### ५.१९.७ मौरीपालन व्यवसायीको अन्य छिमेकीसागको सम्बन्ध

सम्वन्ध बिनाको संसारको परिकल्पना गर्न सकिँदैन । मौरीपालन गर्ने व्यवसायीहरूको मौरीपालन सम्बन्ध कस्तो छ भनेर अनुसन्धान गर्दा उनीहरूको सम्बन्ध असाध्यै सकारात्मक देखिएको छ । एउटा छिमेकीलाई गार्‍हो सार्‍हो पर्दा अर्को छिमेकीले सघाएको पाइएको छ । मेला पर्वहरूमा दुख सुख एक अर्कामा साटासाट गरेको पाईएको छ । मौरीपालन गर्ने व्यवसायीहरूको छिमेकी र नाता सम्बन्ध तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ५.१२ : मौरीपालन व्यवसायीको अन्य छिमेकीसँगको सम्बन्ध**

| विवरण | घरधुरी | प्रतिशत |
|---|---|---|
| सकारात्मक | ६० | ७५ |
| नकारात्मक | २० | २५ |
| जम्मा | ८० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार मौरीपालन व्यवसायीको अन्य छिमेकीसँगको सम्बन्ध अत्यन्त गाढा र सकारात्मक हुनेको ७५ प्रतिशत र अलि अलि नकारात्मक हुनेको २५ प्रतिशत रहेको छ । नकारात्मक एक अर्थमा पनि रहेको छ की छिमेकीका वालबच्चालाई मौरीले टोकेर दुख दिएकोले पनि छिमेकी सँगको सम्वन्ध बिग्रिएको अनुसन्धानमा खुल्न

आएको छ । यो तालिका बाट के प्रष्ट पार्न खोजिएको छ भने जुन समाजमा धेरै सकारात्मक कुरा हुन्छ त्यहाँ भएका थोरै नकारात्मक कुराहरूलाई पनि सकारात्मक तवरुले हेरिन्छ भने मात्र त्यो समाज प्रगति उन्मुख हुन्छ । यो एउटा सफलताको द्योतक पनि हो।

### ५.१९.८ मौरीपालन व्यवसायीको आत्मसन्तुष्टि

व्यापार व्यवसायमा मानिसले कहिल्यै पनि सन्तुष्टि लिनु हुँदैन । जब मानिसले सन्तुष्टिको सास फेर्दछ तव द्धठ उसको प्रगतिका बाटाहरू अवरुद्ध बन्दै जान्छन्। भनिन्छ मानिस असन्तुष्ट प्राणि हो । यहाँ मौरीपालन गर्ने व्यवसायीहरूले अपनाएको पेसा वा व्यवसाय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ भन्ने प्रश्नको उत्तरमा धेरै जसो उत्तरदाताहरूले आफू सन्तुष्ट रहेको कुरा व्यक्त गर्नु भयो। जुन कुरा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१३ : मौरीपालनबाट सन्तुष्ट हुने र नहुने कृषकहरू**

| मौरी कृषकहरू | घरधुरी | प्रतिशत |
|---|---|---|
| सन्तुष्ट हुने | ६४ | ८० |
| सन्तुष्ट नहुने | ८ | २० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथि प्रस्तुत गरिएको तालिका अनुसार मौरी कृषकहरू आफूले अपनाएको मौरीपालन व्यवसाय प्रति आत्म सन्तुष्टि भएको र कम मेहनत र लगानीमा धेरै फाईदा भएको देखेर आनन्दित पनि छन्। जसको ६४ घरधुरी अर्थात् ८० प्रतिशत आँकडा रहेको छ । सन्तुष्ट नहुनेको संख्या २० प्रतिशत अर्थात् ८ घरधुरी मात्र रहेको छ । सन्तुष्ट यस अर्थमा हुनुहुन्छ कि यस व्यवसायबाट फाईदा लिने तरिका त थाहा पाएका छन तर त्यसबाट आफूहरूले सोचे अनुरूपको फाईदा लिन सकिरहेका छैनन्। उनीहरू अझ थप मौरी घारहरू बढाएर व्यापार व्यवसाय बढाउने सोचाईमा रहेका छन्। त्यसको लागि थप हौसला, प्रेरणा र तालिमको व्यवस्था सम्वन्धित निकायले गरेको खण्डमा यो सन्तुष्टिलाई अझ बढाउन सकिने पनि अनुसन्धानबाट खुल्न आएको छ ।

### ५.१९.९ मौरीपाल्ने प्रेरणाको स्रोत

यस बाँणगंगा न.पा.वडा.नं ५, ६ र ७ मा मौरीपालनको लागि उचित प्राकृतिक वातावरण रहेको पाइन्छ । वातावरण विशेषज्ञका अनुसार मौरीपालनले अझ धेरै वातावरणमा सुधार ल्याई वातावरण सन्तुलित गराउन मद्दत गर्दछ भन्ने रहेको छ । मौरीपालन व्यवसाय एउटा यस्तो व्यवसाय हो यसलाई सफल बनाउनका लागि विभिन्न निकायहरूको हात रहेको हुन्छ । मौरीपालन व्यवसायीको व्यक्तित्व व्यवसायिक रूपले सबैलाई समेटेर लैजान सक्ने र नैतिकवान हुनुपर्दछ । व्यवसायीको यही गुणले नै मानिसलाई कल्पनाशील, महत्वाकांक्षी, आत्मविश्वासी र बिचारशील बनाउछ । जसको लागि आवश्यक पूजी लगानी गरेर असीम उत्साहा र अभिरुचीका साथ अगाडि बढ्नुका लागि सहयोग गर्दछद । यो व्यवसाय गर्ने मानिस चतुर्य र बिज्ञ पनि हुनु पर्दछ र आफ्नो पेसा प्रति ढुक्क र सन्तोष गर्ने खालको हुनु पर्दछ । प्रत्येक व्यवसायीलाई आफ्नो व्यवसाय सुरु गर्नका लागि कोही न कोही उसको प्रेरणाको स्रोत रहेको हुन्छ । यहाँका मौरीपालन गर्ने व्यवसायीहरूको पनि विभिन्न स्रोतहरूलाई आफ्नो प्रेरणाको स्रोत मानेका छन् जुन कुरा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१४ : मौरीपाल्ने प्रेरणाको स्रोत**

| विवरण | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| केन्द्रयी मौरी संघ | ५२ | ६५ |
| कृषि ज्ञान केन्द्र, कपिलवस्तु | १६ | २० |
| छिमेकीको देखासिकी | १२ | १५ |
| जम्मा | ८० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको आँकडा अनुसार मौरी कृषकहरूले विभिन्न स्रोत अनुसार मौरी खेती गर्न प्रेरणा पाएका थिए । मौरी खेती व्यवसाय आफैमा एउटा प्रेरणा हो ता पनि प्रेरणा दिने काममा केन्द्रीय मौरी संघबाट तालिम लिएर अगाडि बढेका मौरी कृषकहरूको संख्या ५२ रहेको जसको ६५ प्रतिशत रहेको पाइयो। त्यस्तै कृषि ज्ञान केन्द्र कपिलवस्तुबाट तालिम पाएर अगाडि बढ्ने कृषकहरूको संख्या १६ रहेका छन्, जसको २० प्रतिशत रहेको छ । १२ घरधुरीका कृषकहरूले आफ्नो छिमेकीहरूको मौरीपालनबाट मनग्य आम्दानी गरेको देखेर

आफूहरूले पनि मौरीपालन व्यवसाय गरेको पाइयो, जसको १५ प्रतिशत रहेको कुरा अनुसन्धानबाट देखिएको छ । यसरी विभिन्न माध्यबाट प्रेरणा पाई यस अध्ययन क्षेत्रमा मौरीपालन व्यवसायको शुरुवात गरेको अध्ययनबाट पाइयो।

### ५.१९.१० मह घार बेच्नका लागि आएका समस्या

धेरै बस्तुको उत्पादन भयो भने बेचबिखनका लागि कठिनाईका अवस्थाहरू आउँन सक्छन्। यस बाँणगंगा न.पा. वडा.नं ५, ६ र ७ का मौरीपालन व्यवसायीहरूले उत्पादन गरेका मह, मैन, कुट तथा मौरी घारहरूलाई बेचबिखन गर्नका लागि कुनै कठिनाई नभएको बताएका छन्। सबै मौरी कृषकहरूमा अध्ययन गर्ने क्रममा उत्पादित मह, कुट, मैन र घारहरूलाई व्यवस्थित तरिकाले केही स्थानीय बजारमा खपत हुने र केही तौलिहवा सदरमुकामसम्म पुऱ्याउँदा पुरै खपत हुने बताएका छन्। अलि टाढा बुटवल बजारसम्म लगे राम्रो मूल्य पाउने पनि उल्लेख गरेका छन ।

### ५.१९.११मौरी खेतीमा लागेपछि कृषकहरूले हासिल गरेका मुख्य मुख्य उपलब्धिहरू

बाँणगंगा न.पा. वडा.नं. ५, ६ र ७ मा मौरीपालन व्यवसाय अपनाउने मौरी कृषकहरूको सामाजिक र आर्थिक पक्षमा उल्लेखनिय उपलब्धिहरू हासिल गरेको देख्न सकिन्छ । वातावरणीय सुधार र मानव स्वास्थ्यमा पनि अनुकुल प्रभाव परेको देख्न सकिन्छ । अध्ययनको क्रममा अनुसन्धानकर्ता त्यहाँ पुग्दा मौरीपालन व्यवसायीहरू निकै उत्साहित देखिएका थिए । यो व्यवसायमा लाग्ने र नलाग्ने कृषकहरूको बीचमा पनि निकै घनिष्ठ सम्बन्ध देखिएको थियो । मौरीपालन गर्ने कृषकहरूले मौरीपालन नगर्ने कृषकहरूलाई मौरीपालन गर्नुपर्छ भन्ने उत्प्रेरणा दिई रहेको देखिन्छ ।

एउटा नयाँ अनुपम उदाहरण त्यहाँ के देख्न सकिन्छ भने सामाजिक कार्यलाई परिचालन गर्नका लागि अगुवा कृषक होम बहादुर न्यौपानेले हरेक मौरीपालन गर्ने कृषकहरूबाट उनीहरूले मौरीपालन व्यवसायबाट आएको केही आम्दानीबाट प्रत्येक हप्ता प्रति घरधुरी १०० रूपैया जम्मा गरी त्यो रकम सामाजिक कार्य, सामाजिक संस्था, बाटोघाटो, विद्यालय जस्ता निकायमा सहयोग गर्ने गरेको पनि अध्ययनको क्रममा पाइयो। मौरीपालन गर्ने कृषकहरूको सामाजिक मेलमिलापको स्तरलाई पनि एउटा मुख्य उपलब्धि मान्न सकिन्छ । त्यसै गरी मौरीपालन गर्ने कृषकहरूको आर्थिक अवस्थामा पनि सुधार हुँदै

गएको देख्न सकिन्छ । कतिपय यहाँ गढना नगरिएका २,३ घार मौरीपालन गर्ने केही कृषकहरू पनि रहेको देखियो। उनीहरूले पनि थप घारहरू राखी मौरीपालन लाई व्यवसायिक रूपमा काम गर्न उत्साहित भएको देखियो । यसमा थोरै घार पाल्ने कृषकहरूले पनि यस व्यवसायबाट राम्रै आम्दानी गरी आफ्नो घर व्यवहार चलाई बच्चा बच्चीहरूलाई राम्रो स्कूलमा पढाएको एवं सोबाट बचत भएको रकम केही सहकारी र केही बैकमा समेत जम्मा गरेको कुरा अनुसन्धानबाट खुल्न आएको छ ।

यसैगरी यस व्यवसाय अपनाउने मौरीपालन कृषकहरूले यस व्यवसायको अलावा कृषि पशुपालन, तरकारी खेती, गाईपालन, कुखुरापालन समेत गरेको देख्न सकिन्छ । यो अर्को उपलब्धि हो।

मौरीपालन व्यवसाय गरेपछि मौरीकृषकहरूको स्वास्थ्यमा पनि राम्रो सुधार आएको छ । यसले क्षणिक भन्दा पनि दीर्घकालीन फाईदा पुऱ्याएको छ । मौरीबाट प्राप्त महलाई पूजा आजा श्राद्ध जस्ता धार्मिक कार्यमा पनि प्रयोग गरिने हुनाले यसको धार्मिक महत्व पनि उत्तिकै रहेको छ । त्यसैले मौरीपालन व्यवसाय गर्ने कृषकहरूको आर्थिक स्तरको तुलनामा सामाजिक स्तर अत्यन्तै राम्रो रहेको देखिएको छ । यसले के भन्न सकिन्छ भने यस व्यवसायले धार्मिक आर्थिक, वातावरणीय सबै पक्षमा सकारात्मक भूमिका खेलेको छ । यी माथि उल्लेख गरिएका सबै कुराहरू मुख्य उपलब्धि अन्तर्गत पर्दछन्।

### वैयक्तिक अध्ययन १

मेरो नाम नाम हुम बहादुर न्यौपाने हो (नाम परिवर्तित) । म बाँणगंगा न.पा. वडा.नं ५ मा बसोवास गर्द आएको छु। मेरो उमेर ४९ वर्षको भयो । म एस.एल.सि. पास गरेको छु। मेरो एक छोरा एक छोरी छन्। छोरी १८ वर्षकी छन भने छोरा १५ वर्षको छ । उनीहरू मध्ये छोरी बुटवलमा बि.बि.ए पढ्दै छिन् भने छोरा बुटवलमै १० कक्षामा पढ्दैछ । अहिले म र मेरो श्रीमती कपिलवस्तुको बाँणगंगा न.पा. वडा.नं ५ मटेरियामा बसेका छौं । मेरो मुख्य पेसा गुजारा खेती नै हो। हाल म परम्परागत गुजारा खेतीका अलावा व्यवसायिक रूपमा बिगत २०६४ सालदेखि मौरीपालन व्यवसाय गर्दै आएको छु। साथै तरकारी खेती पनि गर्दै आएको छु। परम्परागत गुजारा खेती गर्दा हाम्रो परिवारलाई जीविका निर्वाह गर्न कठिन थियो तर जब मैले २०६४ सालमा प्याक्ट भन्ने गैरसरकारी संस्थाको सहयोगमा सानो तालिम लिई मौरीपालन व्यवसाय सुरु गरेँ त्यसबाट मेरो आर्थिक अवस्था सवल बन्दै

गएको छ । शुरुमा मैले ५ मौरी घारबाट यो व्यवसाय शुरुवात गरेको थिए । सो बाट राम्रो हुँदै गएपछि क्रमशः हाल आएर मेरो मौरी घारमा बृद्धि गरी ९० घार भएका छन्। हाल मैले न्यौपाने मौरी उद्योगमा यो व्यवसाय दर्ता गराएको छु। यसबाट मैले शिक्षा, स्वास्थ्य र घरखर्च कटाएर वार्षिक करिव ३ लाख आम्दानी गरेको छु। मेरो जीविकाको मुख्य पेसा नै मौरीपालन भएको छ । यसमा धेरै समय पनि लगाउन नपर्ने, धेरै जमिन पनि नचाहिने थोरै जमिनमा पनि यो व्यवसाय गर्न सकिने हुन्छ । मौरीपालन व्यवसायबाट वातावरणमा अनुकुलता सृजना गर्ने भएकोले अन्य खेतीपातीमा पनि राम्रो हुने बताएका छन्। मौरीपालन व्यवसायमा लागेपछि मेरो सामाजिक कार्यमा पनि संलग्नता रहेको छ । हाम्रो मौरीपालन गर्ने समूह छ । जसको म अध्यक्ष भई विभिन्न सामाजिक कार्य गरेको छु। हामी हरेक शनिवार सामाजिक कार्यमा जुटदछौँ। हामी मौरीपालन गर्ने सबै किसानहरूले प्रत्येक शनिबार रु. १०० जम्मा गरी उक्त रकम समाजिक कार्यमा लगाउने गरेका छौं । यो व्यवसायमा लागे पछि हामीहरूमा मौरीको जस्तै एक प्रकारको सामुहिकतामा काम गर्ने भावनाको विकास भएको कुरा बताएका छन । यो व्यवसायले हामीहरूको आर्थिक, सामाजिक एवं संस्कृतिक रूपमा समाजलाई अगाडि बढाउन मद्धत गरेको हामीहरूले महसुस गरेका छौँ। यो व्यवसायलाई सरकारले व्यवस्थित रूपमा बजारको सहजीकरण, विभिन्न प्रकारका तालिमको सहजीकरण एवं महिलाहरूलाई अझ बढी सहभागितामूलक तालिममा सहभागी गराउन पहल गरिदिने हो भने हामीहरूलाई जीविका निर्वाहामा अझ सहज हुने थियो ।

## वैयक्तिक अध्ययन २

मेरो नाम फरहरि चौधरी हो (नाम परिवर्तित) । मेरो घर कपिलवस्तु जिल्लाको बाँणगंगा न.पा. वडा.नं ५ मा पर्दछ । मेरो उमेर ४० वर्षको भए । मेरो पेसा कृषि नै हो। मेरो शैक्षिक योग्यता एस.एल.सि. हो। मेरो परिवारमा श्रीमती, १ छोरी र एक छोरा छन । छोरीले बुटवलमा सरकारी क्याम्पसमा बि.एस्सी पढ्दैछन्। छोराले गाउकै सरकारी स्कुलमा कक्ष दशमा अध्ययन गर्छ । मलाई यो व्यवसाय गर्नुभन्दा पहिले गुजारा खेतीबाट परिवारको जीविका निर्वाह गर्न धौ धौ पर्दथ्यो जब मलाई मेरो छिमेकी हुम बहादुर न्यौपाने दाजुले यो व्यवसाय गर्न प्रेरणा दिनु भयो अनि मैले यो व्यवसाय सुरुवात गरे तवबाट मेरो आर्थिक स्थिति सवल हुन थाल्यो। हामी श्रीमान् श्रीमती दुवै मिलि यो व्यवसाय गरेका छौँ। हाल २० मौरी घारहरू रहेका छन् जसबाट राम्रो आर्थिक उपार्जन भएको र बच्चा बच्चीलाई पढाई

खर्च पनि चलेको छ । यस व्यवसायमा पुरै समय खर्च गर्न नपर्ने भएकाले बाँकी समयमा आफ्नै जग्गामा तरकारी खेती पनि गर्दै आएका छौ जसबाट हामीलाई जीविकोपार्जनमा सहजता भएको छ । यस व्यवसायबाट तत्काल नगद प्राप्त गर्न सकिने र यसमा लगानी पनि थोरैबाट गर्न सकिने भएकोले पछिल्लो समयमा यो व्यवसाय आर्कषणको विषय भएको छ । यस व्यवसायबाट विभिन्न किसिमका तालिम सेमीनारहरूमा गएर सहभागी भई सोबाट हामीलाई आत्मनिर्भर हुन सक्ने बनाएको महसुस भएको छ । पहिला पहिला १/२ सय रूपैया पनि देख्न गाह्रो थियो तर अहिले हामीहरूलाई २/४ हजार खोज्न कसैसँग हात फैलाउनु पर्ने छैन । हामीहरू जस्ता मौरी व्यवसायीहरूलाई राज्यले प्रोत्साहन गरेमा भविष्यमा अझ धेरै मौरी घारहरू बढाई व्यवसायिक रूपमा अगाडि बढ्न सकिने जस्तो लाग्छ ।

## वैयक्तिक अध्ययन ३

मेरो नाम सीता आचार्य हो (नाम परिवर्तित) । मेरो घर कपिलवस्तु जिल्लाको बाँणगंगा न.पा. वडा.नं ५ मा पर्दछ । मेरो शैक्षिक योग्यता एसएलसी हो। मेरो उमेर ३० वर्ष भयो। मेरो पेसा गुजारा खेती नै हो। मेरो परिवारमा श्रीमान, १ छोरा, १ छोरी छन्। छोरा छोरी दुवै गाउकै निजी बोर्डिङ स्कुलमा कक्षा ८ र ६ मा अध्ययन गर्दछन्। हामी श्रीमान श्रीमतीले गुजारा खेतीका अलावा मौरीपालन व्यवसाय गरेका छौँ । अहिले हाम्रो घरमा २५ मौरी घार रहेको छ । यो व्यवसाय गर्नमा मुख्य प्रेरणा हुम बहादुर न्यौपाने दाजुबाट पाएकी हु। गुजारा खेतीबाट वर्षभरि खान लाउन पनि नपुग्ने थियो। जब यो व्यवसाय गर्न थाले अनि हाम्रो परिवारको जीविका निर्वाहमा सहजता भयो। बच्चा बच्चीलाई पढाई खर्च पनि अन्यत्र खोज्नु नपर्ने भयो। यो व्यवसाबाट उत्पादित महको बजारमा पनि अत्याधिक खपत हुने, जति उत्पादन भएपनि बिक्री गर्न सकिने र तत्काल आर्थिकोपार्जन गर्न सजिलो भएको छ । यस व्यवसायमा धेरै जग्गा जमिन पनि नचाहिने भएकाले सामान्य दुई चार कठ्ठा जमिन भए पनि यो व्यवसाय गर्न सजिलै सकिने भएकाले जीविकोपार्जन गर्न सकिने कुरा बताउनु भयो । त्यसकारण अन्य छरछिमेकीलाई तत्काल आर्थिकोपार्जन पनि हुने अन्य व्यवसाय जस्तो ठूलो लगानी पनि लगाउन नपर्ने भएकोले अन्य छिमेकीहरूलाई पनि यो व्यवसाय गर्न सुझाव दिन्छु भन्नु भयो। अझ विशेष गरी महिलाहरूलाई घरमा बसी बसी यो व्यवसाय गर्न सहज हुने पनि उहाले अध्ययनको क्रममा बताउनु भयो ।

## वैयक्तिक अध्ययन ४

मेरो नाम खेमराज खनाल हो (परिवर्तित) । मेरो घर कपिलवस्तु जिल्लाको बाँणगंगा न.पा. वडा.नं ५ मा पर्दछ । मेरो शैक्षिक योग्यता साक्षर मात्रहो । मेरो पेसा कृषि गुजारा खेती हो । मेरो परिवारमा श्रीमती, बाबु, आमा, दाजु, भाउजु र १ भतिजा र १ भतिजि गरी संयुक्त परिवार रहेको छ । हाम्रो छोरा छोरी छैन । हाम्रो परिवारलाई गुजारा खेतीबाट जीविका निर्वाह गर्न निकै नै धौ धौ थियो। २०६४ सालमा प्याक्ट भन्ने गैरसरकारी संस्थाबाट मौरी सम्वन्धी तालिम लिएपछि यो व्यवसाय गर्न सुरु गरेको थिए । शुरुमा स्यानो लगानीबाट सुरु गरेको र बिस्तारै बिस्तारै व्यवसायमा राम्रो हुँदै गए पछि यो व्यवसाय लाई खनाल मौरीपालन उद्दोगमा दर्ता गरेको छु। हाल मेरो उद्दोगमा ४० मौरी घारहरू रहेका छन् । हाम्रो सम्पूर्ण परिवार यस व्यवसायमा संलग्न छौँ । व्यवसायबाट राम्रो आम्दानी भएको छ । मैले मह, मैन, कुट का साथै मौरी र मौरी घार समेत बिक्री गर्दै आएको छु। हामी जस्ता कृषि पेशामा निर्भर भएका किसानहरूले यो व्यवसायमा संलग्न भए हामीहरूलाई थप आर्थिकोपार्जन पनि हुने साथै खेतीपातीका अलवा फुर्सदको समयमा मौरीको स्याहार सुसार गर्न पनि सकिने र समय खेर नजाने भएकोले यो पेशामा उत्पादित मह, मैन र कुटको बजार पनि रामै हुने भएकाले व्यवसायबाट पूर्ण रूपमा सन्तुष्ट छु साथै अझै सरकारले यस व्यवसायलाई तामिल, सेमिनार र गोष्ठी जस्ता कार्यक्रमहरूमा प्रत्साहन गरेमा यो व्यवसाय फस्टिने थियो । मैले जस्तै अन्य छर छिमेकी सबैलाई यो व्यवसाय गर्न सल्लाह एवं सुझाव दिन्छु भन्ने बताउनु भयो ।

# अध्याय छ

# सारांश र निष्कर्ष

यस बाँणगंगा न.पा वडा.नं ५, ६ र ७ का मौरीपालन गर्ने व्यवसायीहरू माथि गरिएको अध्ययनको सारांश, निष्कर्ष निम्न प्रकारले उल्लेख गरिएको छ ।

## ६.१ सारांश

महाभारत पर्वत श्रेणिको काखमा रहेको कपिलवस्तु जिल्लाको बाणगंगा न.पा. वडा.नं ५, ६ र ७ अन्तर्गतका मटेरिया, कोपवा, भग्लापुर, सिमलखोर, भग्लापुर, मोतिपुर, जदशिपुर र बैकुण्ठपुर क्षेत्र अर्घाखाँची जिल्लाबाट बग्ने बाँणगंगा नदीको छेउछाउमा पर्ने महेन्द्र राजमार्गको ४ नं जितपुरबाट करिव १.५ कि.मी दक्षिणमा यो क्षेत्र रहेको छ । पर्यटकको दृष्टिले गौतम बुद्धको बावुको दरवार तिलौराकोट यस क्षेत्रबाट करिव ५ कि.मी दक्षिण रामघाटमा अवस्थित छ । सरकारी संरक्षण एवं प्रचार प्रशारको अभावमा निकै पछाडी परेको छ । यसै क्षेत्रमा पर्ने निग्लिहवा जहा गौतम बुद्धकालीन अशोक स्तम्भ संरक्षण गरी राखिएको छ । उक्त स्तम्भमा गौतम बुद्धकालीन शिलालेख गरिएको छ । लुम्विनीमा आउने पर्यटकहरू एक पटक उक्त क्षेत्रमा पनि अवलोकन गर्न जाने गर्दछन्। यसै क्षेत्रमा नेपालकै ठूलो मानव निर्मित जगदीशपुर ताल रहेको छ । जहा अहिले पनि पौषदेखि चैत्र सम्म साईबेरियादेखि विभिन्न प्रजातिका चराहरू आउने गर्दछन् र चैत्र पछाडी पुन पर्कने गर्दछन्। उक्त क्षेत्रलाई सरकारी संरक्षण एवं प्रचार प्रसार भएमा पर्यटकहरूको घुईचो नै लाग्ने थियो तर बिडम्वना सो हुन सकेको छैन । यस क्षेत्रमा अत्यधिक मात्रमा रैथाने जाति थारुहरूको बसोवास रहेको छ । सो का अलावा ब्राहमण,क्षेत्री, गुरुङ्ग र केही मात्रमा गाईने जातिहरूको पनि बसोवास रहेको छ । करिव १० कि.मी दक्षिणतर्फ केही शाक्य जातिहरू पनि बसोवास रहेको र अन्य मुसलमान,चमार जातिको पनि बसोवास रहेको छ । यहाँ पहाड अर्घाखाँची, पाल्पा, गुल्मी, स्याङ्गजा र केही मात्रमा प्यूठान जिल्लाबाट समेत मानिसहरूको बसाई सराई भई आएको पाइन्छ । यसरी यहाँ विभिन्न जात जातिहरूको मिक्स बसोवास भएको क्षेत्र हो। यहाँका मानिसहरू ब्राहमण, क्षेत्री र थारु जातिहरूले हिन्दु धर्म अंगालेका छन भने अन्य जातिहरूले आ आफ्ना धर्म मान्ने गरेको पाइन्छ । यहाँका अधिकांश कृषकहरूको पेसा गुजारा खेती नै हो। गुजारा खेती अन्तर्गत धान, गहुँ र कहि कहि मकै को

खेती पनि गरेको पाइन्छ भौतिक विकासको दृष्किोणले बिजुली बत्ती, यातायात, बाटोघाटो, शिक्षा स्वास्थ्यका हिसावले पूर्ण पहुँच रहेको क्षेत्र हो। पछिल्लो समयमा आएर यहाँका कृषकहरूले आफूले गरेको खेतीपातीबाट मात्र जीविकोपार्जन गर्न असहज भए पश्चात विभिन्न किसिमका व्यवसायिक किसिमका नगदे वाली लगाउन थालेको पाइन्छ । पछिल्लो समयमा आएर प्याक्ट भन्ने गै.स.स.को सहयोगमा परम्परागत खेती प्रणालीको अलावा व्यवसायिक खेती तरकारी खेती, कुखुरापालन, मौरीपालन, गाईपालन, भैसी पालन जस्ता व्यवसाय अपनाउन थालेको पाइन्छ । यस क्षेत्रमा शुद्ध व्यवसायिक रूपमा ८० घरपरिवारले मात्र मौरीपालन व्यवसाय गरेको पाइयो । यहाँ उत्पादन भएको मह, मैन, कुट जस्ता बस्तुहरू बेच बिखन गर्नका लागि कृषकहरूले स्थानीय गजेहडा बजार, सदरमुकाम र केही आफ्ना छ्छ चिनजानका मानिसहरूले पनि बाहिर लैजाने गरेको पाइयो। यस व्यवसायबाट उनीहरूको आर्थिक अवस्था पनि सुध्रिएको, सामाजिक सम्वन्ध पनि राम्रो हुनुका साथै स्वास्थ्य, शिक्षामा पहुँच एवं वातावरणको अनुकुलन हुनुका साथै पोषक तत्व प्राप्त हुने भएको पाइयो। यस क्षेत्रका मौरी कृषकहरूमा जात जातिको हिसावले थारुहरूको घना बस्ती भएपनि अत्यधिक रूपमा ब्राहमण जातिको नै बाहुल्यता रहेको देखियो जसमा ९० जना ब्राहमण जसको ५६.२५ प्रतिशत रहेको र थारुहरू ५६ जना संलग्न भएको छ जसको ३५ प्रतिशत र क्षेत्री १४ जना जसको ८.७५ प्रतिशत रहेको पाइयो। बसोबासको हिसावले यहाँ अन्य जात जातिहरूको पनि रहेको पाइयो। महिला पुरुष मौरी कृषकहरू मध्ये महिला कृषकको संख्या ७९ जना अर्थात् ४९.३७ प्रतिशत रहेको छ भने पुरुष कृषकहरूको सख्या ८१ जना अर्थात् ५०.६३ प्रतिशत रहेकोमा यहाँ लैङ्गिक सहभागिताको हिसावले करिव करिव बरावर नै सहभागी रहेको पाइयो। शैक्षिक हिसावले हेर्दा यहाँका मौरी व्यवसायीहरू अधिकांश पढेलेखेका नै पाइयो । निरक्षरमा जम्मा १६ जना कृषकहरू रहेको पाइयो भने ४० जना साक्षर र एस.एल.सि पास गरेका ८८ जना र प्रमाणपत्र तह पास गरेका १६ जना रहेको पाइयो। यसरी समग्रमा ६५ प्रतिशत कृषकहरू पढेलेखेका नै रहेको पाइयो । भाषागत हिसावले अध्ययन क्षेत्रमा बाहुल्यता थारु समुदायको भएता पनि यो व्यवसाय अपनाउनेमा बाहुल्यता ब्राहमणको रहेको छ । जसमा ९० जना कृषकहरू ब्राहमण रहेको र दोस्रोमा थारु जातिको रहेकोमा थारुहरूले नगन्य रूपमा मात्र थारु भषा बोल्ने व्यवहार चलन चल्तीमा खस भाषा नै अर्थात् पाहाडिया भाषा नै बोल्ने गरेको पाइयो । पछिल्लो समयमा आएर पहाडियाहरूको मिक्स बस्ती हुनु एवं अत्यधिक रूपमा आधुनिकतातर्फ समाज अगाडि बढ्नु

एवं व्यवसायमा समेत पाहाडियाहरूसँग नै बढी सँगत भएका कारण थारुहरूले आफ्नो मातृ भाषालाई क्रमशः लोप गराउँदै गएको पनि देखिन्छ । यसरी यस क्षेत्रमा अत्यधिक मात्रमा थारुहरूको बस्ती भएपनि भाषा नेपाली नै बढी प्रयोग भएकोले भाषगत रूपमा कुनै समस्या भएको पाईएन । धार्मिक सन्दर्भमा उल्लेख गर्दा मौरीपालन गर्ने कृषकहरू मध्ये केही थारु भएका अन्य ब्राहमण, क्षेत्री मात्र रहेको पाइयो। जसमा सबै कृषकहरूको धार्मिक अवस्था हिन्दु धर्म नै रहेको पाइयो।

मौरीपालन गर्ने कृषकहरूको पेसालाई अध्ययन गर्दा अधिकांश मौरीपालन गर्ने कृषकहरूको मुख्य पेसा कृषि नै रहेको तर कोही कोहीले कृषि सँगै अन्य पेसा वा व्यवसाय पनि अंगालेको पाइन्छ । मौरीपालनमा जागिर र मौरीपालन पेसा अपनाउने कृषकको संख्या ४ अर्थात् ५ प्रतिशत, शुद्ध कृषि पेसा मात्र अपनाउने कृषक संख्या ४४ अर्थात् ५५ प्रतिशत, त्यस्तै मौरीपालन गर्ने कृषकहरूले मौरीको अलावा बैदेशिक रोजगार अपनाउने संख्या १२ अर्थात् १५ प्रतिशत र मौरीपालनका साथ साथै आधुनिक तरकारी खेती अपनाउनेको संख्या २० अर्थात् २५ प्रतिशत रहेको छ । यसर्थ यो पेसा अपनाउने मौरीपालन कृषकहरूमा अत्यधिक रूपमा यो पेसाका अलावा अन्य ब्यापार व्यवसाय गर्नेको संख्या न्यून रहेको पाइयो।

उमेरगत आधारमा हेर्दा यस व्यवसायमा ३० वर्ष उमेरदेखि माथि ६० वर्ष उमेरसम्मका कृषकहरू व्यवसायी संलग्न भएको पाइयो जसमा ३० वर्ष उमेरदेखि ४० वर्ष उमेर समूहका ४० जना अर्थात् २५ प्रतिशत, ४१ वर्ष उमेर देखि माथि ५० वर्ष उमेर समूहका ८० जना अर्थात् ५० प्रतिशत, ५१ वर्ष उमेर देखि माथि ६० वर्ष उमेर समूहका ३० जना अर्थात् १८.७५ प्रतिशत, ६१ वर्ष उमेर समूह भन्दा माथिका १० जना अर्थात् ६.२५ प्रतिशत यस व्यवसायमा संलग्न भएको अनुसन्धानबाट पाइयो ।

यस बाँणगंगा न.पा. वडा.नं ५, ६ र ७ का मौरीपालन गर्ने व्यवसायीहरूमा यस व्यवसायमा संलग्न भए पश्चात विभिन्न तालिम लिएर नेतृत्व लिन सक्ने क्षमताको विकास गरेका छन् । यस क्षेत्रका सम्पूर्ण मौरीपालन व्यवसायको नेतृत्व लिने अगुवा कृषक होम बहादुर न्यौपाने र फरहरी चौधरी रहनु भएको छ । सख्यात्मक रूपमा महिला र पुरूष बरावर नै भएपनि नेतृत्वमा भने पुरुषनै रहेको पाइयो। जसमा पनि पुरुष बर्चश्वको गन्ध देखियो। सरसफाईको दृष्टिकोणले भने यहाँ हरेक शनिवार सबै व्यवसायीहरू एकजुट भएर आफ्नो घर आँगन, बाटो, घाटो पाटी पौवा जस्ता सामाजिक स्थलहरूमा सरसफाई गर्ने

गरेको पाइयो। मौरीमा विभिन्न किसिमका रोग र किराहरूको प्रकोप बढी हुने भएकोले पनि सरसफाईमा बढी ध्यान दिने गरेको पनि पाइएको छ । जसले गर्दा यहाँका मौरीहरूको स्वस्थ्य स्थिति राम्रो र बलियो रहेको छ । यहाँका मौरीपालन गर्ने व्यवसायीहरू मनोरञ्जनका हिसावले एकअर्कोमा मेलमिलाप गर्दे चाडपर्व, विवाह, व्रतवन्ध, मृत्यु संस्कारहरू गर्ने गर्दछन्। मनोरञ्जनका लागि कृषकहरू अझ साँगठनिक रूपले अघि बढी जातजाति नहेरी ठट्टा मजाक, नाचगान पनि गर्ने गर्दछन्। यहाँका मौरी कृषकहरू कसैको घरमा केही विशेष सामाजिक काम भयो भने सबै त्यही घरमा भेला भई रमाईलो गर्ने गर्दछन्। यस बाँणगंगा न.पा. का विभिन्न स्थानमा समयमा विभिन्न किसिमका साँस्कृतक झाकी जस्तै थारु महोत्सव, मोहरम, दशैमा सराय नाच, थारुको गोरिया माई मेला आदि लाग्ने गरेको उक्त कार्यक्रमहरूमा यस वडा.नं ५, ६ र ७ का मौरी कृषकहरू सामुहिक रूपमा सहयोग आदान प्रदान एवं मनोरञ्जन गर्ने गरेको पाइयो। जीवनमा बाँच्न संघर्ष गर्नुपर्दछ । त्यही संघर्षमय जीवनमा रमाईलो गरी बाँच्नु पर्दछ भन्ने यहाँका मौरीपालन व्यवसायीहरूको धारणा रहेको र सोही अनुसार मेलमिलाप गर्दै कामहरू गर्दै आईरहेको अनुसन्धानबाट देखियो।

यस बाँणगंगा न.पा. वडा.नं ५, ६ र ७ का मौरीपालन गर्ने व्यवसायीहरूमा पनि आफ्नो जात र परम्परा अनुसार धर्म र रीतिरिवाजहरू मनाउने गर्दछन्। धार्मिक आधारमा पाप र पुण्डयका आधारमा कुकर्महरूलाई हतोत्साहित र सुकर्महरूलाई प्रोत्साहित गर्ने गरिन्थ्यो त्यस्तै यहाँका मौरीपालन गर्ने कृषकहरूले यस व्यवसायको माध्यमबाट धर्म र संस्कारहरूलाई सकारात्मक रूपले अगाडि बढाउन प्रयासरत रहेका देखियो। यहाँका मौरीपालन व्यवसाय गर्ने कृषकहरूको राजनैतिक अवस्था त्यति सक्रिय रहेको पाइएन । आजको समयको माग भनेको अर्थ र व्यवसायको युग हो। गतिशिल समाजको अभिन्न अंग भनेको व्यवसाय नै हो। कुनैपनि समाजको उन्नती र प्रगतिको लागि आर्थिक प्रगति अत्यन्त जरुरी छ । त्यसको लागि हाम्रो जस्तो ६५ प्रतिशत जनता कृषि पेसामा लागेको मूलुकमा आर्थिक क्रान्ति भनेको कृषि क्रान्ति नै हो। कृषिका लागि नयाँ नयाँ तरिका अपनाएर जैविक प्रविधिबाट धेरै उत्पादन गरी व्यवसायीकरण गर्न सकेमा अवश्य पनि त्यहाँको उन्नती हुने निश्चित छ तर यस बाँणगंगा न.पा.वडा.नं ५, ६ र ७ मा भने अत्यधिक रूपमा उर्वर जमिन हुँदा हुँदै पनि कृषिको व्यवसायीकरण नहुँदा जमिन त्यसै खेर गई बाजो रहेको अवस्था छ यद्यपी हाल यस मौरीपालन व्यवसायबाट केही न केही रूपमा कृषि प्रणालीलाई

व्यवसायीकरण गर्नु पर्दछ भन्ने भावनाको विकास भएको पाइयो। मौरीपालन व्यवसायलाई पनि अझ राम्रोसँग थप तालिम उपलब्ध गराई उपभोक्ताको माग अनुसार अगाडि बढाउन सकेमा अवश्य पनि फाईदा हुने देखिन्छ । यस व्यवसायलाई नाफामुखी बनाउनका लागि मौरी कृषकहरू र अन्य कृषकहरूबीचमा जनचेतनामूलक कार्यक्रमहरू ल्याउनुपर्ने टड्कारो आवश्यकता देखिन्छ । यहाँका मौरीपालन गर्ने कृषकहरूलाई अहिले बाँणगंगा न.पा. कृषि शाखा, जिल्ला मौरी संघ कपिलवस्तु एवं जिल्ला कृषि कार्यालय कपिलवस्तुले प्राविधिक खटाएर आवश्यक सरसल्लाह दिईरहेको देखिन्छ भने अव आउदा दिनहरूमा यस व्यवसायको बढावाको लागि अन्य सरकारी तथा गैरसरकारी छठ संघसंस्थाहरूले अधिकतम चासो दिएर थप सुविधा, तालिम प्रदान गरी यस व्यवसाय तर्फ अन्य कृषकहरूलाई पनि आकर्षित गराउनु जरुरी छ । मौरीपालन व्यवसायको लागि यस वडाको वातावराण पनि उपयुक्त रहनुको साथै माटोलाई सुहाउदो प्रविधि, सिंचाई पुग्न जरुरी छ ।

## ६.२ निष्कर्ष

यस अध्ययनको निष्कर्षलाई निम्न प्रकारले उल्लेख गर्न सकिन्छ ।

१) यस बाँणगंगा न.पा.वडा.नं ५, ६ र ७ मा रहेका मौरीपालन व्यवसाय गर्ने कृषकहरूको घरधुरी ८० रहेको छ । जसमा थारु, ब्राहमण र क्षेत्री गरी सबै १०० प्रतिशत हिन्दु धर्म मान्ने उत्तरदाता रहेका छन्। यसले अनुसन्धान क्षेत्रको धार्मिक अवस्थामा हिन्दु धर्मको बर्चश्व रहेको छ ।

२) अध्ययन क्षेत्रका मौरीपालन व्यवसाय गर्ने कृषकहरूमा ब्राहमण ५६.२५ प्रतिशत, थारु ३५ प्रतिशत र क्षेत्री ८.७५ प्रतिशत रहेका छन । यस क्षेत्रमा थारुहरूको बाहुल्यता भएपनि व्यवसायमा भने भरखरै भरखरै मात्र प्रवेश गरेको र यिनीहरूले पनि नेपाली भाषा नै बढी प्रयोग गर्ने गरेको पाइयो।

३) यस वडा भरखर भरखर मात्र नगरपालिका भित्र पर्ने भएको र यहाँका मानिसहरूको बस्ती अझै पनि ग्रामीण बस्ती नै भएको पाइयो। यहाँको मुख्य पेसा पनि कृषि नै रहेको छ । यहाँका मौरीपालन गर्ने व्यवसायीहरू यो व्यवसाय गनुभन्दा पहिले गुजारामुखी कृषि नै गरेको र हाल आएर यो व्यवसाय शुरुवात गरेपछि व्यवसायिकता तर्फ उन्मुख भएको पाइयो । यस क्षेत्रका मौरी कृषकहरूमा ४४ जना कृषकहरूको शुद्ध कृषि पेसा अपनाई आफ्नो जीविका चलाएको पाइन्छ । जसको

प्रतिशत ५५ रहेको छ त्यसै गरी कृषि पेसा सँगसगै बैदेशिक रोजगार अपनाउनेको संख्या १२ अर्थात् १५ प्रतिशत रहेको छ । त्यस्तै गरी कृषि पेसा सँगसँगै आधुनिक तरकारी खेती पनि अपनाउनेको संख्या २० रहेको अर्थात् २५ प्रतिशत रहेको छ भने कृषिका अलावा सरकारी जागीर गर्नेको संख्या ४ अर्थात् ५ प्रतिशत रहेको देखिन्छ। त्यसैले मौरीपालन व्यवसायलाई मुख्य पेसाको रूपमा लैजानको लागि मौरी कृषकहरू उत्सुक त छन् तर आफ्नो भएको खेत बाँझो रहने डरले यस पेसालाई साईड पेसाका रूपमा लिने गरेको बताउछन्।

४) मह र मैनलाई चोखो र धार्मिक बस्तुको रूपमा लिने भएपनि दलित जातिले उत्पादन गरेको मह पनि अरु जातिले सजिलै प्रयोग गर्ने गरेको अध्ययनमा देखिएको छ ।

५) यस व्यवसायमा संख्यात्मक रूपमा महिला र पुरुष करिव करिव बरावर भएपनि नेतृत्व लिने सवालमा सुरुषहरू नै बढी अगाडि रहेको पाइयो।

६) थोरै लगानीमा धेरै फाईदा लिन सकिने र यसको लागि धेरै जग्गा जमिन पनि नचाहिने भएकोले कम जग्गाजमिन भएको मानिसले पनि सजिलै यो पेसालाई अवलम्वन गर्न सकिने अध्ययनबाट देखिएको छ ।

७) यो व्यवसाय सुरुवात गर्दा कृषि ज्ञान केन्द्र कपिलवस्तु लगायतबाट तालिम लिनुका साथै गोर्खा बी छड कन्सर्न उद्योग रामनगर चितवनबाट मौरी घार ल्याई जिल्ला कृषि विकास कार्यलयको प्राविधिक सहयोगमा व्यवसाय सुरुवात गरी बिस्तारै बिस्तारै अन्य स्थानीय मौरी कृषकहरूबाट समेत मौरी घार किनेर ल्याउने गर्नाले घारको संख्यामा ब्यापक वृद्धि गरेको अध्ययनबाट देखियो। जसले गर्दा पनि यस व्यवसायमा त्यहाँका कृषकहरू अझ बढी व्यवसायिक रूपमा अगाडि बढिरहेको देखियो।

८) त्यहाँका मौरीपालन गर्ने कृषकहरूलाई बाँणगंगान.पा. र कृषि ज्ञान केन्द्र कपिलवस्तुको तालिम र केही मौरी घार सहयोग मिलेको सो बाहेक अन्य त्यस्तो केही आर्थिक सहयो कहि कतैबाट प्राप्त नभएको कुरा उल्लेख गरेका छन ।

९) अध्ययन क्षेत्रमा मौरीपालन व्यवसायबाट प्राप्त आम्दानीमा महिलाको भन्दा पुरुषको पहुँच बढी हुने देखिएको छ । हरेक शनिबार सबै मौरीपालन व्यसायिहरू एकठाउँमा

जम्मा भई सार्वजनिक बाटोघाटो सरसफाई गर्ने एवं प्रति व्यवसायीले रु. १०० जम्मा गरी सामाजिक कार्यमा लगाउने कार्यले उनीहरू सामाजिक उत्तरदायित्व प्रति सजक रहेको पनि अध्ययनबाट पाइयो।

१०) मौरीपालन व्यवसाय गर्ने कृषकहरूलाई तालिम अवधि थोरै भएपनि यसबाट उत्पादनमा खासै असर नपरेको पनि उनीहरूको भनाई रहेको पाइयो।

११) यस बाँणगंगा न.पा. वडा.नं. ५, ६ र ७ को भौगोलिक वातावरण मौरीपालन व्यवसायको लागि उपयुक्त भएको पाइयो ।

# सन्दर्भ सामग्री


अधिकारी, जगन्नाथ र घिमिरे, शंकर *वातावरणीय न्याय,* काठमाण्डौ : मार्टिन चौतारी ।

इसिमोड, (२००४), *एपिस सेरानामा रानु उत्पादन प्रशिक्षण श्रोत,* काठमाण्डौ : खुमलटार।

ए.पि.आई. (२०६०),*नेपाल बिजर्नल :इसिमोड,* नेपाल ।

एन.आर.एस.पि. (२०६०), *नेपालमा मौरी खेती,* काठमाण्डौ : नयाँ बसपार्क ।

ए.पि.पि. (१९९३),*Agriculture planning process,* नेपाल ।

के, भेनकेटा (२००४), *Agriculture and rural development,*काठमाण्डौ : नेपाल ।

गुरुङ्ग, कृष्ण (१९८३), *Bee keeping is a source of income*(एम.ए. सोधपत्र), अर्थशास्त्र बिभाग, पोखरा ।

जुन, जुलाई (१९९८), *Bee keeping and development,* यू.के पब्लिसर ।

टेन्डेम (१९७९), *Honey for health,* ग्रेट ब्रिटेन युनिभर्सल टेन्डेम बर्नाड प्रिण्टिङ्ग प्रेश ।

थापा, सिर्जना (२०७६), *कास्की जिल्लाको अर्मला गा.वि.स.मा मौरी खेतीबाट कृषकमाथी पारेको सामाजिक र आर्थिक प्रभाव*(अप्रकाशित सोधपत्र), मानविकी तथा समाजशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

पौडेल, मेहरमान (२०४२), *Method of assisment rural proverty project and program impact.*

पर्याबरण (२०६२),*वातावरणीय न्याय,* काठमाण्डौ : नेपाल ।

बुढाथोकी (२०६२), बजारमुखी अर्गानिक र वेमौसमी तरकारी खेती प्रविधि ।

भट्टराई, नरेन्द्रनाथ (२०५९), *परमात्मको दर्शन,* मोडर्न प्रिण्टिङ्ग प्रेश, जमल, काठमाण्डौ ।

यू.के. (१९९८), *Bee keeping and development,* यू.के पब्लिसर्स ।

रेड्यी (२००१),*Agriculture and rural development,* काठमाडौ नेपाल ।

Aryal, B. (2068). *Social change and development studies.* Kathmandu: Gyankung Publication, Kritipur.

Cain & Ma, Nicoll (1988). Livelihoods diversification and agarainchange.

DFID (1999).*Sustainable livelihood guidence sheet. Section:2,* Department for International Development, London.

Ellis, Frank (1999). *Rual livelihood deversity in developing countries: Evience and policy implication,* London UK: Overseas Development Institute.

Ellis, Frank (1998). Household strategies and rural livelihood diversification. *Journal of Development Studies*, 35(1).

FAO & World Bank (2011). *Farming system and poverty: improving farmer's livelihoods in changing world.* available at Retrieved Agust 21, 2013, from ftp://ftp. faoorg/docrep/fao/004/ac3493000.pdf

Gurung, G. (1998). *The chapang a study in continue and change.* Kathmandu: Lalitpur.

Hussenm K. & J. Nelson (1998). Sustainable levelihoods and livelilhoods diversification IDS working paper 69.

Manaktala, & Dixit, P. (2005). *Livelyhood analysis in the Rayagoda Block of the Gajapati District,* Orisa Report Submitted: Internatioal Development (ICCD).

Piya, L., Maharjan, K.L.& Joshi, N.P. (2011). Livelyhood Strategies of Indigenious Nationalities in Nepal: Case of Chepang's. *Journal of Internatioal Development and Cooperation.*17(2), 99-113.

Sem, A. (1999). *Development as freedom.* New York: Alfred A. Knopf.

# अनुसूची

## प्रश्नावली अनुसूची

**मौरीपालन व्यवसायबाट कृषकको जीविकोपार्जनमा पारेको सामाजिक प्रभावकपिलवस्तु जिल्लाको बाँणगंगा न.पा.वडा.नं ५ मा आधारित एक अध्ययन**

**१) उत्तरदाताको व्यक्तिगत विवरण**

नाम र थर : जात : धर्म :

ठेगाना :........................ जिल्ला : ........................ वडा नं: ..........

**२) पारिवारिक विवरण**

| क.सं | लिङ्ग | उमेर | बैवाहिक स्थिति | शिक्षा | पेसा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

| क.सं | प्रश्नहरू | उत्तरहरू |
|---|---|---|
| ३. | तपाईको परिवारको मुख्य पेसा के हो ? | १) गुजरा खेती २) व्यापार ३) जागीर ४) अन्य |
| ४ | तँपाइले यो पेसा किन अपनाउनु भयो ? | १) आर्थिक उपार्जन गर्न २) जीविका निर्वाहाको लागि । |
| ५ | यो पेसा बाहेक अन्य पेसा पनि अपनाउनु भएको छ की ? | १) अपनाएका छौ २) अपनाएका छैनौ । |
| ६ | तपाईको परिवारमा कतिजना सदस्य हुनुहुन्छ ? | १) ...... जना २) ......जना ३)......... जना |

| | | |
|---|---|---|
| ७ | तपाईले गरेको पेसाले तपाईको जीविकोपार्जन भएको छ कि छैन ? | १) भएको छ २) भएको छैन |
| ८ | त्पाईको छिमेकीहरूको जीविकोपार्जनको मुख्य पेसा के हो ? | १) गुजरा खेती २) व्यापार ३) जागीर ४) मौरीपालन |
| ९ | तपाईले यो मौरीपालन व्यवसाय कहिले देखि सुरु गर्नु भयो ? | १) ...... बर्ष पहिले २) ......बर्ष पहिले ३).......... बर्ष पहिले |
| १० | तपाईले यो व्यवसाय गर्दा अन्य छिमेकीहरूले यो पेसा गरेका थिए कि थिएनन् ? | १) गरेका थिए २) गरेका थिएनन् |
| ११ | यदि कृषक भए तपाई कुन खेती गर्नुहुन्छ ? | १) तरकारी २) मौरीपालन ३) पशुपालन ४) अन्य |
| १२ | तपाईले मौरी पालन गर्ने प्रेरणा कहाँबाट पाउनु भयो ? | १) सञ्चार क्षेत्र २) संघसंस्था ३) छरछिमेक ४) अन्य |
| १३ | मैरी सम्बन्धी कुनै तालिम लिनु भएको छ कि छैन ? | १ ) छ<br>२) छैन |
| १४ | यदी तालिम लिनु भएको छ भने कहाबाट लिनु भएको हो ? | १) केन्द्रीय मौरी संघ काठमाडौ २) जिल्ला कृषि बिकास कार्यालय कपिलवस्तु ३) कृषि ज्ञान केन्द्र कपिलवस्तु ४) जिल्ला मौरी संघ ५) बाँणगंगा न.पा |
| १५ | तपाईले कति दिनको तालिम लिनु भएको छ ? | १)......दिन<br>२) ......महिना |
| १६ | तालीममा कस्को सहभागिता बढी हुन्छ ? | १) महिला २) पुरुष ३) दुवै |
| १७ | तपाईले पालेको मौरी कुन जातको हो ? | १) एपि सेराना २) एपिस मेलिफेरा ३) कठ्यौरी ४) अन्य |
| १८ | मौरी र मौरीको घार कहाँबाट ल्याउनु भयो ? | १) जिल्ला मौरी संघ कपिलवस्तु २) प्याक्ट (गैससं) ३) गोदावरी ४) अन्य (ईष्टमित्र) |

| | | |
|---|---|---|
| १९ | शुरुमा कतिवटा घार ल्याउनु भयो ? | १)................घार |
| २० | मौरी सहित घार किन्दा प्रति घारको कति रूपैया तिर्नु भयो ? | रु..............प्रति घार |
| २१ | शुरुमा ल्याएको घारमा कति घार थप घट गर्नु भयो ? | १) छ<br>२) छैन |
| २२ | मौरीलाई चास्नी दिनुहुन्छ कि हुँदैन ? | १) दिन्छु २) दिदैन |
| २३ | यदि चास्नी दिनुहुन्छ भने कुन ऋतुमा दिनुहुन्छ ? | १) बर्षा २) सरद ३) हेमन्त ४) बसन्त ५) अन्य |
| २४ | चास्नी दिंदा घरमा कस्को सहभागिता हुन्छ ? | १) महिला २) पुरुष |
| २५ | तपाईले मौरी पालन गर्नुको उद्देश्य के हो ? | १) आफ्नै प्रयोजनका लागि मह उत्पादन २) मह बेच्न ३) घार बेच्न ४) अन्य |
| २६ | मह/घार बेच्न कहाँ लैजानुहुन्छ ? | १) घरबाटै २) तौलिहवा ३) बुटवल ४) स्थानीय गजेहडा बजार |
| २७ | उत्पादित मह घारले बजार पाउन कठिन पर्छ कि पर्दैन । | १) पर्छ<br>२) पर्दैन । |
| २८ | १ बर्षमा कति किलो मह वा कतिवटा घार बेच्नुहुन्छ ? | १)..........किलो<br>२) .........किलो |
| २९ | मह वा घार बेचेर आएको आम्दानी कसले राख्नुहुन्छ ? | १) पुरुष सदस्य<br>२) महिला सदस्य |
| ३० | मौरीपालन बाहेक अन्य आम्दानीको श्रोत छ कि छैन ? | १) छ<br>२) छैन |
| ३१ | यदि छ भने महिनामा कति आम्दानी गर्नुहुन्छ ? | रु.............। |
| ३२ | त्यो आम्दानी के मा खर्च गर्नुहुन्छ ? | १) कपडा २) भाडाकुँडा<br>३) रेडियो टि.भि ४) अन्य |

| | | |
|---|---|---|
| ३३ | खर्च गरेर बचेको पैसा काहाँ बचत गर्नु भएको छ कि छैन ? | १) घरमा २) बैंकमा ३) साँपटी दिएको ४) समुहमा ५) अन्य |
| ३४ | मह/घार व्यवस्थापन गर्नका लागि कुनै समिति बनाउनु भएको छ की छैन ? | १) छ<br>२) छैन |
| ३५ | यदि समिति बनाउनु भएको भए समितिलाई पारिश्रमिक दिनुहुन्छ की हुन्न ? | १) दिन्नौ<br>२) दिन्छौ |
| ३६ | तपाईले उत्पादन गरेको महलाई बिदेशमा निर्यात गरे को पाउनुभएको छ ? | १) छ<br>२) छैन |
| ३७ | मह बेच्ने बाहेक अन्य कुन कुन कार्यमा प्रयोग गर्नुहुन्छ ? | १) औषधी २) पितृकार्य ३) पूजा ४) अन्य |
| ३८ | मौरीपालन व्यवसायमा कुनै रोग वा किराले दुख दिन्छ कि दिदैन ? | १) दिन्छ<br>२) दिन्न |
| ३९ | यदि रोग वा किराले दुख दिन्छ भने, कुन रोग वा किर ाले दुख दिन्छ ? | १) सुलसुले २) कमिला<br>३) खपटे ४) अन्य |
| ४० | तपाईको मौरीलाई रोग, किरा लागेमा आफै समस्याको समाधान गर्नुहुन्छ कि प्राविधिकको सल्लाह लिनुहुन्छ ? | १) आफै गर्छौ<br>२) प्राबिधिकको सल्लाह लिन्छौ । |
| ४१ | मैरी पालन पछि कुनै संघ सस्थामा लगानी गर्नु भएको छ कि छैन ? | १) छ<br>२) छैन । |
| ४२ | यदि गर्नु भएको छ भने के मा लगानी गर्नु भएको छ ? | १) तरकारी खेती २) पशुपालन ३) समुह ४) सहकारी ५) अन्य । |
| ४३ | यदि तपाईकौ मौरीपालन समुह छ भने तपाईहरूले बसेर एक आपसमा गोष्ठी, सेमिनार, छलफल, अर्न्तक्रिया गर्नुहुन्छ कि हुँदैन ? | १) गर्छौ<br>२) गर्दैनौ |
| ४४<br><br>४५ | यदि गर्नुहुन्छ भने त्यहाँ कस्को बढी सहभागिता हुन्छ ?<br>तपाईहरूको गाउँको समुहहरू मिलेर अन्य | १) महिला सदस्यहरू<br>२) पुरुष सदस्यहरू<br>१) गएका छौ |

| | | |
|---|---|---|
| | गाउँको मौरीपालन समुहमा गएर अवलोकन गर्नु भएको छ ? | २) गएका छैनौ । |
| ४६ | भ्रमण गर्नु भयो भने कुन कुन ठाउँमा गर्नुभयो ? | १) काठमाण्डौ २) चितवन ३) दाङ्ग । |
| ४७ | तपाईलाई यस व्यवसायले के के कुरामा प्रभाव पारे जस्तो लाग्छ ? | १) घरायसी खर्च २) पितृकार्य ३) सामाजिक खर्च ४) अन्य |
| ४८ | यो व्यवसाय गरेपछि तपाईलाई छिमेकी र ईष्टमित्रले हे र्ने दृष्टिकोणमा कस्तो परिवर्तन आएको छ ? | १) सकारात्मक<br>२) नकारात्मक |
| ४९ | यो व्यवसाय मात्र गरेर तपाईलाई आत्म निर्भर बन्न सक्छु जस्तो लाग्छ कि लाग्दैन ? | १) लाग्छ<br>२) लाग्दैन |
| ५० | यो व्यवसाय गरेपछि तपाईका छोराछोरीले पढने स्कूलमा केही परिवर्तन आएको छ कि छैन ? | १) छ<br>२) छैन । |

५१) तपाईले यो व्यवसायमा लागेपछि जीविका निर्वाहामा के कस्तो परिवर्तन पाउनु भयो ?

.......................................................................................................

५२) व्यवसायिक रूपमा तपाईले यो खेती अपनाउदा आईपर्ने समस्याहरू के के हुन ?

.......................................................................................................

५३) मौरी पालन व्यवसायमा महिला र पुरुषको सहभागिता बरावर बनाउन के के गनुपर्छ ?

.......................................................................................................

५४) यो व्यवसाय गर्नु भन्दा पहिला र अहिलेको अवस्थामा के परिवर्तन भयो ?

.......................................................................................................

५५) यस व्यवसायमा लाग्न चाहने अन्य मानिसहरूलाई केही सल्लाह सुझाव दिन चाहनुहुन्छ ?

.......................................................................................................